सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ फागुन २०८१, आइतबार (23 Feb 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३०८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पाँच लाख २२ हजार विद्यार्थी एसइई दिँदै

गत वर्षको तुलनामा परीक्षार्थी बढे, परीक्षा केन्द्र घटे



०८० को एसइईमा सहभागी विद्यार्थी



● **विष्णु ज्ञवाली**, डेपुटी कन्ट्रोलर, परीक्षा बोर्ड

गत वर्ष परीक्षा केन्द्र धेरै थिए, तर केन्द्रमा विद्यार्थी संख्या कम थियो । यसपालि हरेकमा २५० विद्यार्थी पुग्ने गरी केन्द्र तोकेका छौं ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

७ चैतदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) दिन पाँच लाख २२ हजार विद्यार्थीले फारम भरेका छन् । राष्ट्रिय परीक्षा बोर्डले एकीकृत गरेको तथ्यांकअनुसार नियमिततर्फ चार लाख ७० हजार र ग्रेडवृद्धितर्फ ५२ हजारले फारम भरेका हुन् । तर, विभिन्न कारणले परीक्षामा सहभागिता संख्या केही घट्न सक्ने विगतका अनुभवले देखाउँछ । गत वर्ष पाँच लाख चार हजार ४१४ विद्यार्थीले फारम भरेकामा चार लाख ७५ हजार २९८ मात्रै परीक्षामा सहभागी भएका थिए ।

७७ वटै जिल्लाबाट संकलन गरिएको एकीकृत तथ्यांकअनुसार यसपालि गत वर्षभन्दा १७ हजार ५८६ बढी अर्थात् पाँच लाख २२ हजार विद्यार्थीले फारम भरेको परीक्षा बोर्डका डेपुटी कन्ट्रोलर विष्णु ज्ञवालीले जानकारी दिए । तर, विद्यार्थी संख्या बढ्दा परीक्षा केन्द्र भने गत वर्षको भन्दा ३० कम राखिएको छ । गत वर्ष दुई हजार ६४ परीक्षा केन्द्र तोकिएकामा यसपालि दुई हजार ३४ मात्रै राख्ने निर्णय भएको छ ।

गत वर्ष हरेक केन्द्रमा तोकिएअनुसार विद्यार्थी नभएकाले यसपालि हरेकमा २५० विद्यार्थीले परीक्षा दिने गरी व्यवस्थापन भएकाले केन्द्रको संख्या कम गरिएको ज्ञवालीले बताए । 'गत वर्ष परीक्षा केन्द्र धेरै थिए, तर केन्द्रमा विद्यार्थी संख्या कम थियो । यसपालि हरेकमा २५० विद्यार्थी पुग्ने गरी केन्द्र तोकेका छौं,' उनले भने ।

काठमाडौंमा हरेक वर्ष सबैभन्दा बढी परीक्षा केन्द्र रहन्छन् । यसपटक पनि झन्डै १३० परीक्षा केन्द्र काठमाडौंमै रहनेछन् । मनाङ र मुस्ताङमा विद्यार्थी कम हुने भएकाले केन्द्र संख्या पनि कम हुन्छ ।

बोर्डले यसपटकको एसइई परीक्षामा ३० हजार सुरक्षाकर्मीसहित कुल ७५ हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको छ । सुरक्षाकर्मीबाहेक केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक निरीक्षक र कार्यालय सहयोगी रहेछन् । बोर्डका अनुसार एउटा परीक्षा केन्द्रमा सबै जनशक्ति गरी कम्तीमा ४० जना खटिनेछन् । सुरक्षा संवेदनशील केन्द्रमा भने योभन्दा बढी जनशक्ति परिचालन गर्न सकिने अध्यक्ष शर्माले बताए ।

यसपटक फरक तरिकाबाट प्रश्नपत्र निर्माण

एसइई सुरु हुन अब एक महिना मात्रै बाँकी छ । बोर्ड अध्यक्ष महाश्रम शर्माका अनुसार सबै प्रश्नपत्र पनि तयार भइसकेका छन् । छपाइ सकेर प्याकिङको काम भइरहेको, केही दिनमै प्रदेश हुँदै स्थानीय तहमा पुऱ्याइने र परीक्षाको मितिअनुसार परीक्षा केन्द्रमा प्रश्नपत्र पठाउने उनले बताए ।

बोर्डले प्रश्नपत्र निर्माण गर्दा पनि यसपालि फरक तरिका अपनाएको छ । यसअघि सबै प्रश्नपत्र केन्द्रबाटै तयार पारिन्थ्यो । यसपालि भने प्रदेश तहबाट पनि शिक्षकले निर्माण गरेको प्रश्नपत्र तयार पारिएको छ । केन्द्र र प्रदेश तहबाट आएका प्रश्नहरू काँटछाँट गरेर अन्तिम रूप दिइएको अध्यक्ष शर्माले बताए । बोर्डले परीक्षा सञ्चालन र प्रश्नपत्र निर्माणका लागि एक महिनाअघि नै शिक्षकहरूलाई तालिमसमेत दिएको थियो । शर्माका अनुसार परीक्षा सकिएपछि उत्तरपुस्तिका पनि प्रदेशहरूमा जाँच र सम्परीक्षण गरिनेछ ।

केन्द्र र प्रदेशको समन्वयमा परीक्षा सञ्चालन

एसइई परीक्षा सञ्चालन पनि केन्द्र र प्रदेशको समन्वयमा हुँदै छ । प्रश्न र उत्तरपुस्तिकाको हकमा केन्द्रले तयारी गर्ने र अन्य तयारी प्रदेशले गर्नेछ । बोर्ड अध्यक्ष शर्माका अनुसार प्रश्नपत्र तयार पार्ने, ढुवानी गर्ने, तथ्यांक अद्यावधिक गर्ने र नतिजा प्रकाशनको काम बोर्डले गर्छ भने अन्य काम प्रदेश तहलाई बाँडिएको छ ।

'प्रश्नपत्र पठाउने जिम्मा बोर्डको हो, अन्य काम प्रदेश परीक्षा व्यवस्थापन समितिले गर्छ, आफ्नो प्रदेशमातहत रहेका विद्यालयमा समन्वय गर्ने, केन्द्रहरूमा उत्तरपुस्तिका उपलब्ध गराउने तथा संकलन गर्ने, जिल्ला परीक्षा समन्वय समिति बनाउने र प्रश्नोत्तर परीक्षण गराउनेसम्म प्रदेशले नै गर्छ,' उनले भने, 'तथ्यांक विश्लेषण गरेर नतिजा केन्द्रले निकाल्छ । परीक्षाको वेला बोर्ड र प्रदेश मिलेर अनुगमनलगायतका काम पनि गर्छन् ।'

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेप्सेसहित चार संस्थानका पदाधिकारी नियुक्ति कार्यविधि नै खारेज, निर्णय गोप्य

दक्ष व्यक्ति नियुक्त गर्न बनाइएको कार्यविधि खारेज गरी 'आफ्ना मान्छे' भर्तीका लागि बाटो खुला

● **श्यामप्रसाद भण्डारी**
प्रवक्ता, अर्थ मन्त्रालय



कार्यविधि खारेजी नयाँ वा कुनै असामान्य विषय होइन, यस विषयमा थप बोल्नुपर्ने केही छैन ।

● **विमल वाग्ले**, पूर्वसचिव



संस्थानको कार्यकारी प्रमुख नियुक्तिमा सरकारले योग्य व्यक्ति छनोट गर्ने मनसाय राख्नुपर्छ । आफ्नालाई नियुक्ति गर्ने होइन ।

● **डा. मुकुन्द पौडेल**, पूर्वसचिव



राजनीतिक तजबिजी रहने गरी मापदण्ड बनाउँदा योग्य उम्मेदवार नियुक्त हुन सक्दैन । योग्य व्यक्ति ल्याउन पारदर्शिता चाहिन्छ ।


पवन तिमिल्सिना / नयाँ पत्रिका

आफ्नै बहुमत सेयर रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) धराशयी हुने गरी स्वार्थ समूहलाई नयाँ स्टक एक्सचेन्जको लाइसेन्स दिन सक्रिय सरकारले नेप्सेलगायत चार संस्थानका कार्यकारी प्रमुख तथा पदाधिकारी नियुक्त गर्न बनाइएका कार्यविधि नै खारेज गरिदिएको छ । अर्थमन्त्री विष्णु पौडेलले नेप्सेसहित धितोपत्र बोर्ड, निक्षेप तथा कर्जा सुरक्षा कोष र नागरिक लगानी कोषमा विषय विज्ञता भएका दक्ष व्यक्तिलाई कार्यकारी प्रमुख र पदाधिकारी नियुक्त गर्न

» पृष्ठ २ मा क्रमशः

निर्णय डेढ महिनादेखि गोप्य, सम्बन्धित संस्थान समन्वयन गर्ने महाशाखालाई समेत एक महिनापछि मात्रै जानकारी











चार संस्थानका कार्यकारी प्रमुख र पदाधिकारी नियुक्तिसम्बन्धी कार्यविधि एकैचोटि खारेज गरेर डेढ महिनासम्म निर्णय सार्वजनिक नगरिनुले पनि सरकारको चलखेल स्पष्ट हुन्छ । नयाँ पत्रिकालाई प्राप्त डकुमेन्टअनुसार मन्त्रीस्तरीय निर्णयबाट कार्यविधि २४ पुसमै खारेज गरिएको थियो, जुन अर्थ मन्त्रालयले अझैसम्म गोप्य राखेको छ । यति मात्र होइन, सम्बन्धित संस्थानहरू समन्वयन गर्ने वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखालाई समेत एक महिनापछि मात्रै जानकारी गराएको पुष्टि भएको छ । मन्त्रालयले कार्यविधि खारेजीको निर्णयबारे महाशाखालाई २९ माघमा मात्रै पत्राचार गरेको हो ।

कार्यविधि खारेज गरिएका चार संस्थानमध्ये अहिले नेप्सेमा मात्रै सिइओ पद रिक्त छ । 'नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७४' मा नेप्सेको सिइओ हुन अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानुनमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण हुनुपर्ने मापदण्ड थियो । पुँजी बजार, उद्योग वाणिज्य, वित्त, कानुन, व्यवस्थापनमध्ये कुनै एक क्षेत्रको व्यवस्थापन तहमा कम्तीमा पाँच वर्षको अनुभव भएको व्यक्तिले मात्रै आवेदन दिन पाउने मापदण्ड थियो । त्यस्तै, कालोसूचीमा नपरेको र दलमा आबद्ध नभएको स्वघोषणासमेत गर्नुपर्ने प्रावधान थियो । त्यस्तै, नेप्सेलगायत चारै संस्थानसम्बन्धी कार्यविधिमा कार्यकारी प्रमुख र पदाधिकारीका लागि अयोग्य हुने अवस्था पनि स्पष्ट थियो । गैरनेपाली नागरिक, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागुऔषध कारोबार, पुरातात्त्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको व्यक्ति नियुक्त गर्न नमिल्ने उल्लेख थियो । तर, अब कार्यविधि नै खारेज गरिदिएपछि सरकारलाई आफूअनुकूल 'औसत योग्यता' र राजनीतिक चरित्र भएकालाई अर्थ मन्त्रालयमातहतका निकायमा नियुक्ति दिन बाटो खुला भएको छ ।

स्वार्थ समूहलाई नयाँ स्टक एक्सचेन्जको लाइसेन्स दिन सक्रिय सरकार आफ्नै बहुमत सेयर रहेको नेप्से धराशयी पार्दै

अधिल्लो सरकार ढालेर दुई ठुला दल कांग्रेस-एमाले गठबन्धनको सरकार बन्नुमा नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिमा स्वार्थ समूहको चलखेल एक प्रमुख कारण रहेको तत्कालीन अर्थमन्त्री वर्षमान पुनले संसद्देखि अन्य सार्वजनिक स्थानमा बोल्दै आएका छन् । हुन पनि सरकारकै बहुमत सेयर रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से)को सुधार गर्नुको सट्टा स्वार्थ समूहलाई नयाँ स्टक एक्सचेन्जको लाइसेन्स दिन सरकार सक्रिय रहेको खुलस्त छ । यहीबिचमा कार्यकारी प्रमुख तथा पदाधिकारी नियुक्त गर्न बनाइएको कार्यविधिसमेत खारेज गरेर सरकारले नेप्सेलाई थप धराशयी बनाउन खोजेको छ ।

नेप्सेको प्रमुख कार्यकारी अधिकृत (सिइओ) पद १५ दिनदेखि रिक्त छ । २५ माघमा कृष्णबहादुर कार्कीको कार्यकाल सकिएपछि नयाँ नियुक्ति भएको छैन । अर्थमन्त्रीले पुसमै नियुक्ति कार्यविधि खारेज गरेर 'आफ्नो मान्छे' भर्तीका लागि बाटो खुला राखे पनि मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको तत्कालीन प्रमुखमा दुईजना सहसचिव नारायणप्रसाद रिसाल र दीर्घराज मैनालीबिच क्षेत्राधिकारलाई लिएर विवाद भएपछि नियुक्ति प्रक्रिया अन्योलमा पऱ्यो । तर, १० दिनअघि दुवै सहसचिवलाई सरुवा गरिदिएपछि अर्थले आन्तरिक सरुवामार्फत सेवन्तक पोखरेललाई महाशाखा प्रमुखको जिम्मेवारी दिएको छ । उनी मन्त्रालय हाजिर भएको एक साता बितिसक्दा पनि अझै नियुक्ति प्रक्रिया सुरु हुन सकेको छैन ।

नेप्सेको पुनर्संरचना प्रस्ताव पनि लामो समयदेखि मन्त्रालयमै अड्किएको छ । नेतृत्व नियुक्तिसम्बन्धी कार्यविधि नै खारेज गर्नेदेखि नियुक्तिमा अस्वाभाविक ढिलाइसम्म मात्रै होइन, नेप्से पुनर्संरचनामा पनि ध्यान नदिएर स्वार्थ समूहलाई नयाँ स्टक एक्सचेन्जको लाइसेन्स दिलाउन सरकार लागिरहेको मन्त्रालयकै अधिकारीहरू बताउँछन् ।

केबलकार विवादले झडप बढ्न थालेपछि फुङलिङमा अनिश्चितकालीन निषेधाज्ञा

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको पाथीभरा (मुक्कुम्लुङ) क्षेत्रमा केबलकार बनाउन नहुने मागसहित आन्दोलनरत 'नो केबलकार' समूहको आन्दोलन उग्र बन्न थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको छ । जिल्ला सुरक्षा समितिको शनिबार मध्यरातिको बैठकले फुङलिङको बजार क्षेत्र र काफ्लेपाटीको बल्लुडाँडा क्षेत्रमा निषेधाज्ञा जारी गरेको ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए ।

'बजार क्षेत्रमा हुन सक्ने प्रदर्शन, जुलुसका कारण स्थानीय स्तरमा हुलदंगा, झडपले प्रतिकूल स्थिति सिर्जना भई शान्ति सुरक्षा भंग हुन सक्ने परिस्थिति देखिएपछि निषेधाज्ञा जारी गर्नुपरेको हो,' सिडिओ शर्माले भने, 'यो निषेधाज्ञा आइतबार बिहान ५ बजेबाट अर्को आदेश नभएसम्मका लागि कायम हुनेछ ।'



प्रशासनले निषेधाज्ञा जारी भएको क्षेत्रमा पाँचजनाभन्दा बढी व्यक्ति भेला भएर सभा, जुलुस, प्रदर्शन गर्न पनि रोक लगाएको छ । नो केबलकार समूहले शनिबार साँझ फुङलिङको वीरेन्द्र चोकमा मसाल जुलुस निकालेर राँको निजी घरमा फ्याँक्न थालेपछि प्रहरीले हस्तक्षेप गर्दा झडप भएको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी सन्दीपा खड्काका अनुसार आठ प्रहरी घाइते भएका छन् । आन्दोलनरत पक्षका तीनजना घाइते भएका छन् । आन्दोलनरत समूहले चोकमा राँको सबैतिर छर्न थालेपछि प्रहरी आगो निभाउन पानी लिएर पुगेको थियो । चोकमा बालेको आगो सर्वसाधारणका घरमा फालेकाले रोक्न खोज्दा झडप भएको ताप्लेजुङ प्रहरी प्रमुख डिएसपी रवि रावलले बताए । पराजुली चोकदेखि सुरु भएको च्याली फुङलिङ बजारको तोक्मे हुँदै वीरेन्द्रचोक पुगेपछि आगो सल्काइएको थियो ।

फुङलिङमा गत बिहीबार पनि झडप भएको थियो । केबलकार निर्माण गर्न नहुने अडानमा रहेको समूहको पदयात्रालाई प्रहरीले निर्माणस्थल जान

» पृष्ठ २ मा क्रमशः

मापसेले निम्त्याएका गम्भीर अपराध



मादक पदार्थ सेवन गरी गुल्मीमा आफ्नै बुबा र छिमेकीको हत्या, बलात्कार र घरमै आगजनी क्रम बढ्दो

(विस्तृत पृष्ठ ३)

बैंककै कर्मचारीबाट हुने जोखिमको पनि बिमा



नगद, नगदजन्य उपकरणमा कर्मचारीको हेलचेक्र्याइँ वा धोकापूर्ण कार्यबाट हुने नोक्सानीलाई पनि बिमाले रक्षावरण गर्ने, यद्यपि अपराध गर्ने कर्मचारीलाई कारबाही भने हुने

(विस्तृत पृष्ठ ६)

■ महाकुम्भबाट फर्कँदा फेरि अर्को दुर्घटना

तीन दुर्घटनामा १२ नेपाली दर्शनार्थीको मृत्यु

राजविराजमा **सौरभ यादव**

भारतको उत्तर प्रदेशमा रहेको प्रयागराजमा ४५ दिने महाकुम्भमा स्नान गर्न नेपाली दर्शनार्थीको पनि बाक्लो उपस्थिति छ । २६ फ्रेबुअरीसम्म चल्ने महाकुम्भबाट फर्कँदा भएका दुर्घटनामा नेपाली पनि परेका छन् । तीन दुर्घटनामा १२ नेपाली दर्शनार्थीले ज्यान गुमाइसकेका छन् ।

महाकुम्भबाट फर्किँदै गरेको स्कार्पियो शुक्रबार राति उत्तर प्रदेशको बाँसगाउँ थाना क्षेत्रमा दुर्घटनामा पर्दा चारजना र ५ फागुनमा उत्तर प्रदेशकै आजमगढ वाराणसी रोडको डिभाइडरमा गाडी ठोक्किँदा तीन दर्शनार्थीको ज्यान गयो । त्यस्तै, १९ माघमा बिहारको मुजफ्फरपुरमा साइकललाई बचाउने क्रममा स्कार्पियो अनियन्त्रित भएर सडकमा बजारिँदा भएको दुर्घटनामा पाँच नेपालीले ज्यान गुमाएका थिए ।



उत्तर प्रदेशको बाँसगाउँ थाना क्षेत्रअन्तर्गत गोरखपुर लिंक रोडमा शुक्रबार राति नेपाली दर्शनार्थी सवार दुर्घटनाग्रस्त स्कार्पियो । दुर्घटनामा चार नेपालीले ज्यान गुमाएका छन् ।

नेपाली दर्शनार्थी सवार स्कार्पियो शुक्रबार राति उत्तर प्रदेशको बाँसगाउँ थाना क्षेत्रअन्तर्गत गोरखपुर लिंक रोडमा बिआर ३८ एके ६७३३ नम्बरको गाडी दुर्घटना हुँदा सप्तरीका तीन र सुनसरीका एक गरी चार नेपालीको ज्यान गएको हो । ६ जना गम्भीर घाइते भएका छन् ।

ज्यान गुमाउनेमा सप्तरीको कञ्चनरूप नगरपालिका- ७ का लीलावती चौधरी र परशुराम चौधरी, वडा नम्बर ५ का हरिहरदेवी यादवको मृत्यु भएको सप्तरीका प्रहरी प्रमुख एसपी ढकेन्द्र खतिवडाले बताए । दुर्घटनामा सुनसरीको कोशी गाउँपालिका- २ की ६० वर्षीया सन्तोलियादेवी यादवको पनि मृत्यु भएको सुनसरीका एसपी सुमन तिमिल्सिनाले बताए ।

सप्तरीका प्रहरी प्रमुख खतिवडाका अनुसार दुर्घटनाको खबर आएपछि परिवारका सदस्य भारत पुगेका छन् । 'आइतबार शव ल्याइने भनिएको छ,' उनले भने, 'घाइतेको पनि भारतकै पहुंचाया जिल्ला अस्पतालमा उपचार भइरहेको छ । त्यस्तै, महाकुम्भबाट फर्किँदै गर्दा ५ फागुनमा उत्तर प्रदेशको आजमगढ वाराणसीमा युपी ५३ एफडी ४२८८ नम्बरको गाडी दुर्घटना हुँदा रुपन्देहीका तीनजनाले ज्यान गुमाएका थिए । दुर्घटनामा देवदह नगरपालिका- ९ का ४५ वर्षीय गणेश खनाल, उनकी श्रीमती ३५ वर्षीया दीपा खनाल र ४० वर्षीया गंगा शर्माको ज्यान गएको देवदहका उपमेयर विद्यालक्ष्मी गुरुङले बताइन् । घाइते पाँचजना उपचारपछि फर्किसकेका छन् ।

कुम्भ मेलाबाट नौ नेपाली बोकेर फर्किरहेको भारतीय नम्बर बिआर ३२ पिए ४६६१ नम्बरको स्कार्पियो १९ माघमा बिहारको मुजफ्फरपुरमा दुर्घटनामा परेको थियो । दुर्घटनामा चारजनाको घटनास्थलमै र एकजनाको उपचारका क्रममा मृत्यु भएको थियो । ज्यान गुमाउने सबै महोत्तरीका थिए ।

टिपर दुर्घटनामा एकको मृत्यु, तीनजना घाइते

नवलपुरको विनयी त्रिवेणी गाउँपालिका- ३ हर्बले चोकमा टिपर दुर्घटनामा एकको मृत्यु भएको छ । तीनजना घाइते भएका छन् ।

पाल्पाबाट चुनढुंगा बोकेर नवलपुरको विनयी त्रिवेणी- १ होड्सी कम्पनीतर्फ आउँदै गरेको ना.१क ९१२९ नम्बरको टिपर दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय नवलपुरका एसपी यादव ढकालका अनुसार चालकको साथबाट मकवानपुर बागमती गाउँपालिका- ६ फापरवासीनिवासी ३२ वर्षीय नरबहादुर वाइबाको नाममा रहेको सवारीचालक अनुमतिपत्र फेला परेको छ । तर, ज्यान गुमाउनेको नाम यकिन भइसकेको छैन ।

दुर्घटनामा विनयी त्रिवेणी गाउँपालिका- ३ का २४ वर्षीय सुनील सार्की, २३ वर्षीय दीपक सुनार र पर्सा वीरगन्ज उपमहानगरपालिका- २७ का ३० वर्षीय ताज महमद हावारी घाइते भएका छन् । घाइतेको मध्यविन्दु प्रादेशिक अस्पताल डन्डामा उपचार भइरहेको छ ।

सक्रियता बढाउँदै सिटौला

केही दिनअघि संस्थापन समूहका नेताहरूको छलफल जुराएका सिटौलाले शनिबार गरे आफ्नै समूहका नेतासँग परामर्श, १५औं महाधिवेशनमा देउवाको उत्तराधिकारी बन्ने कोसिस



केशवप्रसाद पाण्डे / नयाँ पत्रिका



■ ०८४ को निर्वाचनपछि महाधिवेशन गर्ने खेल भए अस्वीकार्य : कोइराला



■ विधि र परिस्थिति हेरेर महाधिवेशन : सिंह



■ महाधिवेशन तोकिएकै समयमा हुन्छ : थापा

१५औं महाधिवेशनबाट नेतृत्व परिवर्तन पक्का भएसँगै कांग्रेसमा तेस्रो धारको नेतृत्व गरिरहेका पूर्वमहामन्त्री तथा कांग्रेस राष्ट्रिय सभा संसदीय दलका नेता कृष्ण सिटौलाले सक्रियता बढाएका छन् । सिटौलाले संस्थापन समूहका नेता एकीकृत गर्नेदेखि आफ्नो समूहको भेला राखेर परामर्श थालेका छन् । पार्टी विधानले शेरबहादुर देउवालाई तेस्रो कार्यकालका लागि सभापति बन्ने सुविधा नदिने भएसँगै सिटौलालाई पनि सभापतिको एक महत्त्वपूर्ण पात्रका रूपमा हेर्न थालिएको छ ।

नेता सिटौलाले शनिबार आफ्नो समूहका नेताहरूसँग छलफल गरेका छन् । सिटौलानिवासमा भएको उक्त छलफलमा केन्द्रीय सदस्यहरू शिवप्रसाद हुमागाईं र कुन्दन काफ्ले, कोशी प्रदेश मन्त्री भूपेन्द्र राई, पूर्वमन्त्री भीमसेनदास प्रधान, बागमती प्रदेश महामन्त्री राजु श्रेष्ठ, गण्डकी प्रदेश सांसद जित शेरचन र तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जनलगायत उपस्थित थिए ।

सहभागी नेताहरूका अनुसार छलफलले संस्थापन पक्षका राजनीतिक गतिविधि प्रभावकारी ढंगले अघि बढाउनुपर्ने निष्कर्ष निकालेको छ । समूहका नेताहरूको छलफल भएको र यसलाई गुट भेला भन्न नमिल्ने केन्द्रीय सदस्य काफ्लेले बताए । उनका अनुसार नेताहरूबिच महाधिवेशनसहित समसामयिक विषयमा छलफल भएको छ ।

'केही नेता जम्मा भएर समसामयिक विषयमा छलफल गरेका छौं । १०-१५ जना जम्मा भएर

» पृष्ठ २ मा क्रमशः

नेप्सेसहित...

पृष्ठ १ बाट क्रमशः

बनाइएका कार्यविधि एकैचोटि खारेज गरेका हुन् । यो निर्णयसँगै औसत योग्यता भएका 'आफ्ना मान्छे' भर्तीका लागि बाटो खुलेको छ । स्रोतका अनुसार तत्कालका लागि नेप्सेमा प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्तिलाई लक्षित गरी मन्त्री पौडेलले कार्यविधि खारेज गरेर बाटो सहज पारेका हुन् । नेप्सेमा तत्कालीन सिइओ कृष्णबहादुर कार्की चारवर्षे कार्यकाल पूरा गरेर बिदा भएपछि उक्त पद २५ माघदेखि खाली छ । सोही ठाउँमा निकटस्थलाई नियुक्ति दिन नेप्सेसहित चार संस्थानका पदाधिकारी नियुक्तिसम्बन्धी कार्यविधि एकैचोटि खारेज गरेको स्रोतले बतायो । अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारी भने कार्यविधि खारेजीको विषय असामान्य नभएको बताउँछन् । चार संस्थानका कार्यकारी प्रमुख तथा पदाधिकारी नियुक्तिसम्बन्धी कार्यविधि मन्त्रालयले खारेज गरेछ नि भन्ने प्रश्नमा उनले जवाफ दिए, 'कार्यविधि खारेजी कुनै असामान्य विषय होइन । यस विषयमा थप बोल्नुपर्ने केही छैन ।'

कार्यविधि खारेज गरिएका चार संस्थानमध्ये अहिले नेप्सेमा मात्रै सिइओ पद रिक्त छ । नेप्सेको सिइओ हुनका लागि 'नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७४' मा उच्च क्षमता हुनुपर्ने मापदण्ड थियो । सो कार्यविधिमा अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्त, लेखा, व्यवस्थापन वा वाणिज्य कानुनमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण हुनुपर्ने मापदण्ड थियो । पुँजी बजार, उद्योग वाणिज्य, वित्त, कानुन, व्यवस्थापनमध्ये कुनै एक क्षेत्रको व्यवस्थापन तहमा कम्तीमा पाँच वर्षको अनुभव भएको व्यक्तिले मात्रै आवेदन दिन पाउने मापदण्ड थियो । त्यस्तै, कालोसूचीमा नपरेको र राजनीतिक दलमा आबद्धता नभएको स्वघोषणासमेत गर्नुपर्ने प्रावधान थियो । त्यस्तै, नेप्सेलगायत चारै संस्थानसम्बन्धी कार्यविधिमा कार्यकारी प्रमुख र पदाधिकारीका लागि अयोग्य हुने अवस्था पनि स्पष्ट थियो । गैरनेपाली नागरिक, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागुऔषध कारोबार, पुरातात्त्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको व्यक्ति नियुक्त गर्न नमिल्ने उल्लेख थियो ।

तर, अब कार्यविधि नै खारेज गरिदिएपछि आफूअनुकूलको व्यक्ति नियुक्त गर्न सहज भएको छ । सामान्यतः 'औसत योग्यता' र राजनीतिक चरित्र भएकालाई अर्थ मन्त्रालयमातहतका निकायमा नियुक्ति दिन बाटो खुला भएको छ । कार्यविधिअनुसार विषय विज्ञता भएका क्षमतावान् व्यक्तिले मात्र प्रतिस्पर्धा गर्न पाउने अवस्था रहन्थ्यो । तर, यो योग्यता कायम राख्दा 'आफ्नो मान्छे' नपर्ने भएकाले अर्थमन्त्रीले संस्थानका सञ्चालक समितिमा जथाभावी नियुक्त गर्न कार्यविधि नै खारेज गरेको मन्त्रालयका एक अधिकारीले बताए ।

त्यसो त 'अर्थ मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड' पनि छ । तर, यसमा कुन संस्थानका लागि कस्तो योग्यता भएको व्यक्ति छनोट गर्ने भन्ने स्पष्ट व्यवस्था नै छैन । केबल गैरनेपाली नागरिक, कालोसूचीमा परेको भए फुकुवा भएको तीन वर्ष पूरा नभएको, विदेशी मुलुकको स्थायी आवासीय अनुमतिप्राप्त गरेको, सार्वजनिक निकायका ठेक्कापट्टा सम्झौता गरी काम गरिरहेको र मानसिक सन्तुलन ठिक नभएकोबाहेकका सबैलाई योग्य उम्मेदवार मानिएको छ ।

पूर्वसचिव तथा संस्थान निर्देशन बोर्डका पूर्वअध्यक्ष विमल वाग्ले सार्वजनिक संस्थानको कार्यकारी प्रमुख नियुक्तिमा सरकारले योग्य व्यक्तिलाई छनोट गर्ने मनसाय राख्नुपर्ने बताउँछन् । 'संस्थानको कार्यकारी प्रमुख नियुक्तिमा सरकारले योग्य व्यक्तिलाई छनोट गर्ने मनसाय राख्नुपर्छ । आफ्नालाई नियुक्ति गर्ने होइन ।' मन्त्रालयमातहतका संस्थानका लागि राजनीतिक स्वार्थबाट माथि उठेर एउटै कार्यविधि लागू गरी सुधार ल्याउन सकिने पनि उनले बताए ।

'नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७४' सँगै मन्त्रालयले नागरिक लगानी कोषको कार्यकारी निर्देशकको छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८०', 'नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिको लागि सिफारिससम्बन्धी कार्यविधि, २०८० ' र 'निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७४' पनि खारेज गरेको छ । निक्षेप तथा कर्जा सुरक्षण कोषको सिइओ छनोट तथा सिफारिससम्बन्धी कार्यविधिमा पनि अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन, वाणिज्य कानुन, लेखा, बैंकिङ वा बिमा विषयमा स्नातकोत्तर गरेको वा चार्टर्ड एकाउन्टेन्ट भएको व्यक्ति मात्रै उम्मेदवार हुन पाउने व्यवस्था थियो । तर, यस्तो मापदण्ड खारेज भएपछि आउँदा दिनमा आफूअनुकूलका व्यक्तिलाई छनोट गर्न सजिलो भएको छ ।

अर्थ मन्त्रालयमा लामो समय सहसचिवको हैसियतमा काम गरेका पूर्वसचिव डा. मुकुन्द पौडेल राजनीतिक नेतृत्वको तजबिजी कायम रहने गरी मापदण्ड बनाउनु गलत भएको बताउँछन् । 'राजनीतिक नेतृत्वको तजबिजी कायम रहने गरी मापदण्ड बनाउँदा चलखेल हुन्छ । योग्य उम्मेदवार नियुक्त हुन सक्दैन । योग्य व्यक्ति नियुक्त गर्न पारदर्शिता चाहिन्छ,' उनले भने । उनले सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति गर्न स्पष्ट मापदण्ड बनाउनुको सट्टा राजनीतिक तहबाट चिह्न लगाएरै नियुक्ति हुने गरेको विगतको अनुभव पनि सुनाए ।

जुनियर नेतासँग जंगिए माधव नेपाल

नयाँ पत्रिका

पार्टी केन्द्रीय कमिटी बैठकमा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जुनियर केन्द्रीय सदस्यसँग बाझाबाझ गरेका छन् । केन्द्रीय कमिटी बैठकको दोस्रो दिन अध्यक्ष नेपालले केन्द्रीय सदस्य आरती लामासँग बाझाबाझ गरेका हुन् । पार्टीनिकट विद्यार्थी संगठनको अध्यक्ष रहेकी लामा गत साउनमा मात्रै केन्द्रीय सदस्य भएकी थिइन् ।

जावलाखेलस्थित प्रशासनिक प्रशिक्षण केन्द्रमा जारी बैठकमा केन्द्रीय सदस्यका रूपमा धारणा राख्ने क्रममा लामाले 'विधि र अन्याय'को विषय उठाएपछि अध्यक्ष नेपाल भोक्किएका हुन् । एक केन्द्रीय सदस्यका अनुसार 'तातेका' नेपाललाई सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल थमथमाएका थिए ।

लामाले अन्तर्पार्टी निर्देशन (अपानि)का आधारमा आफू अध्यक्ष रहेको अनेरास्ववियूको जिम्मेवारीबाट मुक्त गरिएकोप्रति प्रश्न उठाएकी थिइन् । 'श्रद्धेय अध्यक्ष कमरेडसँग मेरो प्रश्न छ- केपी ओलीको अन्यायको विरुद्धमा विद्रोह गरेका हामी फेरि उस्तै अन्यायमा पर्नुपर्ने ? यो कस्तो विधि हो, कमरेड ?'

लामा पूरा बोल्न नपाउँदै नेपाल 'चुप लाग्नुस्' भन्दै जुरुक्क उठेको बैठकमा सहभागी एक केन्द्रीय सदस्यले बताए । नेपालले 'चुप लाग्नुस्' भन्दा आरतीले 'मैले बोल्न पाउनुपर्छ' भन्दै केन्द्रीय कमिटी बैठकले 'न्याय दिनुपर्ने' माग गरिन् । नेपालले 'चुप लाग्नुस्' भनिरहे ।



उनले अध्यक्ष नेपाल र महासचिव भुसालको नामै लिएर प्रश्न गरेकी थिइन् । 'हामीले विधिका कुरा गरेका थियौँ, त्यसैका लागि विद्रोह गरेका थियौँ । आज विधि कहाँ गयो ? के यही हो विद्रोहको औचित्य ?' एक सदस्यका अनुसार लामाको प्रश्न थियो । र, 'यो प्रश्नको जवाफ मैले दिनुपर्ने भन्दै अध्यक्ष उफ्रिनुभयो,' मञ्चमै रहेका एक नेताले नयाँ पत्रिकासँग भने ।

ती नेताका अनुसार खनालले 'नेतृत्वले उफ्रेर हुँदैन, केन्द्रीय कमिटी बैठकमा कुरा नराखेर कहाँ राख्ने' भन्दै नेपाललाई सम्झाएका थिए । भुसालले हात समातेर नेपाललाई शान्त रहन आग्रह गरेका थिए । नेपाल प्रतिकारकै शैलीमा तम्सिएपछि भुसालले आरतीलाई इसारा गर्दै मञ्चबाट बाहिरिन आग्रह गरेका थिए ।

२५ वर्षभन्दा बढी समय संगठनमा बिताए पनि नेतृत्वले विधिपूर्वक संगठनको जिम्मेवारी हस्तान्तरण गर्न नदिएर अपमानपूर्वक निकालेको भन्दै उनले आक्रोश पोखेकी छिन् ।

'अपानी सुधार्नका निमित्त अपिल गर्दै छु । सचिवालय बैठकमा मेरो असहमति पठाएको थिएँ, त्यो कहाँ गयो ? कहाँ छलफल भयो ? अब त्यो विषय केन्द्रीय कमिटी बैठकमा छलफल हुनुपर्छ,' लामाले भनिन् । नेतृत्वको कार्यशैलीकै कारण आज निराश हुनुपरेको लामाको गुनासो छ ।

एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य एवं प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले लामालाई बैठकस्थलबाट बाहिर निकालिएको प्रचार झुटो भएको बताए । 'आरती लामालाई बैठकबाट निकालियो र अध्यक्ष माधव नेपाल र लामाबिच झगडा पर्‍यो भन्ने प्रचारमा कुनै सत्यता छैन,' उनले भने ।

उपमहासचिव एवं केन्द्रीय कार्यालय सचिव रामकुमार भट्टराईले बैठकमा बहस हुनु र सामान्य चर्काचर्की हुनुलाई अन्यथा लिन नहुने बताए । 'धेरै माया गरेका साथीहरूले वेलावेला चर्का कुरा गर्नुहुन्छ । बैठकमा चर्काचर्की पनि पर्छ । त्यसको निकास पनि निस्कन्छ । बैठकले सबै दस्ताबेज पारित गरेको छ । समस्या देखिएका विषय सचिवालयले समाधान गर्ने निर्णय भएको छ,' उनले भने ।

अध्यक्ष नेपालले अपानिमार्फत अनेरास्ववियू र युवा संघको नेतृत्व हटाएपछि एकीकृत समाजवादीमा विवाद छ । सम्मानित नेता खनालले अपानिबाट जिम्मेवारी मुक्त गर्ने विषय गम्भीर भएको भन्दै सच्याएर जानुपर्नेमा जोड दिएका थिए ।

बैठकको समापन गर्दै अध्यक्ष नेपालले अनेरास्ववियू र युवा संघका अध्यक्ष पार्टीको केन्द्रीय सदस्य भएपछि विद्यार्थी र युवाको जिम्मेवारीबाट मुक्त गरेको दाबी गरेका छन् ।

केबलकार...

पृष्ठ १ बाट क्रमशः

नदिएपछि झडप भएको हो । झडपमा ११ प्रहरी, एक आन्दोलनकारी र एकजना सवारीचालक घाइते भएका छन् ।

पाथीभराको पदयात्रा गरेर फर्किएका राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोलाई शनिबार एक समूहले ताप्लेजुङ सदरमुकाममा कालोझन्डा देखाएको छ । महतोलाई विकासविरोधी भन्दै स्थानीय महिला समूहले कालोझन्डा देखाएको हो । 'नो केबलकार' पक्ष भने केबलकार निर्माणमा अवरोध गर्दै चरणबद्ध आन्दोलनमा छ । यो समूहले ६ देखि ८ फागुनसम्म पाथीभरा क्षेत्रमा पदयात्रा आयोजना गरेको थियो ।

कात्तिक र माघमा पनि भएको थियो झडप

'नो केबलकार' पक्ष र प्रहरीबिच कात्तिक र माघमा पनि झडप भएको थियो । पाथीभरा क्षेत्रमा केबलकार निर्माणको शिलान्यासका क्रममा २३ कात्तिकमा फुङलिङ नगरपालिका- ४ मा झडप हुँदा ६ जना घाइते भएका छन् । झडपमा सशस्त्र प्रहरीका इन्स्पेक्टर डिगेन्द्र ओली र असइ अविनाश माझी घाइते भएका थिए । आन्दोलनकारीतर्फ दामोदर अधिकारी, कुमार शेर्पा, चन्द्र मादेन र अर्जुन लिम्बू घाइते भएका थिए ।

गत १२ माघमा पाथीभरामा केबलकार निर्माण सुरु भएको तीन दिनपछि प्रहरी र केबलकार खारेजी समूहबिच झडप हुँदा जनपद र सशस्त्र प्रहरीका तीनजना घाइते भएका थिए । घाइते हुनेमा प्रहरी जवान अनुज विक, प्रहरी सहायक निरीक्षक रामदेव यादव र सशस्त्र प्रहरी जवान सञ्जीव बस्नेत थिए ।

सक्रियता...

पृष्ठ १ बाट क्रमशः

छलफल गर्दैमा गुट भेला भन्न मिल्दैन,' उनले नयाँ पत्रिकासँग भने, 'भेटमा महाधिवेशनलगायत सबै समसामयिक विषयमा कुराकानी भए ।'

यसअघि गत २ फागुनमा नेता सिटौलाले संस्थापन समूहको भेलाको अग्रसरता गरेका थिए । लामो समय मौन रहेका सिटौला पार्टीभित्र १५औँ महाधिवेशनको तयारी बढ्दै गर्दा नयाँ भूमिकासहित सक्रिय भएका हुन् ।

सिटौलाकै पहलमा दसौँ महाधिवेशनदेखि देउवालाई निरन्तर सहयोग गर्दै आइरहेका पूर्वपदाधिकारीदेखि वर्तमान पदाधिकारी र केन्द्रीय सदस्यको देउवानिवासमा जमघट भएको थियो । बुढानीलकण्ठको छलफलमा उपसभापति पूर्णबहादुर खड्का, पूर्वउपसभापतिहरू विमलेन्द्र निधि, गोपालमान श्रेष्ठ र विजयकुमार गच्छदार, पूर्वमहामन्त्रीहरू शशांक कोइराला र प्रकाशमान सिंह, सिटौला, केन्द्रीय सदस्यहरू बालकृष्ण खाण र एनपी साउद, प्रवक्ता प्रकाशशरण महतलगायत सहभागी थिए ।

कांग्रेसमा डा. शेखर कोइराला र गगन थापाले सभापतिको उम्मेदवारी दिने बताइसकेका छन् । तर, देउवा समूहबाट सभापतिको उम्मेदवार टुंगो लागेको छैन । यस्तोमा संस्थापनपक्षीय नेताहरूले सिटौलाको अग्रसरतामा बुढानीलकण्ठस्थित सभापति देउवानिवासमा पुगेर छलफल गरेका थिए । नेता विमलेन्द्र निधिका अनुसार भेटमा सिटौलाले नै संस्थापन समूहको उत्तराधिकारीको टुंगो लगाउने समय आएको बताएका थिए ।

कांग्रेसमा देउवापछि योगदान र सबैलाई समेटेर लेजान सक्ने पात्रका रूपमा नेता सिटौलालाई हेरिन्छ । सिटौला कांग्रेसको आन्तरिक र अन्य दलसँग समेत समन्वय गर्न सक्ने स्वीकार्य पात्रका रूपमा हेरिन्छन् । नेपालको शान्ति प्रक्रियामा उनको महत्त्वपूर्ण भूमिका छ ।

१२औँ महाधिवेशनपछि तत्कालीन सभापति सुशील कोइरालाले सिटौलालाई कांग्रेसको महामन्त्री मनोनीत गरेका थिए । त्यसपछि भने उनी पार्टीको पदाधिकारीको जिम्मेवारीमा गएका छैनन् । तर, कांग्रेसमा तेस्रो धारका रूपमा सिटौलाले पार्टीमा पकड राख्दै आएका थिए ।

■ ०८४ को निर्वाचनपछि महाधिवेशन गर्ने खेल भए अस्वीकार्य : कोइराला

कांग्रेस इतर समूहका नेता डा. शेखर कोइरालाले ०८४ को निर्वाचनपछि महाधिवेशनको खेल गरिए स्वीकार्य नहुने बताएका छन् । शनिबार विशालनगरस्थित सम्पर्क कार्यालयमा प्रजातन्त्र सेनानी संघका प्रतिनिधिहरूको भेटमा उनले कुनै पनि बहानामा महाधिवेशन सारे पार्टीका लागि घातक हुने बताए । 'कांग्रेस कमजोर भएको छ । अधिवेशनको पनि टुंगो छैन । निर्धारित समयमै महाधिवेशनका लागि हिँडिरहेको छु । अहिले बजारमा ०८४ को चुनावपछि मात्रै महाधिवेशन गर्ने भन्ने कुरा आइरहेको छ । त्यो चिन्ताजनक विषय हो । त्यो स्वीकार्य कुरा होइन, पार्टीको सबै तहबाट दबाब आवश्यक छ,' उनले भने । शनिबार नै उनले यस विषयमा आफूनिकट नेताहरूसँग समेत छलफल गरेका थिए ।

■ विधि र परिस्थिति हेरेर महाधिवेशन : सिंह

उपप्रधानमन्त्रीसमेत रहेका नेता प्रकाशमान सिंहले पार्टी विधान र नेपालको संविधानअनुसार कांग्रेसको महाधिवेशन हुने बताएका छन् । शनिबार कांग्रेस धनुषाको कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'कांग्रेस राजनीतिक पार्टी हो । त्यसैले पार्टी विधान र देशको संविधानअनुसार महाधिवेशन हुन्छ । विधि र परिस्थिति हेरेर महाधिवेशन गर्छौं ।'

■ महाधिवेशन तोकिएकै समयमा हुन्छ : थापा

कांग्रेस महामन्त्री गगन थापाले १५औँ महाधिवेशन तोकिएकै समयमा हुने बताएका छन् । शनिबार सल्यानमा आयोजित जिल्ला सम्मेलनलाई सम्बोधन गर्न आउने क्रममा सल्लीबजारमा उनले कांग्रेसले देशलाई सम्हाल्ने जिम्मेवारी लिएको र पार्टीलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरे । 'कांग्रेसको महाधिवेशन कहिले हुन्छ भन्ने बहस पनि छ । महाधिवेशन विधानअनुसार तोकिएकै समयमा हुन्छ,' उनले भने ।

कर्जा चुक्ता गर्न जारी गरिएको ३५ दिने सूचना

प्रकाशित मिति: २०८१ फागुन ११ गते आइतबार

यस संस्थाबाट निम्नानुसार धितो सुरक्षण राखी देहाय बमोजिमका ऋण लिने सदस्यहरूले म्यादभित्र ऋण चुक्ता नगरेकाले विभिन्न मितिमा पटक-पटक सम्पर्क गर्ने, ताकेता गर्ने साथै निजहरूको घरमै गई ताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकाले सहकारी ऐन-२०७४, सहकारी नियमावली-२०७५ र संस्थाको नियमानुसार यो सूचना प्रकाशित गरिएको छ । यसै सन्दर्भमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र संस्थामा आई अघिल्लो दिनसम्मको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क तथा अन्य दस्तुर समेत चुक्ता गरी सुरक्षण बापत रहेको धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन यसै सूचनाद्वारा जानकारी गराइएको छ । यो सूचना बमोजिम ३५ (पैंतीस) दिनभित्रमा पनि ऋण चुक्ता नभएमा, सो लगत्तै संस्थामा सुरक्षण बापत राखिएको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रीको लागि प्रक्रिया सुरु गरिनेछ ।

तपसिल

क्र.सं.	ऋण शीर्षक	ऋणीको नाम	धितोको विवरण
१	विविध कर्जा	नामः अनिल घिमिरे (नागरिकता नं. २७-१०-७४-१४, काठमाडौं-२०७४ साउन २०) बाबुः गणेश बहादुर घिमिरे आमाः श्रीमती सरस्वती घिमिरे बाजेः गोपाल नाथ घिमिरे ठेगानाः काठमाडौं जिल्ला, नागार्जुन नपा-५, हरिसिद्धि 	कुबेर घिमिरे एवं अनिल घिमिरेको संयुक्त नाममा रहेको काठमाडौं जिल्ला, सीतापाइला गाविस, वडा नं. ६, कि.नं. १५९, सिट नं. १०२१ ०६१०१, क्षेत्रफल १२७.२० व.मी. को जग्गा
२	विविध कर्जा	नामः कुबेर घिमिरे (नागरिकता नं. ३०३८/०७, काठमाडौं-२०७० जेठ ०७) बाबुः गणेश बहादुर घिमिरे आमाः श्रीमती सरस्वती घिमिरे बाजेः गोपाल नाथ घिमिरे ठेगानाः काठमाडौं जिल्ला, नागार्जुन नपा-५, हरिसिद्धि 	
३	विविध कर्जा	नामः श्रीमती विष्णु माया के.सी. (नागरिकता नं. ४९३ ०१४/२१४, म्याग्दी-२०६३ फागुन १५) पतिः हिमाल के.सी. ससुराः पूर्ण बहादुर के.सी. बाबुः नर बहादुर भण्डारी ठेगानाः काठमाडौं जिल्ला, कामनपा-१६, वनस्थली (नागरिकता अनुसारः म्याग्दी जिल्ला, बेनी नपा-९) 	१. काभ्रेपलांचोक जिल्ला, भीमखोरी गाविस/नपा, वडा नं. ७ (सिट नं. ७), कि.नं. ६८, क्षेत्रफल १०-१४-३-१ (५५५८.३० वमी) को जग्गा २. काठमाडौं जिल्ला, बाडभंज्याङ गाविस, वडा नं. २ (सिट नं. २ ख), कि.नं. ४७०, क्षेत्रफल ०-३-०-० (९५.३७ वमी) को जग्गा
४	विविध कर्जा	नामः श्रीमती धनमाया खड्का (नागरिकता नं. १३३ ०२६/६८, ओखलढुंगा-२०६३ फागुन ०७) पतिः पोष्ट बहादुर खड्का बाबुः खम्बध्वज बस्नेत ठेगानाः काभ्रेपलांचोक जिल्ला, बनेपा नपा-१३, नासिकास्थान, साँगा(नागरिकता अनुसारः ओखलढुंगा जिल्ला रावादोलु गाविस-७) (हाल काठमाडौं जिल्ला, नागार्जुन नपा-३, हलचोक) 	काभ्रेपलांचोक जिल्ला, काभ्रेपलांचोक (नासिकास्थान साँगा) गाविस/नपा, वडा नं. ४ (क), कि.नं. १७८०, क्षेत्रफल ०-३-३-२ तथा ऐ ऐ कि.नं. १७८१, क्षेत्रफल ०-३-३-१ को जग्गा
५	विविध कर्जा	नामः श्री कसी नारायण श्रेष्ठ (नागरिकता नं. ११ ३४२/०३७, काठमाडौं-२०३७ जेठ १७) बाबुः हेरालाल श्रेष्ठ बाजेः भाईलाल श्रेष्ठ ठेगानाः काठमाडौ जिल्ला, टोखा नपा-२, इकुलाल टोल 	कसी नारायण श्रेष्ठको नाममा रहेको काठमाडौं जिल्ला, चण्डेश्वरी गाविस, वडा नं. ७ (सिट नं. ७ ख), कि.नं. २७, क्षेत्रफल १-१४-१-० (९६१.७५ वमी) को जग्गा
६	विविध कर्जा	नामः श्रीमती लक्ष्मी श्रेष्ठ (नागरिकता नं. ४/२३३८, काठमाडौं-२०४५ बैशाख २१) पतिः कसी नारायण श्रेष्ठ ससुराः हेरालाल श्रेष्ठ ठेगानाः काठमाडौं जिल्ला, टोखा नपा-२, इकुलाल टोल	
७	विविध कर्जा	नामः श्री केशव राज श्रेष्ठ (नागरिकता नं. ४२९५/१७ ४०७, काठमाडौं-२०४३ जेठ १३) बाबुः हेरालाल श्रेष्ठ बाजेः भाईलाल श्रेष्ठ ठेगानाः काठमाडौ जिल्ला, टोखा नपा-२, इकुलाल टोल 	
८	विविध कर्जा	नामः श्रीमती मन्दोदरी जोशी (नागरिकता नं. ७२३६, काठमाडौं-२०४३ चैत्र ०६) ससुराः गणेश कुमार जोशी बाबुः पद्मलाल जोशी पतिः अशोक कुमार जोशी ठेगानाः काठमाडौं जिल्ला, कामनपा-१७ (ऐ टोखा नपा-९), गोंगबु 	काठमाडौं जिल्ला, गोंगबु (हाल टोखा नपा), वडा नं. ६, कि.नं. १५७, क्षेत्रफल ७३.०० वमीको घर समेतको जग्गा
९	विविध कर्जा	नामः श्री नितेश साख (नागरिकता नं. ०१-०६८-०५०८४, भक्तपुर-२०६८ चैत्र २९) बाबुः राजु साख बाजेः सन्त बहादुर ठेगानाः भक्तपुर जिल्ला, सुडाल गाविस, वडा नं. २ (हाल चाँगु नारायण नपा, वडा नं. ८, सुडाल) 	दीनेश कुमार साखकर्मी र राजु साखको नाममा रहेको १. भक्तपुर जिल्ला, सुडाल गाविस-२, सिट नं. २, कि.नं. २२६, क्षेत्रफल १-६-०-० (६९९.४८ वमी) को जग्गा २. भक्तपुर जिल्ला, सुडाल गाविस-२, सिट नं. २, कि.नं. २२१, क्षेत्रफल ०-१५-०-० (४७६.८५ वमी)को जग्गा ३. भक्तपुर जिल्ला, सुडाल गाविस-२, सिट नं. २, कि.नं. २२५, क्षेत्रफल ०-८-०-० (२५४.३२ वमी) को जग्गा
१०	विविध कर्जा	नाम : श्री राजु साख (नागरिकता नं. १२८६, भक्तपुर - २०४५ भाद्र १७) बाबुः सन्त बहादुर बाजेः राम बहादुर ठेगानाः भक्तपुर जिल्ला, सुडाल गाविस, वडा नं. २ (हाल चाँगु नारायण नपा, वडा नं. ८, सुडाल) 	

धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.
सुन्धारा, काठमाडौं ।
फोन नं. : ५-३६८ ५४३, ५-३६७ ५३३, ५-९०३ ४१६

रिडी ग्रुप लिमिटेडको शेयर रकम भुक्तानी गर्ने बारेको ३० दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/११/११ गते)

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता रहेको रिडी ग्रुप लि. नामक (लि. दर्ता नं. १८७९७५/०७४/०७५, मिति २०७५/०१/०७ गते) कम्पनीका संस्थापक शेयरधनीहरूले कम्पनी स्थापनाका बखत लिन कबुल गर्नु भएको प्रति शेयर रु. १००/- दरको शेयर मध्ये २० प्रतिशत शेयर रकम मात्र कम्पनीमा भुक्तानी गर्नु भएको र यस कम्पनीको मिति २०८१/११/९ गतेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम शेयर रकम भुक्तानी गर्न बाँकी रहेका शेयरधनीहरूसँग बाँकी रहेको सम्पुर्ण ८० प्रतिशत शेयर रकम भुक्तानी माग गर्ने निर्णय भए बमोजिम सम्बन्धित सरोकारवाला सम्पुर्ण शेयरधनी महानुभावहरूमा जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र भुक्तानी गर्न बाँकी रहेको सम्पुर्ण ८० प्रतिशत शेयर रकम यस कम्पनीको रजिष्टर्ड कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा जम्मा गर्न वा यस कम्पनीको नाममा रहेको नेपाल बैंक लिमिटेड, सैनिक शाखा त्रिपुरेश्वर, काठमाडौं स्थित खाता नं. २१५००१०६५२३४६९००००१ मा जम्मा गरी सो को सक्कल भौचर प्रति यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दाखिला गर्नु हुन अनुरोध छ । यदि यो सूचनामा तोकिए बमोजिमको ३० दिनको अवधि भित्र कम्पनीमा बुझाउनु पर्ने बाँकी सम्पुर्ण ८० प्रतिशत शेयर रकम दाखिला नगर्नु भएमा यस अघि तपाईले भुक्तानी गर्नु भएको शेयर रकम बराबरको शेयर मात्र तपाईको नाममा कायम गरी बाँकी शेयर कम्पनी ऐन, २०६३ तथा यस कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम कम्पनीले जफत गर्न सक्नेछ ।

संचालक समितिको तर्फबाट
मान बहादुर बुढा
(सचालक/अध्यक्ष)

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Limited
(Class "D" Microfinance Financial Institution Licensed by Nepal Rastra Bank)
Central Office, Babarmahal, Po.Box: 21956, Kathmandu, Nepal
Tel: +977-01-5320913, 5909612; Email info@skbbl.com.np; Web : www.skbbl.com.np

Invitation for Sealed Quotation for the Supply, Delivery and Installation of Server Sealed Quotation No:SKBBL/SQ-01/2081/82

Date of first Publication: February 23, 2025

1. The Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Ltd (SKBBL) Babarmahal, Kathmandu Nepal invites sealed quotations from registered Suppliers for the Supply, Delivery and Installation of Server.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Ltd (SKBBL) Babarmahal, Kathmandu Nepal e-mail address, info@skbbl.com.np, Telephone number 01-411895/01-5320913/01-5909612.
3. A complete set of Bidding Documents shall be purchased from Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Ltd (SKBBL) Babarmahal, Kathmandu Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and submission of deposit voucher of a non-refundable fee of NRs.1000.00 in Account number 1140072850200035 (Miscellaneous Income)at Prabhu Bank Ltd, Teku till March 09, 2025 during office hours.
4. Sealed bids must be submitted to the central office of Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Ltd (SKBBL) Babarmahal, Kathmandu Nepal by hand on or before 13:00 hours on March 10, 2025 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend on March 10, 2025, 14:00 hours at the office of Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Ltd (SKBBL) Babarmahal, Kathmandu Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 40,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. May 24, 2025). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Account No.017001780250036 at Prabhu Bank Ltd, Koteshwor and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोबार गर्ने

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

रजिष्टर्ड कार्यालयः का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं ।
टेलिफोन नं.: ०१-४०१२६१३, ४०१२६१४ फ्याक्सः ४०१२६१५
इमेल: liccorporate@licnepal.com.np | **वेभसाइटः** https://www.licnepal.com.np

बोलकबोल (गोप्य शिल्ड बिड) खोलिने बारेको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको हकप्रद शेयरको लागि २०८१/८/१२ गतेदेखि २०८१/९/१७ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा सर्वसाधारणतर्फ ४९२,५७७ कित्ता शेयरहरुका लागि आवेदन नपरेकाले प्रचलित नियमानुसार उक्त शेयरहरु बोलकबोल प्रकृयाद्वारा बिक्री गर्न मिति २०८१/१०/२१ गतेदेखि २०८१/११/०५ गतेभित्र आवेदन माग गरिएकोमा सो अवधिभित्र प्राप्त भएका बोलपत्रहरु देहाय बमोजिमको मिति, समय र स्थानमा खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोलपत्र खोल्ने मिति, समय र स्थानः
मितिः २०८१/११/१२ गते, सोमबार ।
समयः बिहान ८:०० बजे ।
स्थानः लिसारा रिसेप्सन, नक्साल, भगवतीबहाल, काठमाडौं ।

बिक्री प्रबन्धकः
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौं, फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइटः https://nsmbl.com.np

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित (शेयरमा सिमित दायित्व भएको)

नेको इन्सुरेन्स लि.
Neco Insurance Ltd.
का.म.न.पा. वडा नं.३०, ज्ञानेश्वर, काठमाण्डौ, फोन ०१-४५४२२६३
इमेलः info@neco.com.np, वेबसाइटः www.neco.com.np

को

मिति २०८१/१०/१८ गते भन्दा अघिल्लो कारोबार दिनसम्म कायम साविक शेयरधनीहरुका लागि ४ कित्ता शेयर बराबर नयाँ १ (४ : १) कित्ता शेयरको अनुपातमा मिति २०८१ फागुन ८ गतेदेखि निष्काशन भई रहेको

हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद

मिति २०८१ फागुन २८ गते (बैंकिङ्ग समय) सम्ममात्र

अन्य विस्तृत जानकारीको लागि **मिति २०८१/१०/२० गतेको "आर्थिक अभियान"** दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.sanima.capital वा निष्काशन कम्पनीको वेभसाइट www.neco.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः
SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिस्टर्ड कार्यालयः सम मार्ग, नक्साल-१, काठमाण्डौ ।
फोन नं. ०१-४५४०५०८, ०१-४५३६३७५, ०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital

मापसेले निम्त्याएका गम्भीर अपराध

मादक पदार्थ सेवन गरी गुल्मीमा आफ्नै बुबा र छिमेकीको हत्या, बलात्कार र घरमै आगजनी क्रम बढ्दो



१५ माघ ०७९ मा गुल्मीको मुसिकोट नगरपालिका- ७ वामीमा होटेल सञ्चालन गरेकी ५८ वर्षीया गंगादेवी शेरचनको हत्या भएपछि अनुसन्धानमा जुटेको प्रहरी । फाइल तस्बिर

गुल्मीमा **टोपलाल अर्याल**

गत ८ माघमा मालिका गाउँपालिका- ८ का ६० वर्षीय लालबहादुर घर्तीलाई कान्छो छोरा २९ वर्षीय डम्बरबहादुरले कुटपिट गरेर हत्या गरे । छिमेकीका अनुसार बाबुछोरा नै अत्यधिक मदिरा सेवन गर्थे । मदिराकै झोकमा झगडा हुँदा आफूले बुबालाई बारीमा धकेलेर निर्ममतापूर्वक कुटपिट गरी हत्या गरेर गाडेको डम्बरबहादुरले स्वीकार गरेका छन् । उनी अहिले प्रहरी हिरासतमा छन् ।

एक वर्षअघि लालबहादुरकै जेठा छोरा ३३ वर्षीय रामबहादुरले मादक पदार्थ सेवनपछि आगजनी गरेर घर ध्वस्त बनाएका थिए । उनी अहिले जिल्ला कारागार गुल्मीमा कैद सजाय भोगिरहेका छन् । 'रातदिन परिवारका सबै रक्सी खाएर झगडा गर्छन् । रक्सी खाएर जेठाले पोहोर घर जलायो, कान्छाले बाउ नै मार्‍यो,' स्थानीय टोपबहादुर विकले भने, 'रक्सीले गाउँ-समाजमा बेथिति बढायो ।'

इस्मा गाउँपालिका- ४ का ४८ वर्षीय मीनबहादुर अछामीले मदिराको मातमा छिमेकी ५१ वर्षीया मीना दर्लामीको गत ३० मंसिरमा क्रूरतापूर्वक हत्या गरे । दुवैजनाले मादक पदार्थ सेवन गरेर दिनभर झगडा गरेको स्थानीयको भनाइ छ । वर्षौंदेखिको साँधसीमा र खानेपानीको रिसले अपराधसम्मको अवस्था आएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक भूपेन्द्र थापाले बताए । हत्या गरेर फरार अछामी दुई दिनमै पक्राउ परे । प्रहरी अनुसन्धानपछि जिल्ला अदालतले अछामीलाई कारागार चलान गऱ्यो ।

इस्मा गाउँपालिका- ५ की ३९ वर्षीया शान्ति कुमालले मादक पदार्थ सेवनकै कारण गत ८ माघमा बसबाट खसेर ज्यान गुमाइन् । ८ माघमा तम्घासबाट गाउँ फर्किएकी शान्ति मादक पदार्थ सेवनले अडिन सक्ने अवस्थामा थिइनन् । भाडाको विषयमा विवाद भएपछि झरेर फेरि चढ्न खोजेपछि बसले किचेर घाइते बनेकी उनको उपचारका क्रममा ज्यान गएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । शान्तिका दुई छोरा र पाँच छोरी गरेर सात सन्तान छन् ।

गत ५ असोजमा मुसिकोट नगरपालिका- ६ भुवाचिदीका ३४ वर्षीय किरण मगरलाई सोही ठाउँका रेममाया कुमालसहित पाँचजनाले मादक पदार्थ सेवनपछि विवाद निकालेर कुटपिट गरे । कुटपिटबाट सख्त घाइते मगरको उपचारका क्रममा मृत्यु भयो । घटनामा संलग्न पाँचजनालाई कर्तव्य ज्यान कसुरमा मुद्दा दर्ता गरेपछि अहिले सबैजना पुर्पक्षका लागि कारागार छन् ।

मादक पदार्थ सेवनकै झोकमा धुर्कोट गाउँपालिका- ६ का ५० वर्षीय रेखबहादुर परियारले आफ्नै घरमा आगजनी गरेर परिवारलाई सडकमै पुऱ्याए । उनले आगलागी नियन्त्रणमा खटिएका प्रहरीलाई समेत अभद्र व्यवहार गरे । धुर्कोट गाउँपालिका हाडहाडेका ३३ वर्षीय भूपबहादुर पुनले पनि मादक पदार्थ सेवन गरेर गत २ पुसमा आफ्नै गोठमा आगजनी गरेर ध्वस्त पारे । दुवैजनालाई पक्राउ गरेर कानुनअनुसार कारबाही भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

मदिरा सेवन गरेर १२ र १३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा मालिका गाउँपालिका- ४ का १८ वर्षीय छबबहादुर घर्तीविरुद्ध १२ मंसिरमा उजुरी दर्ता भयो । पीडित बालिकालाई घर्तीले ३० असोजमा ललाइफकाइ होटेलमा लगेर बलात्कार गरेका थिए । बालिकाको यौनांगमा संक्रमण भएपछि डेढ महिनापछि बलात्कार घटना बाहिर आएको हो ।

गुल्मीको मुसिकोट नगरपालिका- ७ वामीमा होटेल सञ्चालन गरेकी बाग्लुङ बडिगाड गाउँपालिका-२ की ५८ वर्षीया गंगादेवी शेरचनको १५ माघ ०७९ हत्या भयो । उनी १५ माघमा होटेलभित्र हातखुट्टा बाँधिएको र मुखमा टेप लगाइएको अवस्थामा मृत फेला परेकी थिइन् ।

बिहान अबेरसम्म पनि होटेलको ढोका नखुलेपछि स्थानीयले वामी प्रहरीचौकीमा खबर गरेका थिए । झन्डै तीन महिनापछि प्रहरीले घटनामा संलग्न मकवानपुरका लोकबहादुर दर्लामी, सिन्धुपाल्चोकका शिवबहादुर तामाङ र बाग्लुङका थम्मन घर्तीलाई पक्राउ गरेर अदालत पेस गरेको थियो । अहिले तीनैजना जेल चलान भएका छन् ।

■ चारवर्षे मुख्य अपराध तथ्यांक

घटना	०७८/७९	०७९/८०	०८०/८१	०८१/८२
कर्तव्य ज्यान	३	५	१	३
ज्यान मार्ने उद्योग	७	२	४	२
लागुऔषध	०	१	०	०
अभद्र व्यावहार	९	१८	१४	८
सार्वजनिक शान्ति	३	१८	६	४
बहुविवाह	५	९	२	०
बलात्कार	१६	७	८	११
बलात्कार प्रयास	१	६	०	१
बालयौन दुरुपयोग	२	३	३	०
आगलागी	१	१	३	०

■ मालिकामा मदिरा नियन्त्रणको प्रयास

मालिका गाउँपालिकाले मदिराले अपराधका घटनामा वृद्धि हुँदै गएपछि पहिलो चरणमा कम गुणस्तरको रक्सी बिक्री-वितरणमा बन्देज लगाउने निर्णय गरेको छ । मालिका गाउँपालिका- ८ मरभुंगमा मादक पदार्थ सेवनका कारण एक साताभै दुई ठुला घटना भएपछि रक्सी बिक्री-वितरणमा बन्देज गर्ने निर्णय गरेको मालिका गाउँपालिका उपाध्यक्ष उपेन्द्र अर्याललले बताए । उनका अनुसार व्यवसायीसँग भएको स्टकलाई सात दिनभित्र व्यवस्थापन गरिसक्ने, अनुमति प्राप्त व्यवसायीले साँझ साढे ५ देखि राति ८ बजेसम्म मात्र बिक्री-वितरण गर्ने र नाबालक, महिला तथा दीर्घरोगीलाई बिक्री नगर्ने र नियम उल्लंघन भए पहिलोपटकलाई पाँच हजार रुपैयाँ जरिवाना गरिनेछ ।

माओवादीले स्थानीय तहबाट समाजवादको अभ्यास गर्ने

काठमाडौं/ प्रमुख प्रतिपक्षी दल माओवादीले स्थानीय तहबाट समाजवादको अभ्यास गर्ने दाबी गरेको छ । माओवादीले जितेका पालिकाबाट समाजवादको अभ्यास थाल्ने गरी राजधानीमा शनिबार 'स्थानीय तहबाट समाजवादको पूर्वाधार निर्माणसम्बन्धी अभिमुखीकरण' कार्यक्रम सुरु भएको छ ।

कार्यक्रममा माओवादीले जितेका १२३ पालिका प्रमुख/अध्यक्ष र १३४ उपप्रमुख/उपाध्यक्ष, सम्बधित पालिकाका पार्टी अध्यक्ष, प्रदेश इन्चार्ज/अध्यक्षहरूको सहभागिता छ । अभिमुखीकरण' कार्यक्रमको उद्घाटन गर्दै माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टी आफ्नै वर्गमा फर्केर स्थानीय तहबाट समाजवादको अभ्यास गर्ने अभियानमा अघि बढेको बताए । माओवादीले जितेका पालिका नमुना बन्नुपर्ने र टाढैबाट फरक छ भनेर चिनिने हुनुपर्नेमा उनले जोड दिए ।

माओवादीले नेतृत्व गरेको पालिका रहेछ भनेर मानिसहरूले टाढैबाट चिनून्

● **प्रचण्ड**



'समाजवादको निर्माण स्थानीय विशेषताअनुसार गर्ने सैद्धान्तिक कुरा विगतमा गर्‍यौं । अहिले सैद्धान्तिकभन्दा व्यावहारिक रूपले तपाईंहरूले नेतृत्व गरिरहेका स्थानीय तहबाट आफ्नो विशेषताको योजनाबद्ध अध्ययनसँगै त्यहाँ भएका साधनस्रोतको अधिकतम र मौलिक सदुपयोग गर्दै अगाडि जाने र हाम्रा पालिकाले गर्न लागेका काम चाहे त्यो स्थानीय स्रोतबाट बनाउने सानातिना उद्योगसँग सम्बन्धित होस्, चाहे शिक्षा र स्वास्थ्यमा लिने विशेष खालको पहलकदमी होस् वा अन्त्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने मौलिक तरिकाको खोजी गरेर त्यसलाई व्यवहारमा लागू गर्ने कार्यबाट मानिसहरूले टाढैबाट चिनोस्- यो माओवादीले नेतृत्व गरेको पालिका रहेछ,' प्रचण्डले भने ।

स्थानीय तहबाट समाजवादी अर्थतन्त्र, संस्कृति र शैलीको थालनी गर्ने वेला आएको उनले औंल्याए । समाजवादको सैद्धान्तिक बहसलाई व्यावहारिक रूपमा स्थानीय तहबाट निर्माण गर्दै लैजाने पार्टीले निर्णय गरेको उल्लेख गर्दै सोहीअनुसार काम गर्न स्थानीय तहका जनप्रतिनिधिलाई आग्रह गरे । स्थानीय तहबाट समाजवादको अभ्यास गर्ने र विभिन्न अभियानमार्फत जनतालाई अपिल गर्ने उनले बताए । पार्टीले आठौं महाधिवेशनबाट अघि सारेको नेपाली विशेषताको समाजवाद निर्माणको मर्मअनुसार माओवादीले नेतृत्व गरेका कैयौं स्थानीय पालिकाले उत्कृष्ट नतिजा दिँदै आएको उनले दाबी गरे । स्थानीय विशेषताअनुसारको समाजवादको अभ्यासका लागि अब जनतालै फरक महसुस गर्ने कार्यक्रम अघि बढाउनुपर्नेमा उनले जोड दिए ।

माओवादीले समाजवादतर्फको यात्रा सुरु नगरे कुनै न कुनै रूपले देश दुर्घटनामा जाने खतरा उनले औंल्याए । 'अब विकास विदेशीको नक्कल गरेर होइन, आफ्नै विशेषतामा अघि बढाउनुपर्छ । आउने पिँढीको भविष्यलाई समेत ध्यान दिएर नेपाली समाजमा अग्रगामी विकल्प दिनुपर्ने दायित्व माओवादीको काँधमा आएको छ,' उनले भने । प्रचण्डले १८ महिनाको सरकारको अनुभव र सरकारबाट बाहिरिँदै गर्दा जनतामा गरिएको अपिलले सकारात्मक प्रभाव पर्दै गएको र माओवादीप्रति पुनः आकर्षण फर्कन थालेको दाबी गरे । देशको अग्रगामी विकल्प माओवादी मात्रै हो भन्ने तथ्य व्यवहारबाटै पुष्टि गर्ने वेला आएको उनले बताए । प्रचण्डले कांग्रेस-एमाले गठबन्धन सरकारको प्रस्तुति दिनप्रतिदिन कमजोर बन्दै गएको दाबी पनि गरे ।

संक्षेप

हेटौंडा-फाखेल-फर्पिङ सडक २० दिनलाई एकतर्फी

मकवानपुर/ हेटौंडा-फाखेल-फर्पिङ सडक २० दिनका लागि एकतर्फी गरिएको छ । सडक स्तरोन्नति गर्नुपर्ने भएपछि सडक खण्ड एकतर्फी गरिएको हो । प्रदेश पूर्वाधार विकास कार्यालय, मकवानपुरले एक सूचना जारी गर्दै शनिबारदेखि २० दिनका लागि सवारीसाधनको आवागमन एकतर्फी गरिएको जानकारी दिएको छ । कार्यालयले हेटौंडा-फाखेल-हुमानेभन्ज्याङ आयोजनाको मकवानपुरअन्तर्गत इन्द्रसरोवर गाउँपालिकाको कलंकीदेखि महालक्ष्मी खोलासम्म सडक ढलान गर्नुपर्ने भएकाले सवारीसाधन आवागमन एकतर्फी गरेको जनाएको छ ।

इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ४ र २ को सीमा क्षेत्रमा पर्ने माहलक्ष्मी खोलामा पक्की पुल निर्माणको काम पनि भइरहेको छ । सडक ढलानका क्रममा सवारीसाधनको चापका कारण निर्माण कार्यमा असहजता हुने भएकाले सवारी एकतर्फी सञ्चालन गर्ने निर्णय गरिएको प्रदेश पूर्वाधार विकास कार्यालय, मकवानपुर प्रमुख सुजन भण्डारीले बताए । हेटौंडा-फाखेल-हुमाने सडकबाट हेटौंडा-काठमाडौं जाने गरी एकतर्फी सवारी चलाउनुपर्ने भएकाले आवश्यक समन्वय गरिदिन काठमाडौं र मकवानपुर जिल्ला प्रशासन कार्यालयहरूलाई आग्रह गरिएको छ । यसक्रममा हेटौंडाबाट काठमाडौंतर्फ जान हेभी-सिस्नेरी-दक्षिणकालीलाई वैकल्पिक रुटका रूपमा प्रयोग गर्न सकिने उल्लेख गरिएको छ ।

रिडीमा भुसुना आतंकले स्थानीयलाई हिँडडुल गर्नै मुस्किल

गुल्मी/ गुल्मीको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र रिडीमा एक सातादेखि भुसुनाको आतंक फैलिएको छ । भुसुनाका कारण बजार क्षेत्रमा हिँडडुल गर्न समस्या भइरहेको स्थानीयले बताएका छन् । रिडी बजार क्षेत्र, भित्री सडक तथा बगरमा व्यापक भुसुना फैलिएको छ ।

आठ-दश वर्षयता छिटफुट भुसुना देखिए पनि अहिले व्यापक रहेको रिडीका युवा व्यवसायी सुन्दर कसजूले जानकारी दिए । उनका अनुसार बजारमा मास्क, हेलमेट र चस्माविना खुला तथा मोटरसाइकलमा हिँड्न समस्या भइरहेको छ । बिहान घामको तापसँगै भुसुना व्यापक रूपमा उड्न थाल्ने कसजूले बताए । नाक, मुख र आँखामा पस्ने भएकाले स्थानीयको दैनिक कष्टकर बनिरहेको छ । स्थानीयस्तरमा गरिएका नियन्त्रणका उपाय कुनै काम लागेका छैनन् । 'धुवाँ उडाएर धपाउने कोसिस असफल भएको छ । बरु उल्टै धुवाँले बजार प्रदूषित बन्ने अवस्था छ,' उनले भने, 'नियन्त्रण गर्न नसकेकाले ठुलो समस्या झेल्नुपरिरहेको छ,' उनले भने । भुसुनाको तत्काल स्वास्थ्यमा प्रभाव देखिएको छैन । रुरु प्राथमिक स्वास्थ्य केन्द्रका डा. श्रृतासन ज्ञवालीले भुसुनाको स्रोत पत्ता लगाएर रोग सार्ने वा नसार्ने विषयमा भन्न सकिने बताए । तर, आँखामा छिरेर आँखाको जलन र नाकमुखमा छिरेर इरिटेसन गरिरहेको उनको भनाइ छ । साथै, खोकी र हाच्छिउँसमेत गराउने भएकाले स्थानीयको जनजीवन प्रभावित भएको उनले बताए ।

खरखडाईका लागि दुई दिन निकुञ्ज खुला

बर्दिया/ बर्दिया राष्ट्रिय निकुञ्जले सर्वसाधारणका लागि निकुञ्ज खुला गरेको छ । मध्यवर्ती क्षेत्रमा रहेका बासिन्दालाई आवश्यक पर्ने खरखडाईका लागि निकुञ्ज खुला गरिएको बर्दिया राष्ट्रिय निकुञ्जको कार्यालयले जनाएको छ । निकुञ्जको अनुमतिविना प्रायः प्रवेश पाइँदैन । तर निकुञ्जले प्रत्येक वर्ष खरखडाईका लागि निकुञ्ज खुला गर्ने गर्छ । जसले गर्दा निकुञ्ज आसपासका स्थानीयवासीले निकुञ्जले तोकेअनुसारको आफूलाई आवश्यक पर्ने सामान ल्याउन पाउँछन् ।

निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा भएको व्यवस्थाअनुसार निकुञ्जआसपासका बासिन्दालाई खरखडाईका लागि प्रवेश दिएको बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ अधिकृत सरोजमणि पौडेलले बताए । 'बर्सेनि निकुञ्जले खरखडाईका लागि खुला गर्ने गर्छ । सोहीअनुसार यस वर्ष खरखडाईका लागि ९ र १० फागुनमा निकुञ्ज खुला गरिएको छ । ८२ स्थानबाट निकुञ्ज प्रवेशका लागि अनुमति दिएको छ । सोहीअनुसार निकुञ्ज, नेपाली सेनालगायतको जनशक्ति परिचालन गरी सुरक्षा व्यवस्था मिलाइएको छ,' उनले भने ।

■ राधिका शाक्यको आत्मकथा 'करुणा' विमोचन

ओली र शाक्यले सम्झिए विगत

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले चरम दुःखका दिन भोगेको स्मरण गरेका छन् । श्रीमती राधिका शाक्यले लेखेको आत्मकथा 'करुणा' विमोचन कार्यक्रममा शनिबार ओलीले विगत स्मरण गरेका हुन् । १४ वर्ष जेल र ६ वर्ष भूमिगत राजनीतिको पनि उनले स्मरण गरे ।

'जेलबाट चप्पल लगाएर निस्किएको एउटा कैदी प्रधानमन्त्री भयो भनेर होच्याउनेहरू पनि छन् । सायद तिनीहरू श्रीपेच लगाएका मान्छेले आफूलाई रैती बनाएको देख्न चाहन्छन् । जनताको छोरो प्रधानमन्त्री भएको देख्न चाहँदैनन्,' ओलीले भने ।

जेलबाट चप्पल लगाएर निस्किएको एउटा कैदी प्रधानमन्त्री भयो भनेर होच्याउनेहरू पनि छन् । सायद तिनीहरू श्रीपेच लगाएका मान्छेले आफूलाई रैती बनाएको देख्न चाहन्छन् । जनताको छोरो प्रधानमन्त्री भएको देख्न चाहँदैनन् ।

ओलीले बिहे गर्ने बेलामा आफूसँग श्रीमती पाल्ने अवस्था नभएको र विगतमा घरज्वाइँ बसेको पनि स्मरण गरे । 'त्यतिबेला एउटी श्रीमतीसमेत पाल्ने अवस्था थिएन । धाक लाउने ठाउँ थिएन । म पाल्न सक्दिनँ । पाल्न सक्ने हुती भएको मान्छे म होइन । मैले सही कुरा खुलस्त भन्ने गर्छु । त्यतिबेला पनि त्यसैगरी भनेको हुँ,' उनले स्मरण गरे, 'गृहमन्त्री भइयो । बसिरहेको कोठा छाडेर मन्त्री क्वार्टर गइयो । हट्न पऱ्यो त्यहाँबाट त्यसपछि कतै कोठा पाइएन ।'



घरज्वाइँ बसेको भन्दा आफूलाई हीनताबोध नभएको पनि उनले बताए । उनले आफू गाईभैंसी चराएर, खेत खनजोत गरेर आएको स्मरण पनि गरे ।

राधिका शाक्यले थुप्रै चुनौती हुँदाहुँदै करुणा भावले जितेर ओलीसँग बिहे गर्ने निर्णय गरेको स्मरण गरिन् । 'यो निर्णय म आज यो स्थानमा हुन्छु अथवा उहाँ कुनै समय मन्त्री, प्रधानमन्त्री हुनुहोला भन्ने खालको कुनै पनि महत्वाकांक्षा मैले राखेको थिइनँ,' उनले भनिन्, 'तर पनि समय र परिस्थितिले र न्यायप्रेमी नेपाली दिदीबहिनीहरू, दाजुभाइहरू सम्पूर्णको सहयोगबाट आज उहाँ चार चारपल्ट यो देशको प्रधानमन्त्री हुन सफल हुनुभएको छ । यसमा तपाईहरू सम्पूर्णको साथसाथै मेरो पनि केही योगदान अवश्य पनि छ । त्यसैले पनि मैले यो किताबको नाम करुणा राखेकी हुँ ।'


ओलीलाई पहिला ठुलै नेता भन्नेहरूले पनि अहिले भैंसी गोठालो, गोठालोको छोरो भनेर हेपेर सामाजिक सञ्जालमा कमेन्ट गरेको विषय उल्लेख गर्दै राधिकाले भनिन्, 'त्यतिबेला पनि मैले कोरेको थिएँ, एउटा भैंसी गोठालोसँग बिहे गरेकोमा मलाई ठूलो गर्व लाग्छ ।'

०४४ मा बिहे गरेर १७ वर्षसम्म विभिन्न डेरामा बसेको शाक्यले स्मरण गरिन् । ०६० मा बालकोटको घर बनाएर सरेको उनले बताइन् । 'त्यो घर कसरी बन्यो, के भयो ? एक एक हिसाब बुझाउन म तयार छु । आफ्नै पसिना, आफ्नै मिहेनतले घर बनाएका छौं,' उनले भनिन् । आफ्नो जीवनशैली सामान्य र मितव्ययी रहेकाधपाउनुपर्छ भन्ने उद्देश्यसहित लागेको उनले बताइन् ।

राजनीतिक प्रशिक्षणमा रास्वपा

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले राजनीतिक प्रशिक्षण थालेको छ । केन्द्रीय प्रशिक्षण विभागले केन्द्रीय समितिका सदस्यलाई राजनीतिक प्रशिक्षण सञ्चालन गरेको हो । कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार शुक्रबारबाट सञ्चालन भएको प्रशिक्षणको पाठ्यक्रम केन्द्रीय समितिबाट स्वीकृत गरिएको थियो । नयाँ बन्दै गरेको संगठनलाई प्रशिक्षण गर्दै जाने योजनास्वरूप रास्वपाले केन्द्रदेखि प्रशिक्षण आरम्भ गरेको छ । यसअघि उपलब्ध विज्ञको आधारमा रास्वपाले प्रशिक्षण गर्दै आएको थियो ।

रास्वपाको स्वीकृत पाठ्यक्रमको पहिलो प्रशिक्षण केन्द्रीय कार्यालय वनस्थली काठमाडौंमा आयोजना भएको हो । पार्टी कार्यवाहक सभापति डोलप्रसाद अर्यालले प्रशिक्षणको औचित्य र महत्त्वबारे प्रकाश पारे । प्रशिक्षणमा कार्यवाहक सभापति, उपसभापति, कार्यवाहक महामन्त्री, सहमहामन्त्रीहरू, कोषाध्यक्ष, सहकोषाध्यक्ष, केन्द्रीय सदस्यहरू, सांसदहरूको उपस्थिति थियो । प्रशिक्षणमा मूल ६ वटा मुख्य विषय समेटिएको छ । जसअन्तर्गत राजनीतिक प्रशिक्षण, शासन प्रणाली, समाज, सामाजिक न्याय र कानुन, अर्थराजनीति र भूराजनीति सांगठनिक, जिम्मेवारी र लक्ष्य र प्रशासनिक व्यवस्था रहेका छन् । प्रशिक्षणका ६ मुख्य शीर्षकलाई १५ भागमा विभाजन गरी ५६ वटा विषयमा प्रशिक्षण दिइएको हो । प्रशिक्षणमा कक्षागत प्रशिक्षण, व्यावहारिक अभ्यास र दस्तावेज अध्ययनलाई विधिको रूपमा लिइएको छ । जसमा व्याख्यान, प्रस्तुति र समूह छलफल, घटना अध्ययन, भूमिका नाटक र सामूहिक कक्ष, सम्बन्धित पुस्तक, संविधान र पार्टी दस्तावेज अध्ययनजस्ता विधि समावेश गरिएको छ । रास्वपाले केन्द्रीय प्रशिक्षणमा प्रयोग गरेको सामग्रीका आधारमा प्रदेश, जिल्ला र स्थानीय पालिका संगठनलाई समेत प्रशिक्षण दिने तयारी गरेको छ ।





चिकित्सा सेवा र निराश चिकित्सक

मोफसलका प्रतिष्ठान एवं अस्पतालमा विशेषज्ञ चिकित्सकको अभाव भइरहँदा वीरलगायत अस्पतालमा उनीहरूलाई अनावश्यक रूपमा थुपार्नुले के सन्देश देला ?



● प्राडा ढुण्डीराज पौडेल

अग्रलेख

पंक्तिकार ०३९ सालतिर मेडिकल असिस्टेन्टको हैसियतले दाङको घोराहीस्थित महेन्द्र अस्पतालमा नियुक्त भई जाँदा पूरै राप्ती अञ्चल नै चिकित्सकविहीन थियो। केही दशकअघिसम्म जिल्ला-जिल्लामा चिकित्सक अभावका कारण बिरामीको उपचार त परको कुरा, महिनौँ चिकित्सक अभावमा शव परीक्षण हुन नसक्दा सडेगलेका खबरसमेत सम्प्रेषित हुन्थे।

भारत, सोभियत संघलगायत विभिन्न देशबाट बर्सेनि केही दर्जन चिकित्सक आउने गरेकोमा ०४० देखि स्वदेशमै उत्पादित चिकित्सक सरकारी स्वास्थ्य सेवामा थपिन थाले। क्रमशः स्वदेश एवं विदेशमा निजी खर्चमा समेत चिकित्सा शिक्षाको अवसर खुलेसँगै ३० वर्षअघिसम्म दुई हजारमा रहेका चिकित्सकको संख्या हाल ३५ हजार नाघेको छ र १० हजारभन्दा बढी विशेषज्ञ चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका छन्।

कुल चिकित्सकमध्ये ३० प्रतिशतजति विदेशमा रहेको अनुमान गर्न सकिन्छ। चिकित्सक बिदेसिने क्रम नयाँ होइन। काउन्सिल दर्ता १७७१ रहेको पंक्तिकारलाई सम्झना छ, पचासको दशकमै एमबिबिएस अध्ययन गर्दा नै चिकित्सा विद्यार्थी अमेरिका जान लाइसेन्स परीक्षा दिने तयारी गर्थे। एमबिबिएस उत्तीर्ण भएको केही वर्षमै अमेरिकामा रेजिडेन्सी गर्न जानेको संख्या उल्लेख्य हुन्थ्यो। पंक्तिकारका सहपाठीमध्ये एकतिहाइले सोही मार्ग अपनाए। एमबिबिएस मात्रै होइन, एमएस, एमडी, डिएम, एमसिएचजस्ता अति विशिष्ट चिकित्सा उपाधि प्राप्त चिकित्सकसमेत रेजिडेन्सी गर्न अमेरिका गइरहेका छन्। नेपालमा मात्रै होइन, भारत बंगलादेश, पाकिस्तान आदि देशमा समेत यही स्थिति छ।

चिकित्सकको उपस्थिति मात्रै अपर्याप्त : पछिल्लो समयमा विभिन्न कारणले सरकारी स्थायी सेवाप्रति चिकित्सकको आकर्षण बढ्दो छ। पदोन्नति एवं उच्च अध्ययनका निम्ति नेपालमा चिकित्सकले दुर्गममा जानुपर्ने कानुनी बाध्यता र छात्रवृत्तिमा अध्ययन गरेकाले दुई वर्ष खटाएको ठाउँमा सेवा गर्नैपर्ने प्रावधानका कारण अहिले जिल्लाका सरकारी स्वास्थ्य संस्थामा कम्तीमा चिकित्सकको अभाव छैन। एमबिबिएस मात्रै होइन, एमएस, एमडीदेखि एमसिएच, डिएमजस्ता उच्च शैक्षिक योग्यता प्राप्त चिकित्सकसमेत विभिन्न सरकारी अस्पतालमा दुई वर्ष काम गर्न बाध्य छन्।

तर, चिकित्सकले तोकिएको अवधि बिताउन बाध्य हुँदैमा नागरिकमा सेवा प्रवाह हुन सक्दैन भन्ने हेक्का नराखिनु विडम्बना छ। प्रभावकारी चिकित्सा सेवाको सुनिश्चितताका निम्ति पूर्णकालीन उच्च मनोबलयुक्त योग्य र उत्प्रेरित चिकित्साकर्मी, आवश्यक उपकरण एवं औजार तथा भौतिक पूर्वाधार अपरिहार्य छ। न डाक्टर पठाएर, न सिटी, न एमआरआई थप्दैमा नै सेवा प्रवाह हुन सक्छ। वीरजस्तो केन्द्रीय अस्पतालमा त संसारमै दुर्लभ महँगा अत्याधुनिक उपकरणको सदुपयोग हुन नसकी थोत्रिएर बेकामे हुन पुगेका उदाहरण छन्। केही वर्षअघि एक उत्साहित स्वास्थ्यमन्त्रीले मोफसलका कैयौँ अस्पतालमा समेत आइसियू, हेमोडायलाइसिस सेवा सुरुवात त गराए, तर अहिले तिनको अवस्था अत्यन्त कमजोर छ।



संघीय सरकारको जिम्मेवारी : सुरक्षाजस्तै कम्तीमा चिकित्सकीय उपचार सेवालाई संघअन्तर्गत नै राखिनुपर्छ। सबै प्रदेश र पालिका सक्षमताका दृष्टिले समान छैनन् र हुन सम्भव पनि छैन। नेपालको आधुनिक चिकित्सा सेवाको इतिहास धेरै लामो पनि छैन। कम्तीमा विशेषज्ञ स्तरको चिकित्सा सेवाको जिम्मेवारी संघीय स्वास्थ्य मन्त्रालयले नै वहन गर्नुपर्छ। अपवादबाहेकका पालिका चिकित्सा सेवा व्यवस्थापन गर्न सक्षम छैनन्। हचुवाका भरमा कसरी चिकित्साजस्तो संवेदनशील सेवा व्यवस्थापन गर्न सकिन्छ ?

एकीकृत स्वास्थ्य प्रतिष्ठान ऐन : सार्वजनिक अस्पतालको स्तर वृद्धि गर्दै क्रमशः शिक्षण अस्पतालमा रूपान्तरण गर्नुको साटो सञ्चालनमा रहेका ५० शय्याका अस्पताललाई प्रतिष्ठानका रूपमा रूपान्तरण गरी सबैमा उपकुलपतिलगायत पदमा राजनीतिक नियुक्ति हुँदा आर्थिक बोझ बढ्नुका साथै राजनीतिक आडमा अनेकखाले दबाब, बेथिति, अनुशासनहीनता, भ्रष्टाचार र अनुशासनहीनता मौलाउँदो छ। मोफसलका प्रतिष्ठान एवं विभिन्न अस्पतालमा विशेषज्ञ चिकित्सकको अभाव भइरहँदा वीरलगायत केही अस्पतालमा उनीहरूलाई अनावश्यक रूपमा थुपार्नुले के सन्देश देला ?

सापेक्षिक रूपमा निजी अस्पतालमा भन्दा कम सेवा प्रदान गर्ने सार्वजनिक अस्पतालको व्यवस्थापन खर्च ज्यादा छ। निर्माण, मर्मत, सम्भार, औषधि एवं उपकरण खरिदमा स्तरहीनता र आर्थिक चुहावट व्याप्त छ। ठुलो रकम निकासासँगै सम्बन्धित पार्टी नेतृत्व, तिनका परिवारजनबाट समेत ठुलो दबाब सिर्जित हुँदा संस्था प्रमुखहरू खर्च गर्न हिच्किचाउँछन् र रकम फ्रिज हुने गरेको छ। सरकारी मात्रै होइन, राज्यले प्रतिष्ठान एवं गैरसरकारी मेडिकल कलेजजस्ता तुलनात्मक रूपमा सहज उपचार सेवा प्रदान गरिरहेका संस्थामा समेत आवश्यक विशेषज्ञ जनशक्ति व्यवस्थापनमा सहयोग गरी सेवा प्रवाहमा सहजीकरण गर्न सक्छ।

विशेषज्ञहरूको तार्किक व्यवस्थापन : अहिले नेपालमा अन्य विशेषज्ञताका जस्तै विभिन्न विधाका शल्यचिकित्सकको संख्यामा पनि वृद्धि भइरहेको छ। तर, तिनलाई कसरी परिचालन गर्ने भन्ने सवाल नै पेचिलो बन्न पुगेको छ। नेपालमा उत्साहप्रद वातावरण बन्न सके विभिन्न देशमा कार्यरत विशिष्ट योग्यता र क्षमताका नयाँ पुस्ताका योग्य उत्साहित चिकित्सक नेपालमा आई प्रत्यारोपणलगायत विभिन्न उपचार सेवा प्रदान गर्न इच्छुक पनि छन्। विशेषज्ञताका नवौँ र दसौँ तहका दरबन्दी नै अलग गर्न सके दरबन्दी थप्न सकिन्छ। मोफसलका अस्पतालमा शल्यक्रियासहितको व्यवस्थाका लागि कम्तीमा प्रत्येक विधामा दुई विशेषज्ञ चिकित्सक रहने व्यवस्था हुनुपर्छ।

अग्रज चिकित्सकको जिम्मेवारी : नेपालका स्थापित र चर्चाको शिखरमा पुगेका केही वरिष्ठ प्रभावशाली विशेषज्ञ चिकित्सकमा सीप र दक्षता प्राप्त नयाँ पुस्ताका विशेषज्ञ चिकित्सकमा अपेक्षित उत्प्रेरणा र उत्साह भर्ने उदारता नदेखिनु उदेकलाग्दो छ। चिकित्सा सेवाको सुधारमा एकल व्यक्तिको प्रयास मात्रै सफल हुन्न। कम्तीमा सामूहिक परिचालन र सक्षम नेतृत्व अपरिहार्य छ।

स्वदेशमा उपचार सेवाको वृद्धि : विगतमा संक्रामक रोग नै मृत्युको मुख्य कारण बन्ने गर्थे भने अहिले शल्यचिकित्सा एवं अन्य विशेषज्ञ सेवा आवश्यक पर्ने रोगीको उपचार नै मुख्य सवाल बनेको छ। नेपालमा अहिले वीर, शिक्षण, गंगालाल, प्रत्यारोपण केन्द्र, निजामतीदेखि संघीय राजधानी एवं मोफसलका सार्वजनिक एवं निजी मेडिकल कलेज, कर्पोरेटलगायत अस्पतालमा नयाँ एवं युवापुस्ताका उत्साहित दक्ष एवं सक्षम विशेषज्ञ चिकित्सक कार्यरत छन्। तर, तिनलाई सरकार र सम्बन्धित संस्थाले मात्रै होइन, दशकौँदेखि स्थापित अग्रजले समेत सहजीकरण गरिदिन सकेका छैनन्। आफ्नो आर्थिक लाभ या लोकप्रियता पो खोसिने हो कि भन्ने सोचले काम गरेको प्रतीत हुन्छ। योग्य एवं दक्ष चिकित्सकले काम नपाएर कुण्ठित र निराश भई बस्नुपर्ने, विदेशतिरै आँखा लगाउनुपर्ने स्थिति एकातिर छ भने अर्कातिर भारतका महँगा अस्पतालमा उपचारार्थ जाने नेपालीको संख्या बढ्दो छ।

निजी क्षेत्रसँग सहकार्य र नियमन : निजी क्षेत्रलाई फगत नाफामुखी मात्रै भन्दा पनि मुलुकका न्यून आर्थिक अवस्था भएका नागरिकलाई बचाउने च्यारिटी या निःशुल्क सेवासमेत प्रदान गर्न प्रोत्साहित गर्ने उपाय पनि सरकारले अपनाउन आवश्यक छ। संविधानअनुसार कोही पनि आर्थिक अभावका कारण आकस्मिक उपचार सेवाबाट वञ्चित हुनु नपरोस् भनि सार्वजनिक एवं निजी क्षेत्रमा समेत आकस्मिक सेवा अनिवार्य गरी राज्यले परिपूरणको व्यवस्था गर्नुपर्छ।

> चिकित्सा शिक्षाका विद्यार्थीमध्ये नपढ्ने एकथरीलाई कोर्स छिचोल्न कठिन छ भने पढ्ने अर्काथरीको मनमा चिकित्सा उपाधि हासिल गरेका अग्रजको असन्तुष्टि र निराशाले पनि नकारात्मक भाव पैदा गरिरहेको छ

नेपालमा सार्वजनिकमा मात्रै होइन, बहुसंख्यक निजी या कर्पोरेट क्षेत्रमा काम गर्ने विशेषज्ञसमेत सन्तुष्ट, उत्साहित र आशावादी छैनन्। नियमित र सन्तोषजनक पारिश्रमिकबाट वञ्चित हुने अवस्था एकातिर छ भने अर्कातिर ज्ञान, सीप र आचारसंहितालाई लत्याएर लगानीकर्ता या सञ्चालकको दबाबमा सेवाग्राहीमाथि उपचारका नाममा आर्थिक भार थोपर्ने प्रवृत्ति पनि छ। त्यति मात्रै नभई गुणवेत्ता र तार्किक उपयोगलाई समेत बिर्सेर अनावश्यक औषधिसमेत प्रेस्क्राइब गर्ने प्रवृत्तिले नागरिकको स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्न सक्छ।

चिकित्सकमा बढ्दो निराशा : सरकारी या निजी कर्पोरेट सबै संस्थामा कार्यरत बहुसंख्यक चिकित्सक अल्प अवधिमै निराश र निरुत्साहित देखिन्छन्। यसको मुख्य कारण भनेको आर्थिक सुविधाको कमी र असुरक्षा नै हो। नेपालमा सार्वजनिकमा मात्रै होइन, बहुसंख्यक निजी या कर्पोरेट क्षेत्रमा काम गर्ने विशेषज्ञको पनि अवस्था त्यही छ। चिकित्सा शिक्षामा संलग्न प्राध्यापकको नाताले अनुभव गरेको तितो यथार्थ हो- चिकित्सा शिक्षाका विद्यार्थीमध्ये नपढ्ने एकथरीलाई कोर्स छिचोल्न कठिन छ भने पढ्ने अर्काथरीको मनमा चिकित्सा उपाधि हासिल गरेका अग्रजको असन्तुष्टि र निराशाले पनि नकारात्मक भाव पैदा गरिरहेको छ। आखिर विदेश जानैपर्ने भए पढेर मात्रै के हुन्छ ? भन्ने प्रश्न धेरैको मथिंगलमा उब्जिने गरेको छ। एमबिबिएसको कक्षा लिँदालिँदै चिकित्सा शिक्षाको महत्त्व र पेसाको प्रतिष्ठाबारे विद्यार्थीलाई मनोवैज्ञानिक परामर्श दिनु जरुरी देखिन्छ।

मेडिकल काउन्सिलको जिम्मेवारी : औषधिको गुणवेत्ताको सुनिश्चितताको अभाव, उपचारमा चरम आर्थिक शोषण, औषधि प्रेस्क्रिप्सनमा तार्किकताको अभाव, चिकित्सा विज्ञानमा निरन्तर भइरहेका अनुसन्धान एवं नवीन ज्ञान र सीप अद्यावधिक नभई निरन्तर रूपमा कायम पुरातन उपचार शैली, लामालामा प्रेस्क्रिप्सन, अपारदर्शिता, बिचौलियाको बिगबिगी आदि बेथिति र विकृतिले नेपालको समग्र स्वास्थ्य सेवा नै ग्रस्त छ। विशेषगरी सर्वसाधारण नागरिकमाथि उपचारका नाममा चरम शोषण हुने गरेको छ। यसतर्फ मेडिकल काउन्सिलको ध्यान जानुपर्ने हो। पेसागत संगठनजस्तो सबै चिकित्सकबाट निर्वाचित हुने पद्धतिको सट्टा विभिन्न विधाका चिकित्सकको प्रतिनिधित्व हुने गरी चुस्त दुरुस्त प्रभावकारी नियमनकारी निकायको कानुनी व्यवस्था गर्न ढिला भइसकेको छ।

चिकित्सक संघको जिम्मेवारी : नेपालको सबैभन्दा पुरानो मात्रै नभई साधनस्रोतले सम्पन्न चिकित्सक संघले चिकित्सा सेवाको महत्त्वपूर्ण पक्ष मूलतः चिकित्सक व्यवस्थापन या परिचालनमा राज्यलाई ठोस उपायसहित सुझाव एवं दबाबसमेत गर्ने मात्र होइन, चिकित्सा क्षेत्र सुधारका लागि आवश्यक ऐन, नीति-नियम एवं कार्यान्वयनका लागि निर्णायक भूमिका निर्वाह गर्न सक्छ। चिकित्सकमाथि हातपात हुँदा विरोध गर्नेदेखि विभिन्न कर्मकाण्डी कार्यमा सीमित हुनभन्दा स्वास्थ्य क्षेत्रको बजेट वृद्धिका साथै उत्प्रेरित जनशक्तिका लागि दिइनुपर्ने प्राथमिकता, उचित बाँडफाँड, समयमै खर्च गर्ने क्षमता, समयमै निकासा, चिकित्सकसहित जनशक्तिको सुविधा, उत्प्रेरणा, संरचना, बजेटको सदुपयोगजस्ता सवाललाई महत्त्वसाथ उठाउनुपर्छ। चिकित्सा क्षेत्रमा व्याप्त चरम शोषण, भ्रष्टाचार र विसंगति अन्त्य र समग्र स्वास्थ्य सेवामा सुधारका विकल्पसहित प्रस्तुत हुनुपर्ने जिम्मेवारी पनि नेपालकै सबैभन्दा पुरानो पेसागत चिकित्सक संगठनको हो।

घोषणा कार्यान्वयनको चुनौती : तीन करोड नेपालीको उपचार सेवाको जिम्मेवारी बोकेको स्वास्थ्य मन्त्रालयको स्थायी संयन्त्रलाई मन्त्रीमुखी र अकर्मण्य बनाइएको छ भने काम गर्ने हुटहुटी बोकेका र असल मनसाय बोकेका मन्त्री स्वास्थ्य सेवाबारे बुझ्नै नपाई अल्पावधिमै पदमुक्त हुने गरेका छन्। नयाँ मन्त्रीले पनि पूर्ववर्तीबाट थालनी भएका राम्रा कामलाई निरन्तरता दिनै चाहन्नन्। नयाँ-नयाँ नीति र कार्यक्रम घोषणा गर्छन् र तिनको कार्यान्वयन नहुँदै पदबाट मुक्त हुन्छन्। त्यसैले, चिकित्सा सेवाको सुधार सकसपूर्ण बन्ने गरेको छ।

---

३ प्रश्न

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका पूर्वमहानिर्देशक **जीवनप्रकाश सिटौला**लाई



देश सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा पर्नुले के असर पार्छ ?

यसले असर त पक्कै पनि पार्छ। यसैका कारण वैदेशिक लगानीमा असर पर्न सक्छ। विप्रेषणको लागत बढ्न सक्छ। जोखिमयुक्त देश भनेर एलसीको लागत पनि बढ्न सक्छ। दाता राष्ट्र र संस्थाले पनि यसैका कारण आफ्नो सहयोगमा पुनर्विचार गर्न सक्छन्। यसको मल्टिपल असर देखिन सक्छ। दुई वर्षभित्र राम्रो भयो भने यसबाट बाहिर निस्कन र कालोसूचीबाट जोगिन सकिन्छ।

ग्रे लिस्टमा पर्ने जोखिमबारे पहिल्यै थाहा हुँदाहुँदै पनि सचेत हुन किन नसकिएको होला ?

हो, यसबारे पहिल्यै थाहा थियो। अन्तर्राष्ट्रिय फाइनान्सियल टास्कफोर्स (एफएटिएफ) ले यसबारे वेलावेलामा सचेत गराउँदै आएको पनि थियो। उसले सुझावहरू पनि दिएको थियो। तर, त्यसअनुसार ऐन पनि ढिलै आयो। आएपछि पनि कार्यान्वयनमा तदारुकता देखिएन भने एफएटिएफको भनाइ छ। समग्रमा भन्दा हामीले समयमै एफएटिएफको चित्त बुझाउन सकेनौँ। हामीकहाँ अनुसन्धान, नियमनलगायत कार्य गर्ने संस्थाबीच समन्वयमा पनि कमी छ। त्यसैले पनि समस्या भयो।

अब के गरेमा ग्रे लिस्टबाट बाहिरिन सकिन्छ त ?

नेपालले सम्पत्ति शुद्धीकरणबारे आफ्नो 'एक्सन प्लान' एफएटिएफमा बुझाइसकेको छ। उसले त्यसलाई स्वीकृत पनि गरिसकेको छ। अबका दुई वर्षसम्ममा उसले त्यसको अनुगमन गर्छ। कार्यान्वयनको पाटोबाट ऊ सन्तुष्ट भयो भने हामी ग्रे लिस्टबाट बाहिरिन्छौँ। तर, सन्तुष्ट भएन भने कालोसूचीमा जान पनि सक्छ। त्यो मुलुकका लागि दुर्भाग्यपूर्ण अवस्था हुन सक्छ। हामीले निजी पहलमा यही २३ फागुनमा काठमाडौँमा एन्टी मनी लाउन्डरिङ कन्फ्रेन्स गर्दै छौँ। त्यहाँबाट पनि के गर्ने र कसरी गर्ने भन्ने सम्बन्धमा सरकारलाई सुझाव दिनेछौँ।

प्रेरक प्रसंग

भिक्षु र प्राध्यापक

एक प्राध्यापक आफूलाई निकै विद्वान् ठान्थे। उनी हत्तपत्त अरूसित हार मान्दैनथे। आफू अनेक विषयको विज्ञ भएको अभिमान उनमा थियो। एकपटक कक्षामा एक छात्रले उनीसित बौद्ध दर्शनबारे निकै गहन प्रश्न सोधे। उत्तर दिने क्रममा प्राध्यापक निकै अलमलिए र उनले विद्यार्थीको जिज्ञासा शान्त पार्न सकेनन्। परिणामतः उनले आफूले बौद्ध दर्शनबारे धेरै बुझ्न बाँकी नै रहेको अनुभव गरे।



अर्को दिन उनी आफ्नो निवासबाट नजिकै रहेको एक गुम्बामा बस्ने बौद्ध भिक्षुलाई भेट्न गए। उनी पुग्दा भिक्षुले भर्खरै आफ्नो ध्यान पूरा गरेका थिए। प्राध्यापकले भिक्षुलाई आफ्नो समस्या सुनाए र आफूलाई बौद्ध दर्शनबारे ज्ञान दिन अनुरोध गरे। उनको समस्या बुझेर भिक्षुले उनलाई शान्त रहन आग्रह गर्दै सहयोगीहरूबाट चिया मगाए। भिक्षुको आग्रहमा मौन रहनुको साटो प्राध्यापक आफ्ना बारेमा बढाइचढाइ गरेर भिक्षुलाई सुनाउन थाले। भिक्षु शान्त भई उनका कुरा सुनिरहे। प्राध्यापक अनेक कुरा सुनाइरहे। केहीबेरमा भिक्षुका सहयोगीले एक चियादानीमा चिया र दुई खाली कप ल्याइदिए। भिक्षु चियादानी लिएर कपमा चिया खन्याउन थाले। तर, कप भरिइरहँदा पनि उनले चिया खन्याउन रोकेनन्। त्यो देखेर प्राध्यापकले सचेत गराउँदै भने- भन्ते, कप भरिइसक्यो। अब त्यसमा थप चिया अट्दैन। हजुर किन चिया खन्याइरहनुभएको छ ?

प्राध्यापकको कुरा सुनेपछि मुसुक्क हाँस्दै भिक्षुले भने- हो, तपाईंले एकदम ठिक भन्नुभयो। जसरी यो कप भरिइसकेपछि यसमा थप चिया अट्दैन, त्यसैगरी तपाईं पनि आफ्नो विचार र सोचले भरिइसक्नुभएको छ। तपाईंको मस्तिष्कमा नयाँ कुरा अट्ने ठाउँ छैन। त्यसैले, म तपाईंलाई कसरी बौद्ध दर्शनको ज्ञान दिन सकुँला र ? भिक्षुको प्रश्न सुनिसकेपछि प्राध्यापकलाई आफ्नो गल्तीको महसुस भयो। उनले भिक्षुसित क्षमा मागे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेपाली ठग नै हौँ त ?

अमेरीकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपालको नामै किटान गरेर संसारका विभिन्न सञ्चार माध्यममार्फत नेपालमा हामीले वित्तीय संघीयताका लागि बीस मिलियन डलर दियौँ, जैविक विविधता संरक्षणका लागि १९ मिलियन डलर र मतदाता शिक्षाका लागि १.५ मिलियन डलर पनि दिएका छौँ, यी सबै अनुदान ठगी हो भनी दिएको अभिव्यक्तिले हामी सबै नेपालीलाई दुःखी बनाएको हुनुपर्छ। सरकारमा पुगेका र विभिन्न लाभदायक पदमा पुगेका नेता र व्यक्तिलाई यसबारे प्रस्ट थाहा छ। उनीहरूले त्यो सहयोग रकम कहाँ र कसरी खर्च गरे, त्यो उनीहरूले नै जान्ने विषय हो। तर, यसरी कुनै विदेशी राष्ट्रप्रमुखले हामी नेपालीलाई ठग भन्नु हाम्रो अपमान हो। यो अपमान हाम्रै नेता र एनजिओ तथा आइएनजिओवादीका कारण भएको हो।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौँ
2213ncw@gmail.com

अदालतमा किन ढिलासुस्ती ?

केपी ओली यसअघि प्रधानमन्त्री हुँदा पटक-पटक संसद् विघटन गरे र सर्वोच्च अदालतले प्रत्येकपटक संसद् पुनर्स्थापना गरिदियो। तर, त्यसरी गरिएको पुनर्स्थापनासम्बन्धी फैसलाको पूर्ण पाठ अहिलेसम्म पनि आउन नसकेको र फैसला गर्नेमध्ये चारजना न्यायाधीश सेवानिवृत्तसमेत भइसकेको समाचार पढियो। के सर्वोच्च अदालतले एउटा मुद्दाको पूर्ण पाठ सार्वजनिक गर्न यति लामो समय लाग्छ हो ? होइन भने किन ढिलाइ भइरहेको छ ? यसको जवाफ हामी आमनेपाली जनतालाई चाहियो।

● **गौरिका नापित**
छाउनी, काठमाडौँ

बधाई छ सरकार !

नेपाल फेरि पनि सम्पत्ति शुद्धीकरणको 'ग्रे' लिस्टमा परेछ। यसका लागि वर्तमान सरकारलाई बधाई छ। उसकै रातदिनको कुशासन र भ्रष्टाचारका कारण यति ठुलो उपलब्धि भएको हो। वर्तमान सरकार नभएको भए यो यसको नेतृत्व वर्तमान प्रधानमन्त्री केपी ओलीबाहेक अरू कसैले गरेको या अन्य कोही मन्त्री नियुक्त गरेको भए सायद यो उपलब्धि हासिल हुँदो हो कि ? यति भइसकेपछि अब कालोसूचीमै परे राम्रो हुन्थ्यो कि सरकार ?

● **गौरव बुढा मगर**
सामाखुसी, काठमाडौँ

के राजतन्त्रले साँच्चै समाधान दिन्छ ?

नेपालमा राजतन्त्रको अस्त र गणतन्त्रको उदयको करिब डेढ दशकपछि पूर्वराजाद्वारा जारी गरिएको सन्देशमार्फत परिवर्तन र क्रान्तिको आह्वान गरिएको छ। यस सन्देशबाट देशभरिका राजावादी दल तथा संगठन सल्बलाएका छन्। राजतन्त्र पुनर्स्थापनाका निम्ति क्रान्ति गर्न सल्बलाएका संगठनसँग मेरा केही प्रश्न छन्, के राजतन्त्रले देशको स्थिति सुधार गर्छ ? के राजतन्त्रले देशमा सकारात्मक परिवर्तन ल्याउँछ ? के राजतन्त्र पुनर्स्थापनापछि साँच्चै नेपाल समृद्ध र नेपाली सुखी हुन्छ ?

गणतन्त्रको उदयपछि राजनीतिक अस्थिरता, भ्रष्टाचारजस्ता समस्याले जनता निराश छन्, तर राजतन्त्र नै आउनुपर्छ भन्ने विचार सबैको छैन। देशमा राजतन्त्र पुनर्स्थापनाका सम्बन्धमा राष्ट्रिय सहमति छैन। कहीँ राजतन्त्र पुनर्स्थापनापछि पनि अवस्था सुध्रिन नसक्दा पुनः राजतन्त्र हटाउन कुनै समूहले क्रान्ति त थाल्ने होइन भन्ने प्रश्न पनि विचारणीय छ। कहिलेसम्म आमनेपाली जनताले परिवर्तनका नाममा आफ्नो रगत बगाउनुपर्ने हो ? अहिले पूर्वराजाको सन्देशका कारण राजनीतिक वृत्त तातेको छ। राजावादी शक्ति सल्बलाएका छन्। तर, हामी नेपाली जनताले सबै पक्षको तुलनात्मक अध्ययन र गहिरो विचार गरेर मात्र क्रान्तिमा उत्रिनुपर्छ। किनभने, क्रान्तिमा रगत बगाउने पनि हामी नेपाली नै हौँ र केही प्रतिफल हातमा पर्दा निराश हुने पनि हामी नै हौँ।

● **प्रत्युषकुमार झा**, वीरगन्ज, पर्सा

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बंगलादेशी अशान्तिमा गुगलको पक्षपात

भारत र बंगलादेशबिच बढ्दो तनावबिच भारतपक्षीय एक मिथ्या सूचना अभियानले गुगलको पक्षपातलाई साम्प्रदायिकताका लागि प्रयोग गर्दै छ



देश ⁄ विदेश

● अब्दुल अजिज

गुगलको सर्च (खोज) इन्जिनले विश्वभर अधिकांश अनलाइन खोजी सञ्चालन गर्छ, जसले प्रतिसेकेन्ड ६३ लाख प्रश्नको जवाफ दिन्छ। तटस्थ नियमबाट सञ्चालित भएको दाबी गरे पनि यसको एल्गोरिदमले प्रायः पक्षपातपूर्ण नतिजा दिइरहेको हुन्छ। भारत र बंगलादेशबिच बढ्दो तनावका क्रममा भारतपक्षीय एक मिथ्या सूचना अभियानले यो पक्षपातलाई इस्लामविरोधी र आतंक उत्पन्न गर्ने एजेन्डा फैलाउन उपयोग गरिरहेको छ, जसको सम्बन्ध बंगलादेशमा भएका दंगा र हिंसात्मक घटनासँग जोडिएको छ। यसले गुगलको सर्च इन्जिनले जनमत निर्माणमा पार्ने प्रभाव र यसलाई दुरुपयोग गर्न सकिने जोखिमलाई उजागर गर्छ। त्यसैले प्रयोगकर्ताले सतही रूपमा नस्विकारेर गुगलका नतिजालाई आलोचनात्मक दृष्टिले हेर्न आवश्यक छ।

गुगलको सर्च इन्जिनलाई सञ्चालन गर्न यसको एल्गोरिदमले विशाल मात्रामा संकलित डेटा (तथ्यांक) प्रयोग गरेर इन्जिनलाई प्रशिक्षण गर्छ। यो डेटा कम्प्युटर बोटबाट संकलन गरिन्छ, जसले इन्टरनेटका अर्बौं पृष्ठलाई केलाएर स्वचालित रूपमा तिनका सामग्री र गुणस्तर विश्लेषण गर्छन्। यो जानकारी ठुलो डाटाबेसमा संग्रह गरिन्छ, जसले गुगलको सर्च इन्जिनसामु कुनै पनि प्रश्न आउँदा नतिजा प्रदान गर्छ।

तर, यस प्रक्रियाले इन्टरनेटका सबै वेबसाइट समेट्दैन। यो के उच्च गुणस्तरको हो र के निम्न गुणस्तरको हो भन्ने पूर्वनिर्धारित नियमद्वारा नियन्त्रित हुन्छ र यसले डेटामा भएका विद्यमान पूर्वाग्रहलाई प्रतिबिम्बित गर्छ। उदाहरणका लागि विश्वका केवल १६ प्रतिशत जनसंख्याले अंग्रेजी बोल्छन्, तर इन्टरनेटमा रहेका सबै लिखित सामग्रीमध्ये ५५ प्रतिशत अंग्रेजी भाषामा छन्। यसको अर्थ गैरअंग्रेजीभाषी देशको धरातलीय वास्तविकता गुगल सर्च नतिजामा प्रायः देखिँदैन। यो विशेषतः दक्षिणी गोलार्ध (विकासोन्मुख देश) मा रहेका देशका हकमा सत्य देखिन्छ। यस्तो अभावले वास्तविक विश्वका पूर्वाग्रहलाई थप बल दिन्छ र विश्वव्यापी मुद्दाको सूक्ष्म एवं व्यापक बुझाइमा अवरोध पुर्‍याउन सक्छ।

मुसलमान बाहुल्य बंगलादेश र छिमेकी भारत (जसलाई हाल हिन्दु राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) सरकारले नेतृत्व गरिरहेको छ) बिचको सम्बन्ध हाल बिग्रिएको छ। गत अगस्टमा बंगलादेशमा युवा नेतृत्वमा भएको सरकारविरोधी प्रदर्शनले भारत समर्थित प्रधानमन्त्री सेख हासिनाको दीर्घकालीन अधिनायकवादी शासन पतन गरायो।

हासिनाको पतनपछि अन्तरिम सरकारले सत्ता सम्हाले पनि केही भारतीय मिडियाले हिन्दु अल्पसंख्यक अधिकारको मुद्दा प्रयोग गर्दै यसको वैधतामाथि प्रश्न उठाए। नोभेम्बरमा बंगलादेशी अधिकारीले हिन्दु नेता चिन्मय कृष्ण दासलाई राष्ट्रद्रोह आरोपमा पक्राउ गरेपछि हिंसात्मक झडप भए, जहाँ एक मुसलमान कानुन व्यवसायीको मृत्यु भयो र भारतमा रहेको बंगलादेशी वाणिज्य दूतावासमा आक्रमण भयो। बंगलादेशमा हिन्दुविरुद्ध भिड हिंसाका प्रमाणित घटना भएका छन्। तर, बंगलादेशी सरकारले यस्ता घटनालाई साम्प्रदायिक नभई राजनीतिक रूपमा प्रेरित भएको दाबी गरेको छ। यो महिना प्रदर्शनकारीले ढाकामा रहेको अपदस्थ प्रधानमन्त्री सेख हासिनाको पुर्ख्यौली घरमा आक्रमण गरेपछि आन्दोलन थप चर्कियो।

भारत आधारित एक दुष्प्रचार अभियानले बंगलादेशमा हिन्दुविरुद्ध भएका केही धार्मिक हिंसाका घटनालाई बढाइचढाइ गरेको छ। यो अभियानलाई गुगलको एल्गोरिदमिको पक्षपातले थप बल पुर्‍याएको छ। उदाहरणका लागि टेक ग्लोबल इन्स्टिच्युटले गत वर्ष २५ नोभेम्बरदेखि २० डिसेम्बरबिच चिन्मय कृष्ण दासको गिरफ्तारीसम्बन्धी गुगल खोजी नतिजाको विश्लेषण गर्दा 'निरन्तर पक्षपाती ढाँचा' देखाएको थियो। विशेषतः भारतीय समाचार माध्यम, जसमा हिन्दु उग्र-राष्ट्रवादी समाचार संस्था पनि समावेश छन् र यी संस्था 'असन्तुलित रूपमा' शीर्ष सर्च नतिजामा हाबी थिए। यसले घटना भएको बंगलादेशमा खोजी हुँदाहुँदै पनि विश्वसनीय बंगलादेशी सञ्चार माध्यमको तथ्यगत रिपोर्टलाई छायामा पारिदियो। यो पक्षपात विदेशबाट गरिएका खोजीमा पनि स्पष्ट देखियो। उदाहरणका लागि अस्ट्रेलिया र अमेरिकाबाट चिन्मय कृष्ण दाससम्बन्धी खोजीमा लगभग ९० प्रतिशत शीर्ष नतिजा भारतीय समाचार माध्यमबाट थिए। बंगलादेशी समाचार माध्यम भने तेह्रौँ र चौधौँ पृष्ठमा मात्र देखिए।



तस्बिर : राजीव धार/एपी

भारतीय सञ्चार माध्यमले बंगलादेशी समाचार माध्यमविपरीत अंग्रेजीमा ठुलो मात्रामा कन्टेन्ट (विषयवस्तु) उत्पादन गर्छन्। यी संस्थाले अधिक उन्नत सर्च इन्जिन अप्टिमाइजेसन (एसइओ) प्रविधि प्रयोग गर्छन्, जहाँ प्रभावकारी किवर्ड र सनसनीखेज शीर्षक प्रयोग गरिन्छन्। यसले भारतीय सञ्चार माध्यमलाई गुगल सर्च नतिजामा बंगलादेशी समाचार माध्यमको तुलनामा लाभ पुर्‍याउँछ। बंगलादेशी तथ्य जाँच गर्ने संस्था 'रुमर स्क्यानर'ले डिसेम्बर २०२४ मा गरेको अर्को अनुसन्धानले ७२ प्रतिशत मिथ्या र दुराशययुक्त सूचना फैलाउने सामाजिक सञ्जाल एकाउन्ट भारतआधारित भएको पत्ता लगाएको थियो। द कन्भर्सेसनले गुगलसँग यसको सर्च इन्जिनबारे केही प्रश्न गरेको थियो, तर जवाफ आएन।

बंगलादेश एल्गोरिदम निःसृत पक्षपातको वैश्विक समस्याको एक नमुना हो। यसले कसरी सर्च इन्जिनलाई मिथ्या एवं दुराशययुक्त सूचना फैलाउन र मानिसलाई विश्वभर भइरहेका घटनाबारेका धारणालाई शक्तिशाली ढंगले आकार दिन प्रयोग गर्न सकिन्छ भन्ने देखाउँछ। यसले सबैले अनलाइन पाएका जानकारीबारे विशेषतः बंगलादेशको वर्तमान स्थितिबारे आउने सूचनामाथि आलोचनात्मक सोच राख्न आवश्यक भएको दर्साउँछ। यस मामिलाले नीति निर्माता, प्राविधिक कम्पनी र सरकारलाई एल्गोरिदम निःसृत पक्षपातको प्रभावकारी समाधानका लागि सँगै काम गर्नुपर्ने तात्कालिक आवश्यकतामा जोड दिन्छ। यो विशेषतः दक्षिणी गोलार्धमा अत्यन्तै आवश्यक छ, जहाँ सीमान्त आवाजलाई मौन बनाइन्छ।

(अजिज अस्ट्रेलियाको मोनास विश्वविद्यालयका मिडिया तथा सञ्चार अध्ययनका लेक्चरर हुन्)

द कन्भर्सेसनबाट

ट्रम्प प्रशासनका तीन अधिकारीविरुद्ध मुद्दा

न्युयोर्क/ अमेरिकी समाचार संस्था एसोसिएटेड प्रेस (एपी) ले राष्ट्रपति ट्रम्प प्रशासनका तीन अधिकारीविरुद्ध मुद्दा दायर गरेको छ। राष्ट्रपतिको कार्यक्रममा पहुँच नभएको भन्दै ह्वाइट हाउसका चिफ अफ स्टाफ सुसन विल्स, डेपुटी चिफ अफ स्टाफ टेलर बुडोविच र प्रेस सेक्रेटरी कारोलिन लेभिटविरुद्ध एपीले मुद्दा दायर गरेको हो। मुद्दाबारे ह्वाइट हाउसका प्रेस सेक्रेटरी लेभिटले भनिन्, 'हामी यसलाई अदालतमा नै सामना गर्नेछौं।'

ह्वाइट हाउसले समाचार एजेन्सीको पहुँचमा प्रतिबन्ध लगाउन थालेको १० दिनपछि वासिंटन डिसीस्थित अमेरिकी जिल्ला अदालतमा मुद्दा दायर गरिएको हो। ट्रम्पले मनोनीत गरेका अमेरिकी जिल्ला न्यायाधीश ट्रेभर म्याकफेडेनलाई यो मुद्दा हेर्ने जिम्मा दिइएको छ।

एपीले आफ्नो मुद्दा ह्वाइट हाउसले समाचार नियन्त्रणका लागि गरेको असंवैधानिक कदमविरुद्ध रहेको बताएको छ। विल्स, बुडोविच र लेभिटविरुद्ध दायर गरिएको मुद्दामा एपीले भनेको छ, 'प्रेस र संयुक्त राज्य अमेरिकाका सबै मानिसलाई आफ्नै शब्द छनोट गर्ने अधिकार छ, सरकारले प्रतिशोध नलिइयोस्।' अदालतले मद्दाबारे तत्काल टुंगो लगाउनुपर्ने निवेदनमा उल्लेख छ। संविधानको पहिलो संशोधनले प्रेस, वाक् र धार्मिक स्वतन्त्रताको प्रत्याभूति गरेको छ र सरकारलाई तीमध्ये कुनै पनि अवरोध गर्न रोक्छ,' एपीले भनेको छ।

ह्वाइट हाउसबाट कन्जर्भेटिभ पोलिटिकल एक्सन कन्फरेन्समा उपस्थित हुने क्रममा आफूले मुद्दाबारे थाहा पाएको प्रेस सेक्रेटरी लेभिटले बताइन्। उनले भनिन्, 'म ह्वाइट हाउसको सल्लाह लिन चाहन्थें। मुद्दाको चरणमा पुग्नुअघि म के भन्न सक्छु, के भन्न सक्दिनँ भनेर हेर्न चाहन्थें। तर, मलाई लाग्छ हामी सही छौं। हामी यो सुनिश्चित गर्न गइरहेका छौं कि सत्य र सटिकता ह्वाइट हाउसमा हरेक दिन उपस्थित छ।'


यसअघि, राष्ट्रपति ट्रम्पले बिहीबार एपीलाई 'कट्टर वामपन्थी संगठन'को संज्ञा दिएका थिए। मेक्सिकोको खाडीका नामबाट विश्वमा परिचित जल क्षेत्रलाई पुनः नामकरण गर्न प्रयोग गरेको विषयलाई एपीले राष्ट्रपति ट्रम्पले भनेजस्तो गरी व्याख्या नगरेपछि एपीविरुद्ध उक्त आरोप लगाएका थिए। ट्रम्पले आफ्नो कार्यकालको पहिलो महिनामा उक्त क्षेत्रलाई 'गल्फ अफ अमेरिका'को संज्ञा दिएका थिए। तर, एपीले उनको आदेशबमोजिम 'गल्फ अफ अमेरिका' नलेखेपछि कार्यकारी आदेश पालना नगरेसम्मका लागि भन्दै एपीका पत्रकारलाई ह्वाइट हाउस प्रवेशमा प्रतिबन्ध लगाएका थिए। ह्वाइट हाउसले एपीका पत्रकारलाई एयर फोर्स वान र ओभल अफिसमा प्रवेश रोक लगाएको छ।

बिहीबार राजधानी वासिंटनमा रिपब्लिकन गभर्नर्स एसोसिएसनलाई सम्बोधन गर्दै ट्रम्पले भने, 'हाम्रो एउटा समाचार संस्थासँग लडाइँ छ, जुन एक 'कट्टर वामपन्थी संगठन' हो। उसले मेक्सिकोको खाडीका रूपमा चिनिँदै आएको क्षेत्रलाई अमेरिकाको खाडी भनौं भनी हामीले गरेको प्रस्ताव अस्वीकार गर्छ। यसले हामी सबैलाई नराम्रो व्यवहार गर्छ।'

उनले सम्भावित कानुनी कारबाहीबारे उल्लेख नगरी अगाडि भने, 'हामी अहिले कुनै पनि पत्रकार सम्मेलनबाट उनीहरूलाई बाहिर निकालिरहेका छौं। मलाई विश्वास छ कि उनीहरूले मुद्दा हाल्नेछन् र सायद उनीहरूले जित्नेछन्, फरक पर्दैन। यो केवल यस्तो कुरा हो, जसको बारेमा हामी दृढतापूर्वक महसुस गर्छौं।'

इतिहासमा आज

फेब्रुअरी २३



सन् १४५५ : जोहानेस गुटेनबर्गको बाइबल प्रकाशित। जोहानेस गुटेनबर्गको बाइबल संस्करण मुभेबल टाइपमा छापिएको पहिलो पुस्तक थियो।

सन् १९१७ : रुसमा फेब्रुअरी क्रान्ति सुरु। सशस्त्र झडपले अन्ततः रुसी साम्राज्यको विनाश निम्त्यो।

सन् १९३८ : १२ चिनियाँ लडाकु विमानले जापानमा शृंखलाबद्ध बम विस्फोट गराए।

सन् १९४७ : इन्टरनेसनल अर्गनाइजेसन फर स्ट्यान्डर्डाइजेसन (आइएसओ) ले आफ्नो नियमित काम सुरु गऱ्यो। आइएसओले साइकल टायरदेखि मिति ढाँचासम्म सबै कुराको मापदण्ड जारी गर्छ।

सन् १९४९ : ग्लेन टी सिबोर्ग र उनको टोलीले रासायनिक रूपमा प्लुटोनियम पहिचान। रेडियोधर्मी यो तत्त्वले परमाणु इन्धन वा आणविक हतियारको रूपमा महत्त्वपूर्ण भूमिका खेल्छ।

सन् १९५४ : पोलियोविरुद्ध पहिलो सामूहिक खोप सञ्चालन गरियो, हिलारी कोप्रोब्स्कीको लाइभ पोलियो खोपसँगै भाइरोलोजिस्ट जोनास साल्कको खोप आज पनि प्रयोग हुने दुई संस्करणमध्ये एक हो।

६ इजरायली बन्धक मुक्त

गाजा सिटी/ हमास समूहले ६ जना इजरायली बन्धकलाई मुक्त गरेको छ। इजरायली सुरक्षा बलले शनिबार रिहा भएका ती व्यक्तिलाई बुझी इजरायली भूमिमा फिर्ता गरेको इजरायली सेनाले जनाएको छ। गत जनवरी १९ मा सुरु भएको युद्धविराम सम्झौताको पहिलो चरणअन्तर्गत यी बन्धकलाई मुक्त गरिएको हो।

नबिल बैंक लिमिटड सि.वि.यू विभाग, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/११/११)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको विवरण

कम्पनी ऐन २०२१ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभागमा मिति २०४२/०६/२८ मा प्रा.लि.नं. २१६९/०४२ अन्तर्गत दर्ता भएको **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.**।
ठेगाना: काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ०३।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. हुसेनी राउत कुर्मिको नाति, खिमा नन्द पाण्डेको छोरा रुपन्देही जिल्ला सिद्धाथनगर गा.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १८९९३ (जारी मिति: २०६०-०४-१२, स्थान रुपन्देही) भएको **राजु पाण्डे**।
२. ऋषि भक्त रानाको नाति, भिम कुमार रानाको छोरा दाङ्ग जिल्ला त्रिभुवन नगर न.पा. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. ३९८०/२८०७ (जारी मिति: २०४०-०४-१२, स्थान दाङ्ग) भएको **लक्ष्मण कुमार राना**।
३. विष्णु बहादुर बस्नेतको नाति, नर बहादुर बस्नेतको छोरा महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. २०७/१८९५ (जारी मिति: २०३८-१०-२२, स्थान काठमाण्डौं) भएको **रेवन्त कुमार बस्नेत**।
४. मनोहर सिंह महर्जनकी छोरी भिम कुमार रानाकी बुहारी, लक्ष्मण कुमार रानाकी श्रीमती, दाङ्ग जिल्ला त्रिभुवन नगर न.पा. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. २०७२/९९९ (जारी मिति: २०५३-०९-२४, स्थान दाङ्ग) भएकी **निसा राना**।
५. तार्पु दोर्जे भोटेको नाति, छिरिङ दोर्जे भोटेको छोरा ताप्लेजुङ्ग जिल्ला याफूदिन गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. १०४ (जारी मिति: २०३३-०८-०६, स्थान ताप्लेजुङ्ग) भएको **पेम्वा छिरिङ भोटे**।
६. गणेश घर्तिकी छोरी भिम कुमार रानाकी बुहारी, गणेश कुमार रानाकी श्रीमती, दाङ्ग जिल्ला त्रिभुवन नगर न.पा. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. २२७२/५३२ (जारी मिति: २०५३-११-२७, स्थान दाङ्ग) भएकी **सावित्रा राना**।
७. ऋषि भक्त रानाको नाति, श्री भीम कुमार रानाको छोरा दाङ्ग जिल्ला घोराही गा.प. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. ३९९२/३३/३४ (जारी मिति: २०३३-१२-१०, स्थान दाङ्ग) भएको **भुवन मित्र राना**।
८. पूर्ण बहादुर रानाको नाति, राम बहादुर रानाको छोरा दाङ्ग जिल्ला त्रिभुवन नगर न.पा. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. १२३४९ (जारी मिति: २०४५-०८-२९, स्थान दाङ्ग) भएको **बलि भद्र राना**।
९. वलराम घर्ति मगरकी छोरी देवान सिंहकी बुहारी, भरत सिंह थापाकी श्रीमती, काठमाण्डौं जिल्ला मिझिङ्ग गा.प. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने, ना.प्र.नं. २३८६ (जारी मिति: २०३८-११-१८, स्थान काठमाण्डौं) भएकी **ज्ञानी थापा मगर**।
१०. श्याम दास बैष्णवकी छोरी नर बहालदुर बस्नेतकी बुहारी, रेवन्त कुमार बस्नेतकी श्रीमती, काठमाण्डौं जिल्ला ज्ञानेश्वर गा.प. वडा नं. ३३ स्थायी घर भई हाल महोत्तरी जिल्ला वर्दिबास न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १८०५ (जारी मिति: २०४२-०२-२१, स्थान काठमाण्डौं) भएकी **रचिता वैष्णव**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:

१. दाङ्ग जिल्ला त्रिभुवन नगर न.पा. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने **लक्ष्मण कुमार राना** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ्ग जिल्ला घोराही न.पा. वडा नं. ०५ नक्सा सिट नं ५घ मा अवस्थित कि.नं. क्रमश १६७४, १६७६, १६७८ र १६८० क्षेत्रफल क्रमश २४, २४१.५०, ३३२ र ११६६.४४ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. काठमाण्डौं जिल्ला ज्ञानेश्वर गा.प. वडा नं. ३३ स्थायी घर भई हाल महोत्तरी जिल्ला वर्दिबास न.पा. वडा नं. ०१ बस्ने **रचिता वैष्णव** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. ०७ नक्सा सिट नं ७ख मा अवस्थित कि.नं. ३०९ क्षेत्रफल ०-४-३-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. दाङ्ग जिल्ला त्रिभुवन नगर न.पा. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने **पेम्वा छिरिङ भोटे** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ०५ नक्सा सिट नं ५द मा अवस्थित कि.नं. क्रमश ९३८, १३९९, १३९७, १४१६, १४१३ र १४१८ क्षेत्रफल क्रमश ०-११-१-०, ०-१-३-१, ०-३-२-०, ०-१-१-०, ०-२-३-० र ०-८-२-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. दाङ्ग जिल्ला त्रिभुवन नगर न.पा. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने **निसा राना** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ०५ नक्सा सिट नं ५प मा अवस्थित कि.नं. क्रमश ११६६, ११६८ र १२५६ क्षेत्रफल क्रमश ०-०-२-२, ०-१-३-० र ०-३-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
५. दाङ्ग जिल्ला त्रिभुवन नगर न.पा. वडा नं. ०५ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १४ बस्ने **लक्ष्मण कुमार राना** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ्ग जिल्ला घोराही न.पा. वडा नं. ०५ नक्सा सिट नं ५घ मा अवस्थित कि.नं. १२४३ क्षेत्रफल ३६८.६७ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
६. **भुवन मित्र राना, लक्ष्मण कुमार राना** र **सावित्रा राना** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ्ग जिल्ला घोराही न.पा. वडा नं. ०४ नक्सा सिट नं ४क मा अवस्थित कि.नं. ८९ र ९० क्षेत्रफल क्रमश ०-१५-१५ र ०-१२-४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण:

१. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा २क ९४५८ भएको ROLLER.
२. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. ना १क ८८०६ भएको TRUCK.
३. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा २क ६२३० भएको EXCAVATOR.
४. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. ना ६त ५५०१ भएको TRACTOR.
५. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा ३क २७६२ भएको BACKHOE LOADER.
६. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा २क ६७५३ भएको EXCAVATOR.
७. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. बा ३क १५६० भएको PICKUP.
८. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. ना १क ८८०७ भएको EICHER.
९. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्र. ३ ०१ ००३ क ४७२७ भएको EICHER.
१०. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा २ क ७४०४ भएको EXCAVATOR.
११. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा २ क ४५४१ भएको EXCAVATOR.
१२. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. रा १ क ६४९ भएको TRUCK.
१३. ऋणी **बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा २क ४४३७ भएको TRUCK.
१४. ऋणी**बज्र गुरु कन्सट्रक्सन कम्पनी प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बा २क

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

Government of Sudurpaschim Province
Ministry of Social Development
Directorate of Education Development

Social Development Office, Bajhang

Invitation for Electronic Bids

First Date of publication: 2081/11/11 (2025 February ,23)

1. **Social Development Office, Bajhang** invites electronic bids through **eGP-System** from Nepalese eligible bidders for the following works under **National Competitive Bidding** procedures

S.N.	Contract Id	Work Description	Bid Doc Fee Nrs.	Bid Security Nrs.	Bid Security Validity
1	SDOB/NCB/ WORKS/2081/82-06	Aishworya Aa Bi two room school building construction at khaptadchhanna-04 Bajhang	3000	60000	90 Days
2	SDOB/NCB/ WORKS/2081/82-11	Kapalseri Ma. Bi. Bhawan Nirman Bu. Na. Pa. 06, Bajhang	3000	60000	90 Days
3	SDOB/NCB/ WORKS/2081/82-12	Durga Bhawani Ma. Bi Bhawan Nirman Bungal 06, Bajhang	3000	60000	90 Days
4	SDOB/NCB/ WORKS/2081/82-13	Saarada Aa bi Bhawan Nirman, Kheratadi, Bungal 04, Bajhang.	3000	60000	90 Days
5	SDOB/NCB/ WORKS/2081/82-14	Ram Aa. Bi dui khothe Bhawan Nirman Bungal 09, Bajhang.	3000	60000	90 Days
6	SDOB/NCB/ WORKS/2081/82-15	Mahendra Aa. Bi. dui khothe Bhawan Nirman Bungal 06, Bajhang.	3000	60000	90 Days
7	SDOB/NCB/ WORKS/2081/82-16	Himalaya Ma. bi. dui khothe Bhawan Nirman Mastaa 07, Bajhang.	3000	60000	90 Days

2. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit PPMO website www.bolpatra.gov.np/egp or the office of Social Development Office, Bajhang, Email: sdo.bajhang@gmail.com Phone no.: 9858480622, 9858483111

Office Chief

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads

Madan Bhandari Highway Project Directorate

Chakupat, Lalitpur
Notice No: MBHPD/081/82-02
Date of publication: 2081/11/11 (23rd Feb, 2025)

1. **Madan Bhandari Highway Project Directorate, Lalitpur** invites Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under National Competitive Bidding procedures.

Contract Number	Description and location of work	Fee for Bidding Document NRs.	Bid Security Amount NRs. (million)	AACT NRs. (million)	Specific Experience NRs. (million)	Bid Capacity (NRs. million)	Key Activities (AC/BC/ DBM/ SDBM), Cum per year
MBHPD/ 337011084/ 081/82-002	Upgrading/ Improvement of Jhanda Chowk-Sardu Khola (7.59 Km) Section of Madan Bhandari Highway (NH09) to Blacktopped Standard, Sunsari.	20,000	11	343	274	366	980
MBHPD/ 337011084/ 081/82-003	Upgrading/ Improvement of Bheduwa Bazar-Tamghas Section (1.74 Km) of Madan Bhandari Highway (NH09) to Blacktopped Standard, Gulmi.	10,000	3	166	66	88	540

2. Submission and Opening:

Activity	Date	Time	Place
Submission of Bid	Within 2081/12/12 (25th, March 2025)	Within 12:00 hrs	PPMO's website www.bolpatra.gov.np/egp
Opening of Bid	Within 2081/12/12 (25th, March 2025)	13:00 hrs	Project Directorate, Lalitpur

3. Bidders should submit their bids electronically after downloading the bidding documents from PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the Fee of bidding document in the Revenue account as specified below and scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Bank	Name of Office	Revenue Account Number	Office code	Revenue Heading No
Nepal Bank Limited, Gabahal	Madan Bhandari Highway Project Directorate	00101000000001001001	337013408	14229

4. Bids must be valid for a period of 120 days from bid submission deadline and must be accompanied by Cash Security (should be deposited in Deposit Account No. 01801000002003000001, Office Code: 305013401 in the name of Financial Comptroller Office, Kathmandu (at Nepal Bank Limited, Gabahal, Lalitpur) or Bank Guarantee (issued by A class commercial bank), amounting to a minimum of as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
5. Please refer to the complete set of bidding documents (available at PPMO's website www.bolpatra.gov.np/egp) for further information about invitation of bids, purchase of bidding document, submission & opening of bids; and evaluation & qualification criterion.

Project Director

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ११ फागुन ०८१

२८.३० मेगावाटको मध्यचमेलिया शिलान्यास, दुई वर्षमा निर्माण सक्ने लक्ष्य

दार्चुलामा **लोकेश साउद**



दार्चुलाको मार्मा गाउँपालिका- २ मा २८.३० मेगावाटको मध्यचमेलिया जलविद्युत् आयोजना निर्माण हुने भएको छ। प्रवर्द्धक दार्चुला पावर लिमिटेडले पाँच अर्ब ६६ करोडको लागतमा निर्माण हुन लागेको आयोजनाको शनिबार कांग्रेस नेता दिलेन्द्रप्रसाद बडूले शिलान्यास गरेका हुन्।

गत वर्ष निर्माण सम्पन्न भएको अपर चमेलिया जलविद्युत् आयोजनाको विद्युत्गृहभन्दा आधा किलोमिटर तल मध्यचमेलियाको बाँध बन्ने दार्चुला पावर लिमिटेडका प्रबन्ध सञ्चालक शाश्वत चालिसेले बताए। अपि पावर कम्पनीको सहायक कम्पनी दार्चुला पावर लिमिटेडले निर्माण गर्ने मध्यचमेलिया जलविद्युत् करिब २४ महिनामा सम्पन्न गर्ने लक्ष्य लिइएको छ। ०८३ माघसम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको र सोही समयमा आयोजना निर्माण गरिसक्ने सिभिलतर्फको काम गरिरहेका निर्माण व्यवसायी सुरेश चन्दले बताए। 'अपर चमेलिया निर्धारित समयभन्दा पहिल्यै सम्पन्न गरेका हौं, यो पनि समयमै निर्माण हुन्छ,' चन्दले भने।

मार्मा गाउँपालिका- २, लाम्बगडमा बाँधस्थल रहने आयोजनाको साढे सात किलोमिटर तल मार्मा गाउँपालिका- ३, नलबगडमा विद्युत्गृह निर्माण हुनेछ। बाँधस्थलबाट ३.३३ डायमिटरको एमएस (माइल्ड स्टिल) पाइपलाइनद्वारा विद्युत्गृहसम्म पानी पुऱ्याइने आयोजनाका इन्जिनियर विष्णु शाहले बताए।

'मध्यचमेलियामा पानीको प्रवाह प्रतिसेकेन्ड २५.१७ घनमिटर हुनेछ र नेटहेड (उचाइ) १२८.४६ मिटर रहनेछ,' इन्जिनियर शाहले भने, 'आयोजनाबाट उत्पादित बिजुली नौ किलोमिटर तल बलाच सबस्टेसनमा जोडिनेछ।' यस आयोजनाबाट वार्षिक १८५.६२ गिगावाट प्रतिघण्टा विद्युत् उत्पादन हुने शाहले जानकारी दिए। मध्यचमेलियामा नेपाल बैंक लिमिटेड र नबिल बैंकको ७५ प्रतिशत ऋण लगानी रहेको छ भने २५ प्रतिशत दार्चुला पावर लिमिटेडको स्वपुँजी रहेको प्रबन्ध सञ्चालक चालिसेले बताए।

> मध्यचमेलियामा नेपाल बैंक लिमिटेड र नबिल बैंकको ७५ प्रतिशत ऋण लगानी रहेको छ भने २५ प्रतिशत दार्चुला पावर लिमिटेडको स्वपुँजी रहेको छ

मध्यचमेलियाको शिलान्यास कार्यक्रममा अपि पावर कम्पनीका सञ्चालक गुरु न्यौपानेले स्थानीयहरूको साथ पाए थप आयोजनाहरूमा लगानी गर्ने बताए। चौथो आयोजनाका रूपमा निर्माण गर्न लागेको मध्यचमेलियापछि अन्य सम्भावित आयोजना निर्माणका लागि सोचिरहेको उनले बताए। 'दार्चुलामा एउटा, दुइटा होइन, चौथो आयोजना निर्माण गर्दै छौं,' कार्यक्रममा बोल्दै न्यौपानेले भने 'स्थानीयको सहयोग रह्यो भने चार होइन, दसौं आयोजना बनाउन तयार छौं।' दार्चुला पावर कम्पनी दार्चुलावासीको सम्पत्ति रहेको बताउँदै न्यौपानेले चमेलिया र मधहाकालीमा सम्भाव्य देखिएका आयोजनाहरू बनाउन चाहेको दाबी गरे। उनले दार्चुलामा उत्पादित बिजुली भारतमा बेच्न दार्चुलाबाटै प्रसारणलाइन बनाउन सरकारलाई अनुरोध गरे। कार्यक्रमको शिलान्यास गर्न आइपुगेका पूर्वमन्त्री तथा कांग्रेस नेता दिलेन्द्र बडूले दार्चुलामा नेपाल-भारत जोड्ने पुल बनिसकेको प्रसारणलाइन निर्माणका लागि आफूहरू प्रयासरत रहेको बताए। बडूले कानुन संशोधन गरेर निजी क्षेत्र स्वयंलाई प्रसारणलाइन बनाउन दिनुपर्ने आवश्यकता रहेको बताए।

सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा विद्युत्को धेरै ठुलो सम्भावना रहेको बताउँदै बडूले भने, 'उत्पादन भएको बिजुली एक सय ३० किलोमिटर अत्तरिया होइन, ३० किलोमिटरमा रहेको जोलजिबीबाट भारतमा बेच्नुपर्छ।'

बैंककै कर्मचारीबाट हुने जोखिमको पनि बिमा

नगद, नगदजन्य उपकरणमा कर्मचारीको हेलचेक्र्याइँ वा धोकापूर्ण कार्यबाट हुने नोक्सानीलाई पनि बिमाले रक्षावरण गर्ने, यद्यपि अपराध गर्ने कर्मचारीलाई कारबाही भने हुने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थाका कर्मचारीले काउन्टरबाट नगद अपचलन (चोरी) गर्नेजस्ता अपराधबाट हुने नोक्सानीलाई पनि बिमाले रक्षावरण गर्ने भएको छ। नेपाल बिमा प्राधिकरणले शुक्रबार 'मौद्रिक क्षति बिमासम्बन्धी निर्देशन, २०८१' जारी गर्दै यस्तो व्यवस्था गरेको हो। त्यस्ता अपराध गर्ने व्यक्ति तथा समूहलाई कानुनी कारबाही त प्रचलित कानुनअनुसार हुनेछ। तर, त्यस्ता घटनाबाट बैंकलाई हुने क्षतिको भने बिमा गर्न मिल्ने सुविधा प्राधिकरणले ल्याएको हो।

बैंकहरूले नगद, नगदजन्य उपकरण र सुरक्षण (सुनलगायत)मा हुने जोखिमको बिमा गर्छन्, जसलाई 'मौद्रिक क्षति बिमा' भनिन्छ। पहिला यस्तो बिमाले बाह्य पक्षबाट हुने जोखिमको मात्रै रक्षावरण गर्थ्यो। अब नयाँ निर्देशनमार्फत बैंकहरूमा भएका नगद, नगदजन्य उपकरण र सुरक्षणमा बैंककै कर्मचारीबाट हुने सम्भावित जोखिमलाई पनि बिमाले रक्षावरण गर्ने व्यवस्था गरिएको हो। अर्थात्, कर्मचारीको बेइमान तथा अपराधाका कारण बैंकहरूमा भएको नगद, नगदजन्य उपकरण र सुरक्षणमा कुनै नोक्सानी भएमा बिमा कम्पनीले आर्थिक रूपमा क्षतिपूर्ति (दाबी भुक्तानी) दिनेछन्।

'बिमित (बैंक)का कर्मचारीले एक्लै वा अन्य व्यक्तिसँगको मिलेमतोमा गरेको बेइमानी वा आपराधिक कार्यबाट बिमित (बैंकको) नगद, नगदजन्य उपकरण, सुरक्षण तथा धितोका लागि राखिएका सुरक्षणहरूमा हानि-नोक्सानी पुग्न गएको अवस्थामा यस बिमालेखअन्तर्गत रक्षावरण हुनेछ,' निर्देशनमा भनिएको छ।

नेपाली बैंकिङ क्षेत्रमा कर्मचारीबाट पनि बैंकको नगद अपचलन भएका घटना बाहिरिएका छन्। राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेको कर्णाली विकास बैंकमा कर्मचारीबाटै एक अर्ब २६ करोड अपचलन भएको देखिएको छ। बैंकको कोर बैंकिङ प्रणालीमा देखिएको कुल रकममा बैंकसँग त्यसबराबरको रकम थिएन। अहिले उक्त बैंकलाई राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरी आफैंले व्यवस्थापनको कामसमेत गर्दै आएको छ।

यसैगरी, कृषि विकास बैंकको स्वयम्भू शाखाका एक कर्मचारीले ०७१ सालमै नक्कली खाता बनाएर बैंकको झन्डै २४ करोड रुपैयाँ स्थानान्तरण गरेका थिए। यस्ता घटना नेपाली बैंकिङ क्षेत्रमा भइरहेका छन्। तर, पहिला यस्ता जोखिमलाई बिमाले रक्षावरण गर्ने थिएन। तर, नेपाल बिमा प्राधिकरणका प्रवक्ता सुशीलदेव सुवेदी भन्छन्-



बैंकमा हुने नगद, नगदजन्य उपकरण र सुरक्षणमा हुने सबै जोखिमलाई रक्षावरण गर्ने गरी यो निर्देशन ल्याएका छौं। बैंकका कर्मचारीले काउन्टरबाट नगद अपचलन गरेमा पनि त्यसलाई बिमाले रक्षावरण गर्नेछ। कसैले झुक्याएर बैंकमा नक्कली नोट पठाएमा पनि बिमाले कभर गर्नेछ। यो व्यवस्थासम्बन्धी निर्णयलाई हामीले ऐतिहासिक रूपमा लिएका छौं।



अहिले नयाँ निर्देशनमार्फत त्यस्ता जोखिम पनि रक्षावरण हुने व्यवस्था गरिएको हो। यद्यपि, अपराध गर्ने कर्मचारीलाई कारबाही भने हुने प्राधिकरणका एक उच्च अधिकारीले बताए।

नेपाल बिमा प्राधिकरणका प्रवक्ता सुशीलदेव सुवेदीले बैंकमा हुने नगद, नगदजन्य उकरण र सुरक्षणमा हुने सबै खाले जोखिमलाई बिमाले रक्षावरण गर्ने गरी निर्देशन ल्याइएको बताए। 'बैंकमा हुने नगद, नगदजन्य उपकरण र सुरक्षणमा हुने सबै जोखिमलाई रक्षावरण गर्ने गरी यो निर्देशन ल्याएका छौं। बैंकका कर्मचारीले काउन्टरबाट नगद अपचलन गरेमा पनि त्यसलाई बिमाले रक्षावरण गर्नेछ,' नयाँ पत्रिकासँग उनले भने, 'कसैले झुक्याएर बैंकमा नक्कली नोट पठाएमा पनि बिमाले कभर गर्नेछ। यो व्यवस्थासम्बन्धी निर्णयलाई हामीले ऐतिहासिक रूपमा लिएका छौं।'

मौद्रिक क्षति बिमालाई थप व्यवस्थित गर्न खोजेको पनि उनको भनाइ छ। 'पहिला यससम्बन्धी व्यवस्था स्पष्ट थिएन। अहिले निर्देशनमार्फत यसलाई मार्गदर्शन गर्दै यस्तो बिमालाई व्यवस्थित गर्न खाजेको हो,' उनले भने, 'एउटै प्याकेजमा सबै जोखिमको बिमा गर्न सकिनेछ। अब बैंक र वित्तीय संस्थामा हुने नगदमा भएका सबै जोखिमलाई एउटै प्याकेजमा बिमा गर्न सकिन्छ।'

बैंकको घुम्ती कार्यालय, शाखारहित कार्यालय र एटिएममा भएको नगद, नगदजन्य उपकरण र धितोमा राखिएको सुरक्षण जुनसुकै व्यक्तिले चोरी-डकैती गरेमा पनि बिमाले रक्षावरण गर्ने प्रस्ताव गरिएको छ। यसैगरी, आगलागी वा प्रतिरोध-बलजफ्तीका कारण नोक्सानी भएमा पनि बिमाले रक्षावरण गर्ने निर्देशनमा उल्लेख छ।

नगद, नगदजन्य उपकरण र सुरक्षणको ढुवानीका क्रममा कर्मचारीको हेलचेक्र्याइँ वा धोकापूर्ण कार्यबाट हुने नोक्सानीलाई पनि बिमाले रक्षावरण गर्ने व्यवस्था गरिएको छ।

'बिमित (बैंक)का कर्मचारीको हेलचेक्र्याइँ वा धोकापूर्ण कार्य वा अन्य कुनै कारणबाट त्यस्तो कर्मचारीको साथ लगाएर पारवहन (ढुवान) भइरहेको अवस्थामा कुनै नगद तथा नगदजन्य उपकरण वा धितोस्वरूप लिइएको सुरक्षण नष्ट भए, हराए, गलत स्थानमा राखिए वा हिनामिना भएको अवस्थामा रक्षावरण हुनेछ,' निर्देशनमा भनिएको छ।

जालसाजी, किर्ते वा हेरफेर गरिएको चेकलगायतका आधारमा भुक्तानी दिएर भएको नोक्सानीलाई पनि बिमाले रक्षावरण गर्ने व्यवस्था गरिएको छ। 'काउन्टरमा बुझेको वा क्लियरिङ वा हुलाक-कुरियरबाट प्राप्त भएको नक्कली, काल्पनिक, जाली वा किर्ते गरी बनाएको चेक वा ड्राफ्ट, बिमितले जारी गरेको वास्तविक चेक वा यात्रु चेक वा दान-उपहारमा दिएको चेक, मुद्दती निक्षेपको पुर्जामा जालसाजीका रूपमा दरपिठ भएको वा त्यस्ता लिखत निस्साहरू सक्कली मानी भुक्तानी गरिएको अवस्थामा यस बिमालेखअन्तर्गत रक्षावरण हुनेछ,' निर्देशनमा भनिएको छ।

यस्ता जोखिमको बिमा बैंकर क्षतिपूर्ति बिमालेखअन्तर्गत गरिनेछ। अर्थात्, बैंककै कर्मचारीबाट हुने जोखिमको बिमा यसमार्फत गरिने प्राधिकरणको भनाइ छ।

यस्तो जोखिम बहन गर्न बैंकले एकमुष्ठ २.७५ प्रतिशत बिमाशुल्क तिर्नुपर्नेछ। भूकम्प, बाढीपहिरोलगायतका माध्यमबाट हुने जोखिम रक्षावरण गर्न अतिरिक्त १ प्रतिशत (प्रतिरक्षावरण)को दरमा बिमाशुल्क लाग्नेछ। निष्ठा जमानीबापत भने प्रतिकर्मचारी १० रुपैयाँ बिमाशुल्क लाग्नेछ। यस्तै, हुलदंगा, हडताल, द्वेषपूर्ण कार्य र आतंकवादसम्बन्धी क्रियाकलापबाट हुने जोखिमका लागि भने थप ०.६५ प्रतिशतका दरमा बिमाशुल्क लाग्नेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, कृष्णनगर
कपिलवस्तु

बक्यौता रकम दाखिला गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/११/११

यस कार्यालय अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरूलाई कर बक्यौता रकम दाखिला गर्ने सम्बन्धमा यस कार्यालयको अभिलेख अनुसारको फोन नम्बर/ठेगानामा पटक-पटक फोन सम्पर्क गरिएको, पत्राचार तथा व्यवसायिक परिसरमा संकलन भ्रमण गरिएको तथा कतिपय करदाताहरूको एकिकृत कर प्राणानी (ITS) मा रहेको अभिलेखमा फोन नम्बर नभएको, भएको फोन नम्बरमा सम्पर्क हुन नसकेको, कार्यालयको अभिलेख अनुसारको फर्मको ठेगानामा पत्राचार र संकलन भ्रमण गर्दा फेला नपरेको र विभिन्न माध्यामबाट सम्पर्क गर्न खोजिएकोमा सम्पर्क हुन नसकेको र बक्यौता रकम दाखिला गरेको प्रमाण पेश हुन नआएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन गरिएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा बक्यौता रकम दाखिला गर्नु हुन वा दाखिला गरिसकेको वा मिलान गर्न बाँकी कुने प्रमाण भएमा पेश गरी बक्यौता फरफारक गर्नुहुन जानकारी गराईन्छ। अन्यथा आयकर ऐन,२०५८, मूल्य अभिवृद्धि कर ऐन,२०५२ तथा अन्तशुल्क ऐन, २०५८ बमोजिम कानूनी कारवाहीको प्रक्रिया अपनाई बक्यौता रकम असुलउपर गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

क्र.सं	करदाताको नाम	स्थायी लेखा नं.	ठेगाना	प्रोप्राइटर/संचालकको नाम	बक्यौताको प्रकार
१	सिद्धबाबा ट्रेड एण्ड रिट्रेड सेन्टर	६११४४९३६२	शिवराज-०५,कपिलवस्तु	राम बहादुर थारु	मू.अ.कर
२	मौर्य गोल्डेन कपास उद्योग	३०४५५६५५९	शिवराज-०३,कपिलवस्तु	नन्कु प्रसाद मुराउ (मौर्य)	मू.अ.कर
३	आई. एस. के. ईटा उद्योग	३०२२३२७७८	महाराजगंज-०३,कपिलवस्तु	नविउन निशा मु.	मू.अ.कर
४	श्री लेखनाथ होटल एण्ड लज	६१०९६४१२७	बुद्धभुमी-८ कपिलवस्तु	लेखनाथ पाण्डे	मू.अ.कर
५	श्री श्रेष्ठ हार्डवेर तथा फर्निचर सप्लायर्स	३०५३०३९६७	बुद्धभुमी-८ कपिलवस्तु	गोपाल प्रसाद श्रेष्ठ	मू.अ.कर
६	श्री सेभेन स्टार अफसेट प्रेस	६१२६९६४३१	महाराजञ्ज कपिलवस्तु	श्याम बहादुर थारु	मू.अ.कर
७	श्रीमाता वैष्णवी इट्टा उद्योग	३०५४३१७३८	शिवराज-६ किपिलवस्तु	शत्रुधन प्रसाद चौधरी	मू.अ.कर
८	श्री न्यु प्रदिप ट्रेडर्स	२०१७७७४६५	कपिलवस्तु-३ कपिलवस्तु	ओम प्रकाश गिरी	मू.अ.कर
९	श्री महाशक्ति सिमेन्ट प्रा लि	३०५४०२९०९	शिवराज-६ कपिलवस्तु	सुन्दर पाठक	मू.अ.कर
१०	श्री ओम काष्ठ उद्योग	३०२६१९२५४	शिवराज-६ कपिलवस्तु	ओम प्रकाश	मू.अ.कर
११	श्री लोकप्रीय हार्डवेयर	३००३५६६०९	शिवराज-५ कपिलवस्तु	जमसेर मियाँ	आयकर
१२	श्री कादिर काष्ठ उद्योग	३००५४१५४६	कृष्णनगर-३ कपिलवस्तु	अब्दुल कादिर सैयद	मू.अ.कर
१३	श्री सोनु स्क्रेप ट्रेडर्स	६०८८००००६	कृष्णनगर-२ कपिलवस्तु	हसन खान	मू.अ.कर
१४	श्री सहावुद्धिन स्क्रेप सेन्टर	१२२६०१६५९	कपिलवस्तु-४ कपिलवस्तु	शाहावुद्धिन डफाली	मू.अ.कर
१५	श्री न्यु हिवा सप्लायर्स	३०५१६५०००	शिवराज-६ कपिलवस्तु	रसिद खाझा	मू.अ.कर
१६	श्री कनोडिय इम्पेक्स नेपाल काष्ठ प्रशोधन उद्योग	३०००२९१८९	कपिलवस्तु-२ कपिलवस्तु	महेन्द्र कनोडिया	मू.अ.कर
१७	श्री शिव इन्टरनेशनल	३००२०४४५४	तौलिहवा कपिलवस्तु	सन्दिप कुमार गुप्ताा	मू.अ.कर
१८	श्री जय अम्बे किराणा स्टोर्स	३००३५६०८५	तौलिहवा कपिलवस्तु	सन्दिप कुमार गुप्ताा	आय कर
१९	श्री राधेश्याम आलु भण्डार	३०४५५५४२४	कपिलवस्तु-१ कपिलवस्तु	राधेश्याम बारी	मू.अ.कर
२०	श्री सलीना सप्लायर्स	६२०३६८१८२	शिवराज-४ कपिलवस्तु	शिव बन्जाडे	मू.अ.कर
२१	श्री एम जे पि सिमेन्ट प्रा.लि	३००२११३००	शिवराज-६ कपिलवस्तु	प्रयास अधिकारी	मू.अ.कर
२२	श्री छविलि इन्टरप्राइजेज	३०००३१२६५	कृष्णनगर-२ कपिलवस्तु	अकिल मिया	मू.अ.कर
२३	श्री गणपति सिमेन्ट इन्डष्ट्रिज प्रा लि	३०४५५३४३१	शिवराज-६ कपिलवस्तु	शुसिल कुमार अग्रवाल	मू.अ.कर
२४	श्री न्यु हिमालय ट्रेडर्स	३०४५५१८६६	शिवराज-५ कपिलवस्तु	अकवाल अहमद दर्जि	मू.अ.कर
२५	श्री जनप्रीय वालुवा प्रशोधन उद्योग	६०५७५३०११	वाणगंगा-६ कपिलवस्तु	विष्णु पौडेल	मू.अ.कर
२६	श्री स्टार इट्टा उद्योग	३०३८९२९१५	शिवराज-६ कपिलवस्तु	ताहीरा खातुन	मू.अ.कर
२७	श्री गनि ट्रेडर्स	६०७७३९०९९	महाराजगंज-३ कपिलवस्तु	समसुल कमर धुनिया	मू.अ.कर
२८	श्री हनुमन्ते ईट्टा उद्योग	६०३६७७६३४	कृष्णनगर-८ कपिलवस्तु	अनिल प्रताप शाह	मू.अ.कर
२९	श्री सिद्धार्थ ट्रेड सेन्टर	३०५३०६१४६	कपिलवस्तु-३ कपिलवस्तु	जित बहादुर चौधरी	मू.अ.कर
३०	श्री एस मल्टिपल सप्लायर्स प्रा लि	६१००४२८५८	कृष्णनगर-१ कपिलवस्तु	जय नारायण तेली	मू.अ.कर
३१	श्री गायत्री देवी कन्स्ट्रक्सन	६०३०९३३३१	बुद्धभुमी-९ कपिलवस्तु	देवी प्रसाद बेल्वासे	मू.अ.कर
३२	श्री मनिष काष्ठ सप्लायर्स	३०२९२०१०१	वाणगंगा-४कपिलवस्तु	राजेन्द्र बहादुर थापा क्षेत्री	मू.अ.कर
३३	श्री समाना किराना तथा गल्ला भण्डार	६०१५२४९०१	शिवराज-५कपिलवस्तु	अति उल्ला मुसलवान	मू.अ.कर
३४	श्री वैष्णु ईट्टा उद्योग	३०५४३१७३८	शिवराज-६ कपिलवस्तु	शत्रुधन प्रसाद चौधरी	मू.अ.कर
३५	श्री एन डि के टु इट्टा उद्योग	६०५४३८१८५	शुद्धोधन-२ कपिलवस्तु	सकिल अहमद	मू.अ.कर
३६	श्री सगरमाथा अटोमोवाइल्स प्रा.लि	६०३५४७२७२	वाणगंगा-२ कपिलवस्तु	श्याम बस्नेत	मू.अ.कर
३७	श्री मोहित स्टोर्स	३०३८९००४१	कृष्णनगर-१ कपिलवस्तु	राहुल कुमार बंसल	आय कर
३८	श्री राज किराना स्टोर्स	३०४१८७२२१	सन्धिखर्क-१ अर्घाखाची	केशरी नन्दन अग्रहरी	आय कर
३९	श्री अर्चना सप्लायर्स	६०२७५८७०५	कृष्णनगर-९कपिलवस्तु	विनय गुप्ता	आय कर
४०	श्री कपिलवस्तु बचत तथा ऋण सहकारी संस्था लि	३०२९२३२१६	कपिलवस्तु-१ कपिलवस्तु	राजु प्रसाद अर्याल	आय कर
४१	श्री नविन ट्रेडर्स ग्रुप	३०१३९००२४	मायादेवी-३ कपिलवस्तु	असरारुद्धीन मुसलमान	आय कर
४२	श्री गुप्ता ट्रेडिङ कन्सर्न एण्ड सप्लायर्स	३०१३९०५१६	कृष्णनगर-९कपिलवस्तु	एस कुमार गुप्ता	आय कर
४३	श्री न्यू वजरंग सप्लायर्स एण्ड इलेक्ट्रिक पसल	३००२४२९८०	कृष्णनगर-१ कपिलवस्तु	सदानन्द पाठक	आय कर
४४	श्री कपिलवस्तु एग्रोफिड प्रा.लि	६०२४५१८११	कपिलवस्तु-४ कपिलवस्तु	थानेश्वर सापकोटा	आय कर
४५	श्री जय श्याम ट्रेडिङ कन्सर्न	३०४५५७७३२	कृष्णनगर-३ कपिलवस्तु	सुष्मा दारुका	आय कर
४६	श्री केदारनाथ मोटर साइकल पार्टस	३०४१८७३७९	वाणगंगा-१ कपिलवस्तु	टेक नाथ पाठक	आय कर
४७	श्री निलकन्ठेश्वर आर्डर एण्ड सप्लायर्स	१०३५५३५२२	कृष्णनगर-२ कपिलवस्तु	भरत प्रसाद उपाध्याय	आय कर
४८	श्री न्यु सामिम सप्लायर्स	६१०७९४७०२	महाराजगंज-११ कपिलवस्तु	मन्से अली धुनिया	आय कर/मू.अ.कर
४९	श्री एस के ढुवानी सेवा	६०३६१२०३३	शिवराज-६ कपिलवस्तु	खेमराज चौधरी	आय कर
५०	श्री आई यस के इट्टा उद्योग	३०२२३२७७८	महाराजगंज-३ कपिलवस्तु	नविउन निशा मु.	आय कर
५१	कपिलवस्तु मल्टी एग्रो इण्डष्ट्रिज प्रा.लि	३०३८९३२१७	वाणगंगा-०८,बोडगाँउ	नारायण प्रसाद अर्याल	आय कर
५२	हिमचुली सप्लायर्स	३०५२९९४५१	कृष्णनगर -०२,कपिलवस्तु	सफि उल्ला मुसलमान	आयकर
५३	क्यापिटल फुड्स प्रा.लि.	६०३५३०६७०	कपिलवस्त-०६,गोवरी	सन्दिप कुमार गुप्ता	आय कर/मू.अ.कर

महिला उद्यमीको मेलामा २० लाखको कारोबार

बाँके/ नेपालगन्जमा सम्पन्न नवौं लुम्बिनी प्रदेशस्तरीय प्रदर्शनीमा २० लाखभन्दा बढीको कारोबार भएको छ। महिलाले उत्पादन गरेका वस्तु तथा उत्पादनको बजारीकरणका लागि महिला उद्यमी संघ (विन) बाँकेले ६-१० फागुनसम्म आयोजना गरेको प्रदर्शनी प्रभावकारी भएको प्रदर्शनी संयोजक रेवती सिंहले जानकारी दिइन्।

महिला उद्यमी संघ बाँकेले हरेक वर्ष प्रदेशस्तरीय प्रदर्शनी आयोजना गर्दै आएको छ। यस वर्ष कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका महिलाले उत्पादन गरेका हस्तकला, खाद्यान्न, अचार, बुटिक, अल्लो र गाँजाबाट बनेका लत्ताकपडा, ब्याग, खुकुरी तथा कृषिकर्ममा प्रयोग हुने सामग्रीलगायतका ६० भन्दा बढी महिलाले आआफ्ना उत्पादनका सामान राखेका थिए।

उक्त प्रदर्शनीमा महिलाले सञ्चालन गरेका सेलरोटी, ढिक्रीलगायतका परिकारसमेत राखिएको सिंहले बताइन्। 'अघिल्ला वर्षको भन्दा यस वर्षको प्रदर्शनीमा किनमेल र अवलोकन गर्नेको संख्या दोब्बरभन्दा बढी थियो,' उनले भनिन्, किनमेल गर्ने र अवलोकनका लागि आउनेको संख्या बढ्दा आयोजकलाई थप हौसला मिलेको छ।'

स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन गर्न प्रदर्शनीले टेवा दिएको महिला उद्यमी संघ बाँकेकी अध्यक्ष सावित्रा बस्नेतले बताइन्। उनले भनिन्, 'प्रचारप्रसार हुन नसक्दा महिलाले उत्पादन गरेका वस्तुले बजार पाउन नसकेको अवस्था छ। यस वर्षको प्रदर्शनीले स्थानीय उत्पादनको प्रचारप्रसारसँगै बजारीकरण र प्रवर्द्धन गर्न महत मिलेको छ।'

उनले प्रदर्शनीले उद्यमी महिलामा नयाँ उत्साह जगाएको बताइन्। 'हामी निकै उत्साहित भएका छौं। प्रदर्शनीमा धेरै दिदी-बहिनीले आफ्नो उत्पादन बिक्री गर्नुभएको छ नै प्रचारप्रसार पनि गर्नुभएको छ,' अध्यक्ष बस्नेतले भनिन्, 'प्रदर्शनीबाट धेरै कुरा सिक्ने अवसर मिलेको छ। अहिलेको अनुभवबाट आगामी दिनमा अझ प्रभावकारी बनाउने योजनासहित अगाडि बढ्ने हिम्मत बढेको छ।'

■ सडक सुरक्षासम्बन्धी चौथो विश्व सम्मेलन

सडक सुरक्षाका लागि नीतिगत व्यवस्था गर्ने नेपालको प्रतिबद्धता



काठमाडौं/ सडक एवं सवारी दुर्घटनाका कारण हुने मानवीय तथा आर्थिक क्षति न्यूनीकरण गर्न नेपालले नीतिगत व्यवस्था गर्ने अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रतिबद्धता व्यक्त गरेको छ। मोरोक्कोको मोरोकेस सहरमा १८ देखि २० फेब्रुअरीसम्म भएको सडक सुरक्षासम्बन्धी चौथो विश्व सम्मेलनमा नेपालले यस्तो प्रतिबद्धता गरेको हो। सम्मेलनमा सडक सुरक्षाको विषय विश्वव्यापी चुनौती बनिरहेको अवस्थामा सडक तथा सडकका संरचना निर्माणसँगै सुरक्षालाई पनि प्राथमिकता दिने नेपालको प्रतिबद्धता छ।

नेपालका तर्फबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले देशको समग्र विकासलाई सडक सुरक्षासँग समेत जोडेर अघि बढाइने पनि प्रतिबद्धता व्यक्त गरेका हुन्।

यस्तै, मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले सडक सुरक्षाका सम्बन्धमा नेपालको अभ्यास, अवस्था तथा आवश्यकताका सम्बन्धमा प्रकाश पारेका थिए। सम्मेलनमा नेपालको तर्फबाट मन्त्रालयका सचिव शर्माको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले भाग लिएको थियो। सचिव शर्मासहित मन्त्रालयका सहसचिव सुशीलबाबु ढकाल, शुभराज न्यौपाने, उपसचिव शंकरसिंह धामी कार्यक्रममा सहभागी भएका थिए। यस्तै, नेपालमा सडक सुरक्षासम्बन्धी क्षेत्रमा कार्य गर्दै आएका संघ-संस्थाका प्रतिनिधि, अनुसन्धानकर्मीलगायतको समेत सहभागिता रहेको थियो। कार्यक्रममा एक सय ३० भन्दा बढी देशका प्रतिनिधिको सहभागिता रहेको थियो।

चापाकोटमा चार सय रोपनीमा आलुखेती

स्याङ्जा/ स्याङ्जाको चापाकोट नगरपालिका वडा नं ८ र ९ का तीनवटा सहकारीमा आबद्ध कृषकहरूले झन्डै चार सय रोपनीमा सामूहिक आलुखेती गरेका छन्। रत्नपुर साना किसान कृषि सहकारी, रत्नपुर बहुउद्देश्यीय सहकारी र नवदृष्टि कृषि सहकारी संस्थामा आबद्ध कृषकले छिपछाप, क्वामी, दिम्पा, सगुई, निर्दिम, माडी, बेल्टारीलगायत स्थानमा सामूहिक आलुखेती गरेको रत्नपुर साना किसान कृषि सहकारीका पूर्वअध्यक्ष जीवन डोटेलले बताए।

उनका अनुसार रत्नपुर बहुउद्देश्यीय सहकारी संस्थामार्फत तीन सय २० रोपनी, रत्नपुर साना किसान सहकारी संस्थामार्फत ५० रोपनी र नवदृष्टि सहकारीमार्फत २० रोपनी गरी कुल तीन सय ९० रोपनी क्षेत्रफलमा आलुखेती गरिएको हो। 'तीन सय ९० रोपनी क्षेत्रफलमध्ये २० रोपनीमा बिउका लागि आलु लगाइएको छ,' उनले भने, 'बाँकी तीन सय ७० रोपनी क्षेत्रफलमा खायन आलु लगाइएको छ।'

सामूहिक आलुखेतीमा वडा नं ८ र ९ का झन्डै दुई सय कृषक प्रत्यक्ष सहभागी भएका उनले बताए। उत्पादन हुने आलु चिप्स बनाउने कम्पनीसित सम्झौता भएकाले बजारीकरणका लागि कुनै समस्या नरहेको उनले जानकारी दिए। 'यहाँ जति मात्रामा आलु उत्पादन गरे पनि बजार पाइँदैन कि भनेर पिरोलिनुपर्ने अवस्था छैन,' उनले भने, 'चिप्स बनाउने कम्पनीसित आलु बिक्रीका लागि सम्झौता भएकाले हामीले आलु खनेपछि कम्पनीलाई खबर गर्छौं, कम्पनीले चलनचल्तीको भाउमा आलु खरिद गरेर लैजान्छ।'

यस वर्ष झन्डै चार सय टन आलु उत्पादन हुने उनको अनुमान छ। आलु कार्यक्रमका लागि कृषि ज्ञानकेन्द्र स्याङ्जाले आलुको बिउमा ५० प्रतिशत अनुदान उपलब्ध गराएको कृषि ज्ञानकेन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले बताए। ज्ञानकेन्द्रले बिउमा ५० प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै निःशुल्क कीटनाशक विषादी तथा प्राविधिक सहयोग, यन्त्र उपकरण तथा साना सिँचाइका लागि उपकरणमा ५० देखि ७५ प्रतिशत अनुदान उपलब्ध गराएको छ।

- रासस

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)
NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. | ऋणीको विवरण

१) **ऋणी कम्पनी: डेरि क्विन प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: लक्ष्मी राज अधिकारी
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालयमा त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९६३८८/०७५/०७६, दर्ता मिति: २०७५/०५/०३, ठेगाना: जिल्ला भक्तपुर, मध्यपुर थिमी न.पा. वडा नं. ४

धितोको विवरण
१) टिका प्रसादको नाति, गुण राज अधिकारीको छोरा, ओखलढुंगा जिल्ला, गाम्नाङटार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं. ४, शंखधर चोक बस्ने लक्ष्मी राज अधिकारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, दधिकोट गा.वि.स. वडा नं. ९ (हाल सुर्यविनायक न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४५५८, ४५५३, र ४४९२ को क्षेत्रफल क्रमश: ०-०-२-०, ०-८-३-० र ०-०-३-० (रोपनी)को घरजग्गा र सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिलगापात समेत ।
२) डेरि क्विन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२) **१) ऋणी कम्पनी: कालिदेवी एकिकृत कृषि फार्म प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: राम प्रसाद भट्टराई
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४१८४६/०७७/०७८, दर्ता मिति: २०७७/०५/३०, ठेगाना: जिल्ला काभ्रेपलाञ्चोक, धुलिखेल न.पा. वडा नं. १

२) ऋणी: राम प्रसाद भट्टराई
स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. १, हालको ठेगाना: काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.९, बाबु: कृष्णप्रसाद भट्टराई, बाजे: बलभद्र भट्टराई

धितोको विवरण
१. बलराम खनालकी छोरी, कृष्णप्रसाद भट्टराइकी बुहारी, राम प्रसाद भट्टराईकी पत्नि, नुवाकोट जिल्ला, तादी गा.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.९ बस्ने सृष्टी खनालको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, बालकोट गा.वि.स. वडा नं. ९ (हाल सूर्यविनायक न.पा. वडा नं. २) स्थित कित्ता नं. ५३०३ को क्षेत्रफल ०-५-२-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२. बलभद्र भट्टराईको नाती, कृष्णप्रसाद भट्टराईको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.९ बस्ने राम प्रसाद भट्टराईको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुर को लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, बालकोट गा.वि.स. वडा नं. ७ (हाल सूर्यविनायक न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३७ र ७०४ को क्षेत्रफल क्रमश: ०-३-३-० र ०-१-१-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३. कालिदेवी एकिकृत कृषि फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

३) **१) ऋणी फर्म: सहयोगी स: मिल उद्योग**, प्रोप्राईटर तथा जमानीकर्ता: सुरेश मल्ल
दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय धादिङमा प्रा.फ.र.नं. २१६७/०६५/०६६, दर्ता मिति: २०६५/०८/२३, ठेगाना: जिल्ला धादिङ, जोगिमारा गा.वि.स. वडा नं. ९

२) ऋणी फर्म: मल्ल कृषि तथा पशुपन्छी फर्म, प्रोप्राईटर तथा जमानीकर्ता: सुरेश मल्ल
दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, धादिङमा प्रा.फ.र.नं. ३८३०/०७१/०७२, दर्ता मिति: २०७१/०९/०६, ठेगाना: जिल्ला धादिङ, जोगिमारा गा.वि.स. वडा नं. ६

३) ऋणी: सुरेश मल्ल
ठेगाना: धादिङ जिल्ला, जोगीमारा गा.वि.स. वडा नं. ९, बाबु: टंक बहादुर मल्ल, बाजे: दिर्घ बहादुर मल्ल ठकुरी

धितोको विवरण
१) दिर्घ बहादुरको नाति, टंक बहादुरको छोरा, धादिङ जिल्ला, जोगीमारा गा.वि.स. वडा नं. ९ बस्ने सुरेश मल्लको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, जोगिमारा गा.वि.स. वडा नं. ६ ख (हाल बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ९) स्थित कित्ता नं. १६५ को क्षेत्रफल ६-११-१-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) नन्द बहादुरको नाति, दिर्घ बहादुर को छोरा, धादिङ जिल्ला, बेनीघाट रोराङ्ग गा.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, जोगीमारा गा.वि.स. वडा नं. ९ बस्ने टंक बहादुर मल्ल ठकुरीको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, जोगिमारा गा.वि.स. वडा नं. ६ ख (हाल बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ९) स्थित कित्ता नं. ७१ को क्षेत्रफल १-१४-३-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) सहयोगी स: मिल उद्योग र मल्ल कृषि तथा पशुपन्छी फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

४) **ऋणी कम्पनी: जल विनायक विजनेस लिंक प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: वेद बहादुर मगर
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: ११७३०३/०७०/०७१, दर्ता मिति २०७०/०८/०७, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३५

धितोको विवरण
१) नर बहादुर सिंदालीको नाती, डम्बर बहादुर सिंदालीको छोरा, रामेछाप जिल्ला, गोठगाउँ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६, खरीबोट बस्ने वेद बहादुर मगरको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, चापागाउँ गा.वि.स. वडा नं. ५ क (हाल गोदावरी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ६२० को क्षेत्रफल ३१७.९० (ब.मि) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) जल विनायक विजनेस लिंक प्रा. लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

५) **ऋणी फर्म: एस.एस.वि. फेशन टेलर्स**, संचालक तथा जमानीकर्ता: विक्रम कुमार दमाई
दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ५२०, दर्ता मिति २०७६/०४/१४, ठेगाना: जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा नं. ८

धितोको विवरण
१) लाल बहादुर श्रेष्ठकी छोरी, छठ बहादुर दमाईकी बुहारी, विक्रम कुमार दमाईकी पत्नी, सर्लाही जिल्ला, वरहथवा गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ०८ बस्ने प्रमिला कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, भोटेचौर गा.वि.स.वडा नं. ७ (हाल मेलम्ची न.पा. वडा नं. २) स्थित कित्ता नं. ४५५ र ४५६ को क्षेत्रफल क्रमश: ८६४.४६ र ५७४.३२ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) एस.एस.वि. फेशन टेलर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

६) **ऋणी: छवि लाल कालिकोटे**
स्थायी ठेगाना: रामेछाप जिल्ला, रामेछाप न.पा. वडा नं. ९, हालको ठेगाना: काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. ३
बाबु: तेज बहादुर कामी, बाजे: काले कामी

धितोको विवरण
काले कामीको नाति, तेज बहादुर कामीको छोरा, रामेछाप जिल्ला, रामेछाप न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. ३ बस्ने छवि लाल कालिकोटेको नाममा मालपोत कार्यालय सिन्धुलीको लगतमा दर्ता कायम रहेको सिन्धुली जिल्ला, भुवनेश्वरी गा.वि.स. वडा नं. ३ ग (हाल गोलन्जोर गा.पा. वडा नं. ३) स्थित कित्ता नं. २६५ र २६७ को क्षेत्रफल क्रमश: ०-४-०-० र ०-१-०-० (रोपनी) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

७) **१) ऋणी फर्म: रोयल लेडिज सुज गार्डेन**, प्रोप्राईटर तथा जमानीकर्ता: सुशील कुमार जोशी
दर्ता नं.: वाणिज्य विभाग, फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखा प्रा.फ.र.नं १३३३०२/०७३/७४, दर्ता मिति २०७३/११/०४, ठेगाना: जिल्ला ललितपुर, महालक्ष्मी न.पा. वडा नं. ६

२) ऋणी फर्म: वाक एण्ड वाक लेडिज एण्ड जेन्स कलेक्सन, प्रोप्राईटर तथा जमानीकर्ता: रवि प्रकाश जोशी
दर्ता नं.: वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा प्रा.फ.र.नं. १५३४००/०७६/०७७, दर्ता मिति २०७६/१०/०९, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १२

३) ऋणी: रवि प्रकाश जोशी
स्थायी ठेगाना: बाँके जिल्ला, मनिकापुर गा.वि.स वडा नं. ३, हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८, बाबु: सुरज प्रसाद जोशी, बाजे: रुद्र प्रसाद जोशी

धितोको विवरण
१) रुद्र प्रसाद जोशीको नाति, सुरज प्रसाद जोशीको छोरा, बाँके जिल्ला, मनिकापुर गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई (हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८) बस्ने रवि प्रकाश जोशीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुर को लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, लुभू गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कित्ता नं. २५८३ र २५९१ को क्षेत्रफल क्रमश: ९९.३६ र १९.८७ (ब.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) रोयल लेडिज सुज गार्डेन र वाक एण्ड वाक लेडिज एण्ड जेन्स कलेक्सनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

कर्जाको किसिम: महिला उद्यमशील कर्जा
४) ऋणी: बन्दना भारती
स्थायी ठेगाना: ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. २१, हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८
बाबु: राजेन्द्र भारती, ससुरा: सुरज प्रसाद जोशी, पति: सुनिल कुमार जोसी

जमानीकर्ताहरु: १) रवि प्रकाश जोशी, स्थायी ठेगाना: बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ३, हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८, बाबु: सुरज प्रसाद जोशी, बाजे: रुद्र प्रसाद जोशी, **२) सविता पौडेल खत्री (जोशी)**, स्थायी ठेगाना: बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ३, हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८, बाबु: जनक पौडेल खत्री, पति: रवि प्रकाश जोशी, ससुरा: सुरज प्रसाद जोशी, **३) सुनिल कुमार जोसी**, स्थायी ठेगाना: बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ३, हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८, बाबु: सुरज प्रसाद जोशी, बाजे: रुद्र प्रसाद जोशी, **४) सुशील कुमार जोशी**, स्थायी ठेगाना: बाँके जिल्ला, मनिकापुर गा.वि.स. वडा नं. ३, हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ८, बाबु: सुरज प्रसाद जोशी, बाजे: रुद्र प्रसाद जोशी

८) **ऋणी:सन्तोष पौडेल**, स्थायी ठेगाना : नवलपरासी जिल्ला, प्रगतीनगर गाउँ पञ्चायत वडा नं. १, हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १३, बाबु : राम कृष्ण पौडेल, बाजे : नन्द लाल पौडेल

धितोको विवरण
सवारी मोडल: DATSUN Redi- GOT(O) | च्यासिस नं.: MDHFBACDOG8310724 | इन्जिन नं.: E093799 |
सवारी दर्ता नं.: बा १५ च ९२५०

फिदिम र फुङलिङमा एभरेष्ट बैंकका शाखा



काठमाडौं/ एभरेष्ट बैंकले कोशी प्रदेशका पहाडी जिल्लामा दुई शाखा सञ्चालनमा ल्याएको छ। बैंकले ग्राहकलाई अत्याधुनिक र विश्वासिलो बैंकिङ सेवा-सुविधा उपलब्ध गराउने गरी पाँचथरको फिदिममा र ताप्लेजुङको फुङलिङमा शाखा सञ्चालनमा ल्याएको हो। बैंकले ८ फागुनमा फिदिम नगरपालिका वडा नं १ मा १३०औं र ९ फागुनमा फुङलिङ नगरपालिका वडा नं ४ मा १३१औं शाखाको औपचारिक उद्घाटन गरेको छ।

दुवै शाखाको उद्घाटन समारोहमा बैंकका तर्फबाट सञ्चालक किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत विजयकुमार शर्मा र कोशी प्रदेशका प्रमुख सुधीर गौतमका साथै फिदिम शाखामा फिदिम नगरपालिकाका प्रमुख मित्रप्रसाद काफ्ले र फुङलिङमा सोही नगरपालिकाका प्रमुख अमिर मादेनलगायतको उपस्थिति थियो। फिदिम र फुङलिङमा शाखा सञ्चालनमा आएसँगै बैंकले पाँचथर र ताप्लेजुङ जिल्लाका नागरिकलाई सरल, सहज र प्रविधिमैत्री सेवा दिने प्रतिबद्धता जनाएको छ।

शाखा सञ्चालन गरेसँगै ती क्षेत्रको आर्थिक गतिविधिमा थप योगदान पुग्न गई समग्र आर्थिक विकासमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ। साथै, आगामी दिनमा बैंक पुग्न नसकेको तथा वित्तीय पहुँचबाट बाहिर रहेका अन्य स्थानमा समेत शाखा विस्तार गर्दै जाने योजना रहेको बैंकले जनाएको छ।

बैंकले देशभरका एक सय ३१ शाखा सञ्जाल, चार एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक सय ६७ एटिएमबाट वित्तीय सेवा दिँदै आइरहेको छ।

१५ फागुनदेखि 'नेपाल लिटरेचर फेस्टिभल'

काठमाडौं/ नेपाली कला, साहित्य र संस्कृतिलाई जगेर्ना एवं प्रवर्द्धन गर्ने उद्देश्यसहित पर्यटकीय नगरी पोखरामा १२औं संस्करणको नेपाल लिटरेचर फेस्टिभल हुने भएको छ। एनसेल फाउन्डेसन प्रमुख प्रस्तुतकर्ता रहेको फेस्टिभल १५ देखि १८ फागुनसम्म फेवा-किनार, बाराहीघाटमा हुने आयोजक बुकवर्म फाउन्डेसन नेपालले जनाएको छ।
बुद्ध एयरले संवर्द्धन गर्ने फेस्टिभलमा पोखरा महानगरपालिका प्रवर्द्धक, गण्डकी प्रदेश सरकार सहप्रवर्द्धक रहेको छ। उपप्रवर्द्धकका रूपमा नेपाल पर्यटन बोर्ड, कृषि विकास बैंक, ग्लोबल आइएमई बैंक र प्रभु बैंक रहेका छन्। चारदिने फेस्टिभलको उद्घाटन नेपाल सरकारका सूचना तथा सञ्चार प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले गर्नेछन्। फेस्टिभलमा देश-विदेशका साहित्यकार, राजनीतिज्ञ, लेखक, कलाकार, पत्रकार, सम्पादक एवं विशिष्ट व्यक्तित्वहरू गरी दुई सयभन्दा बढी व्यक्तित्व उपस्थित हुने फेस्टिभल आयोजक सदस्य केशवशरण लामिछानेले जानकारी दिए। फेस्टिभलमा साहित्यसँग जोडिएका सामाजिक, राजनीतिक, आर्थिक, नवीन प्रविधि, सिनेमालगायत रचनात्मक कार्यक्रमहरू गरी ५० भन्दा बढी सेसन रहनेछन्।

फेवा नववर्ष महोत्सव ३० चैतदेखि

कास्की/ फेवा नववर्ष महोत्सवको २०औं संस्करण ३० चैतदेखि हुने भएको छ। पर्यटन, नेपाली कला-संस्कृति र खाना प्रवर्द्धनका साथै मानवीय अतिक्रमणमा परेको फेवाताल संरक्षणको जनचेतना फैलाउने उद्देश्यसहित फेवा नववर्ष महोत्सव ३० चैतदेखि हुन लागेको हो। अंग्रेजी नयाँ वर्षजस्तै नेपाली नयाँ वर्षलाई पनि उत्तिकै महत्त्व दिएर मनाउन लागिएको होटेल संघ पोखरा नेपालले जनाएको छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, पोखरा महानगरपालिकालगायतको सहयोगमा आयोजना हुन लागेको महोत्सव १ वैशाख ०८२ सम्म चल्नेछ।

आयोजक संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीका अनुसार फेवाताल किनारको ड्यामसाइड चोकदेखि लेकसाइडको गैरा चौतारासम्म तीन किलोमिटर क्षेत्रमा हुने महोत्सव अवधिभर त्यस क्षेत्रमा सञ्चालित होटेल तथा रेस्टुरेन्टले आफ्नो भान्सा सडकमै राख्ने र त्यहींबाट पर्यटकलाई सेवा दिनेछन्।

संस्कृती पर्यटन तथा नागरिक उड्यन मन्त्रालय
तारा गाउँ विकास समिति
मध्य-बानेश्वर काठमाडौं

घर भाडामा लिने सम्वन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८१/११/११

यस समितिलाई बबरमहल तथा अनामनगर आसपास क्षेत्रमा कार्यलयको लागी ४ वटा गाडी १२ वटासम्म मोटरसाइकल पार्किङ्ग सहित सम्पुर्ण सुविधासम्पन्न घर आवश्यक भएकाले इच्छुक घरधनिले समितिको केन्द्रिय कार्यालयमा आफ्नो प्रस्ताव सहित आवेदनको लागि यो ७(सात) दिने सूचना प्रकाशित गरिएको छ।

सम्पर्क नं. : ०१५१७२०२३

Government of Nepal
Ministry of Finance
Inland Revenue Department
INLAND REVENUE OFFICE, HETAUDA
Invitation for Bids (IFB)

Notice No: 01/081/82, First Date of Publication: B.S. 2081/11/11 (23th February,2025)

1. **Inland Revenue Office, Hetauda** invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding (NCB). Bidding is open to all eligible Nepalese Bidders.

Contract No	Description of Works	Bid Security Amount (Nrs)	Bid document Price (Nrs)	Remarks
IRO/HETAUDA/ NCB/WORKS/ 01/081/082	Construction of Residential Quarter Building of Inland Revenue Office, Hetauda, Makawanpur.	1,600,000	5,000	Single Stage- Double Envelope Bidding Procedures

2. Complete Set of Bidding Documents with detailed information may be downloaded from the PPMO's E-Portal – www.bolpatra.gov.np/egp (e GP II). **Information to deposit the cost of bidding document in Bank**: **a.** Name of Bank: Rastriya banijya bank **b**. Name of Office: IRO, Hetauda **c.** Office Code: 305043201 **d.** Office Revenue Account No: 1000200010000 **e.** Revenue Head No: 14229. Electronic Bid must be submitted on or before 12:00 hours on 2081/12/12 (25th March, 2025). The Bids will be electronically opened at 13:00 hours on 2081/12/12 (25th March, 2025).

९) **ऋणी: पुस्कर पोखे्रल**
स्थायी ठेगाना: अर्घाखाचीँ जिल्ला, सिद्धारा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म. न.पा. वडा नं. ४, नख्खु, बाबु: तारापति पोखे्रल, बाजे: लालमनि पोखे्रल

धितोको विवरण
लालमणि पोखे्रलको नाति, तारापति पोखे्रलको छोरा, अर्घाखाचीँ जिल्ला, सिद्धारा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म. न.पा. वडा नं. ४, नख्खु बस्ने पुस्कर पोखे्रलको नाममा मालपोत कार्यालय मनमैंजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, धर्मस्थली गा.वि.स. वडा नं. ९/९ग (हाल तार्केश्वर न.पा. वडा नं. ६) स्थित कित्ता नं. १६८ को क्षेत्रफल ०-३-३-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

१०) **१) ऋणी: गोरखनाथ ट्रेडिङ प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: पुरुषोतम सिलवाल
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३८०८९/०७७/०७८, दर्ता मिति: २०७७/०४/०४, ठेगाना: जिल्ला ललितपुर, गोदावरी न.पा. वडा नं. १०

धितोको विवरण
१) कृष्ण बहादुर सिलवालको नाती, ठाकुर प्रसाद सिलवालको छोरा, काठमाडौं जिल्ला, कोटेश्वर गा.पं. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला बस्ने पुरुषोतम सिलवालको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, पांगा बालकुमारी गा.वि.स. वडा नं. ४ क (हाल किर्तिपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७३२ र ७३८ को क्षेत्रफल क्रमश: ०-६-३-० र ०-२-१-० (रोपनी) को जग्गा र मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ४ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९ को क्षेत्रफल २६०.३० (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) सवारी मोडल: PRO1055 C DSD MINI TRUCK, च्यासिस नं.: MC2B6CRC0LL475886, ईन्जिन नं.: E413CDLL332601, दर्ता नं.: प्र ३ -०१-००३ क ७४९१
३) गोरखनाथ ट्रेडिङ प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२) ऋणी: पुरुषोतम सिलवाल
स्थायी ठेगाना: काठमाडौं जिल्ला, कोटेश्वर गा.पं. वडा नं. ३, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३५, पेप्सीकोला, बाबु: ठाकुर प्रसाद सिलवाल, बाजे: कृष्ण बहादुर सिलवाल

धितोको विवरण
सवारी मोडल: Maruti Suzuki Baleno Delta, च्यासिस नं.: MA3EWB22SGF192780, ईन्जिन नं.: K12MN-4166479, दर्ता नं.: बा १५ च ४८२३

नोट: ऋणी तथा संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

नेपाल सुपर लिग

आठ खेलाडी सर्वाधिक मूल्यमा बिक्री

मिनी अक्सनमा नेपाली गोलकिपर र फरवार्डप्रति सहभागी सात टिमको अविश्वास, ६० मध्ये १६ खेलाडी बिकेनन्



टिमको खर्च

ललितपुर सिटी एफसी
खर्च – २२ लाख २५ हजार
घाटा– २५ हजार

बुटवल लुम्बिनी
खर्च – १७ लाख ५० हजार
बचाउ– चार लाख ५० हजार

एफसी चितवन
खर्च– २१ लाख ५० हजार
बचाउ– ५० हजार

पोखरा थन्डर्स
खर्च– १७ लाख ७५ हजार
बचाउ– चार लाख २५ हजार

काठमाडौं रेजर्स
खर्च– २१ लाख ५० हजार
बचाउ– ५० हजार

धनगढी एफसी
खर्च– १९ लाख ९० हजार
बचाउ– २ लाख १० हजार

झापा एफसी
खर्च– १९ लाख ५० हजार
बचाउ– २ लाख ५० हजार

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल सुपर लिग (एनएसएल)को तेस्रो संस्करणको मिनी अक्सनमा आठजना खेलाडीलाई सबैभन्दा अधिकतम बोली लागेको छ। शनिबार ललितपुरमा भएको अक्सनको क्याटेगोरी 'ए'का मणिकुमार लामा, दिनेश हेन्जन, पासाङ लामा, आशिष गुरुङ, अभिषेक लिम्बू, जिलेस्पीजंग कार्की, सुमित श्रेष्ठ र सन्तोष खत्रीलाई सहभागी सात टिमले सर्वाधिक चार लाख खर्च गरेका हुन्। पासाङ लामाबाहेक सबै खेलाडीलाई एकभन्दा बढी टिमले मूल्य लगाएका थिए। सुमितलाई सर्वाधिक पाँच टोलीले बोली लगाएका हुन्। उनीहरू गोलाप्रथाबाट फरक टिममा पुगेका थिए।

अक्सनमा सहभागी टिमले बढीमा २२ लाख खर्च गर्न पाउने नियम छ। तर, त्यसभन्दा २५ हजार धेरै खर्च गरेको ललितपुरले जरिवाना तिर्नुपर्ने भएको छ। त्यस्तै, दुई लाख २५ हजारमाथि बचाउ गरेका झापा, बुटवल लुम्बिनी र पोखरा पनि जरिवानामा परेका छन्। यता, मिनी अक्सनमा गोलकिपर र स्ट्राइकरलाई क्लबले विश्वास नै गरेनन्। उनीहरू विदेशी खेलाडी लिनेमा विश्वस्त देखिन्थे। जम्मा ६० मध्ये पहिलो चरणमा २१ खेलाडी अनसोल्ड रहे। दोस्रो चरणमा विस लिस्टबाट पाँच खेलाडी बिक्री भए।

नेपाल स्पोर्टस् इभेन्ट एन्ड म्यानेजमेन्ट कम्पनीले 'ए' क्याटेगोरीमा १५ र 'बी'मा ४४ खेलाडी समावेश गरेको थियो। यस्तो अवस्थामा सहभागी टिमलाई खेलाडी किन्नैपर्ने बाध्यकारी अवस्था सिर्जना भएको थियो। यसअघि नै एनएसएल खेलेका युवा तथा सहिद स्मारक 'बी' डिभिजन लिग खेल्न विभिन्न क्लब अनुबन्ध भएका दुई दर्जनभन्दा बढी खेलाडी अक्सनमा सहभागी भएनन्। पहिलो संस्करण धनगढी एफसीमा कप्तान रहेका गोलकिपर किरणकुमार लिम्बूले नाम फिर्ता लिए। विनाजानकारी नाम समावेश गरेको भन्दै उनले असन्तुष्ट जनाएपछि आयोजकले नाम फिर्ता लिएको हो।

अक्सनमा क्याटेगोरी 'ए'मा रहेका खेलाडीको बेस प्राइस दुई लाख र अधिकतम चार लाखसम्म थियो। त्यसमा यी खेलाडीलाई अधिकतम बोली लागेको थियो। क्याटेगोरी 'बी'मा रहेका खेलाडीको बेस प्राइज एक लाख ५० हजार र अधिकतम मूल्य दुई लाख थियो।

सहभागी टिम र खेलाडी

ललितपुर सिटी एफसी

मार्की – अनन्त तामाङ
रिटेन – सनिश श्रेष्ठ (ए), आदित्य शाक्य (बी)
क्याटेगोरी ए – मणिकुमार लामा, सन्तोष खत्री
क्याटेगोरी बी – सुदीप गुरुङ, योगेश गुरुङ, नवीन लामा, अभिषेक वाइबा, समित श्रेष्ठ

काठमाडौं रेजर्स

मार्की – रोहन कार्की
रिटेन– दिपेश गुरुङ (ए), कुलदीप कार्की (बी) अभिषेक बराल (बी)
क्याटेगोरी ए – दिनेश हेन्जन, जिलेस्पीजंग कार्की
क्याटेगोरी बी – आशिष चापागाईं, कमल श्रेष्ठ दिवाकर चौधरी, अन्जल महर्जन

धनगढी एफसी

मार्की – कृतिशरत्न छुन्जू
रिटेन – देवेन्द्र तामाङ (ए), रनदीप पौडेल (बी) रामचन्द्र वाजी (बी)
क्याटेगोरी ए – पासाङ लामा, विवेक पौडेल
क्याटेगोरी बी – जर्ज प्रिन्स कार्की, प्रशान्त लक्षम अशोक खवास, जियारथ सेख

पोखरा थन्डर्स

मार्की – समीर तामाङ
रिटेन : आयुष घलान (ए), पदम भट्टराई (बी),
क्याटेगोरी ए – सुरजज्यू ठकुरी, एनआरएन (१),
क्याटेगोरी बी– राम थापा, चन्दन दास, विशाल तामाङ, कृशल मोक्तान, एकराज बुढाथोकी

एफसी चितवन

मार्की – अन्जन विष्ट
रिटेन – विशाल श्रेष्ठ (ए), छिरिङ गुरुङ (बी) रोशन राना मगर (बी)
क्याटेगोरी ए – अभिषेक लिम्बू, सुमित श्रेष्ठ
क्याटेगोरी बी – मिलन राई, शिशिर लेखी, जय गुरुङ, नीरज चौधरी

बुटवल लुम्बिनी एफसी

मार्की – मनीष डाँगी
रिटेन – एरिक विष्ट (ए), सरोज तामाङ (बी) निराजन धामी (बी)
क्याटेगोरी ए – प्रदीप लामा, दीप कार्की
क्याटेगोरी बी – फत्तेमान घले, विमल पाण्डे टिकेन्द्र थापा, सन्दीप कार्की

झापा एफसी

मार्की – लाकेन लिम्बू
रिटेन – छिरिङ लामा (ए)
क्याटेगोरी ए – आशिष गुरुङ, एनआरएन (१)
क्याटेगोरी बी – अभिनाश स्याङ्ता, दिपेश धिमाल अन्जल श्रेष्ठ, रोशन पहारी, दिपेन्द्र विक, उज्ज्वल राई

अनसोल्ड भएका १६ खेलाडी

गोलकिपर : विकेश कुथ, विशाल सुनार, शत्रुघन चौधरी, पुजन होना
डिफेन्डर: निर्मल बल, विक्रम तामाङ,
मिडफिल्डर : हरि कार्की, लक्षु थापा, अनिल भोम्जन, आशिष राई
स्ट्राइकर : नवयुग श्रेष्ठ, राजीव लोप्चन, भरत खवास, युवराज खड्का, रेजिन सुब्बा, राजेश परियार

'बी' डिभिजन लिगको तयारी गरिरहेको झापाको सानदार जित

झापामा चिरञ्जीवी घिमिरे



सहिद स्मारक 'बी' डिभिजन लिगको तयारी गरिरहेको झापा ११ फुटबल क्लबले सहिद स्मारक 'ए' डिभिजन क्लबको च्याम्पियन चर्च ब्वाइज युनाइटेडलाई २-१ ले हराएको छ। शनिबार मेची रंगशालामा भएको भइरहेको भद्रपुर झापा गोल्डकपको क्वार्टर फाइनलमा झापाले चर्च ब्वाइजलाई पराजित गर्दै लिगको तयारी उत्कृष्ट रहेको सन्देश दिएको छ। सेमिफाइनलमा पुग्ने क्रममा झापालाई जिताउन एरोन थापा र कप्तान पेमा तामाङले समान एक-एक गोल गरे।

चर्च ब्वाइजको तर्फबाट विक्रम धिमालले एक गोल फर्काए। दोस्रो संस्करणमा सेमिफाइनलमा प्रवेश गर्ने झापा दोस्रो टिम बन्यो। यसअघि आयोजक भद्रपुर ब्लेजर्स पनि अन्तिम चारमा स्थान बनाएको छ। झापाले चर्च ब्वाइजलाई पछिल्लो एक महिनामा दोस्रोपटक हराएको हो।

८ माघमा भारतको सिक्किममा भएको १० औं अल इन्डिया चिफ मिनिस्टर गोल्डकपको फाइनलमा पनि झापाले चर्च ब्वाइजलाई हराउँदै २० लाख भारतीय रुपैयाँ हात पारेको थियो। आइतबारको तेस्रो क्वार्टरफाइनलमा न्युरोड टिम (एनआरटी) र बंगलादेशको काउरन बाजार प्रगति संघबिच खेल हुनेछ।

लिगअघि लयमा झापा

सहिद स्मारक बी डिभिजन लिग खेल्ने तयारीमा रहेको झापा पछिल्लो समय उत्कृष्ट लयमा देखिएको छ। बी डिभिजनको तयारीस्वरूप खेलिरहेको झापाले उत्कृष्ट प्रदर्शन गर्दै आइरहेको छ। झापाले भद्रपुरमै लिग च्याम्पियन चर्च ब्वाइज र उपविजेता मच्छिन्द्रलाई पराजित गरिसकेको छ। कुनै समयको मोफसलको सर्वाधिक सफल क्लब झापा-११ केही सयम सुस्ताएको थियो। तर, पछिल्लो समय झापाले पुनः आफ्नो पुरानो विरासत फर्काउने लक्षण देखाएको छ। बी डिभिजनका लागि तयार पारिएको 'सेट' टिमले पछिल्लो समय निकै राम्रो खेल प्रदर्शन गर्दै आएको छ।

उपाधिका लागि साबिक विजेता मच्छिन्द्र र चर्च ब्वाइज भिड्ने

मकवानपुर/ साविक विजेता मच्छिन्द्र फुटबल क्लब र चर्च ब्वाइज युनाइटेड मकवानपुरमा चलिरहेको बागमती गोल्डकप प्रतियोगिताको उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन्। शनिबार मच्छिन्द्रले थ्री स्टारलाई ३-१ ले हराउँदै फाइनलमा चर्च ब्वाइजसँग भेट पक्का गरेको हो। शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा विभागीय टोलि एपिएफलाई हराउँदै चर्च ब्वाइजले फाइनलमा स्थान बनाइसकेको छ। पहिलो सहभागितामै फाइनलमा स्थान बनाउने क्रममा चर्च ब्वाइजले एपिएफलाई ३-१ गोलले हरायो।

मच्छिन्द्रको जितमा शिशिर लेखी, समिराज थोकर र विदेशी खेलाडी स्टेफेनले समान एक गोल गरे। थ्री स्टारका विदेशी खेलाडी एलेक्स विलियम्सले एक गोल गरे। खेलको ३७औं मिनेटमा विदेशी खेलाडी एलेक्सको गोलबाट थ्री स्टारले अग्रता बनाएको थियो। तर, सम्हालिएर खेल्न नसक्दा थ्री स्टार सेमिफाइनलबाटै बाहिरियो। एक गोलले पछिपरेको मच्छिन्द्रका खेलाडीहरूले संयमित भएर खेले। ४२औं मिनेटमा विंगर शिशिर लेखीले गोल गरे। खेलको ५१औं मिनेटमा समिराज थोकर र ८२औं मिनेटमा विदेशी खेलाडी स्टेफेनले गोल गर्दै टिमलाई जित दिलाएका हुन्। खेलको म्यान अफ द म्याच मच्छिन्द्रका देवेन्द्र तामाङ घोषित भए। उनले नगद १० हजार रुपैयाँ पाएका छन्। सोमबार हुने फाइनल खेलको विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन्। यस्तै, प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई एक लाख एक हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५-२५ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate

Infrastructure Development Office, Saptari

Invitation for Bidders

(IFB No.: 07/2081/82/IDO/Saptari)

Date of Publication: 2081/11/11 (23rd February, 2025)

1. **Infrastructure Development Office (IDO), Saptari**, invites open competitive biddings (Electronics bid only) from Eligible Bidders for the following works under NCB Procedure. Only eligible bidders should participate in this bidding:

S. N.	Contract Number	Description and location of work	Estimate Amount in NRs. (Exclusive PS & VAT)	Bid Security Amount (NRs.)	Bid Security Validity Period	Price of Bid Document (NRs.)	Remarks
1	IDO/Saptari/ Works/NCB/31-081/82	Construction of Veterinary Hospital Building within the premises of shree La.Wa. Na. U. Ma. Vi., Tilathi Koiladi Rural municipality, Saptari	63,46,062.28	1,80,000/-	120 days from deadline of bid submission	3,000/-	
2	IDO/Saptari/ Works/NCB/32-081/82	Construction of RCC Road and Drain from Jay Karan Adhikari's house to Bijay Adhikari's house in Mahadeva -2/ Construction of RCC Road and Drain from Lalit Majhi's house to Thalaha Road in Mahadeva-2/ Construction of Library in Mahadeva-2	6,232,651.66	1,80,000/-	120 days from deadline of bid submission	3,000/-	
3	IDO/Saptari/ Works/NCB/33-081/82	Construction of RCC Road from Dhirendra Shah's house to Shiva Chowk in Mahadeva -4 / Construction of RCC Road from Gram Devta School to Birju Kamait' s house in Mahadeva -4.	6,290,029.98	1,80,000/-	120 days from deadline of bid submission	3,000/-	
4	IDO/Saptari/ Works/NCB/34-081/82	Upgrading Works of Radha Krishna Mandir in Tilathi Koiladi-01/ Construction of Retainig Wall and RCC Road at Sambodh Jha's house in Tilathi Koiladi-01/Construction of RCC Road and Drain in Tilathi Koiladi-01/ Upgrading Works of Kamait Toles's Temple in Tilathi Koiladi-01	8,399,934.18	2,40,000/-	120 days from deadline of bid submission	3,000/-	
5	IDO/Saptari/ Works/NCB/35-081/82	Saptari, Tirhut N.P. - 5 Ram Narayan Mahela's house to Sohhara Dah RCC Casting and wall construction work - 25/ From Tirhutnath Babathan to Sadan Tole Main road RCC Casting -50	6,363,744.74	1,80,000/-	120 days from deadline of bid submission	3,000/-	
6	IDO/Saptari/ Works/NCB/36-081/82	Construction of Smart Hall and Boundary Wall within premises of Dihabar Than, Tirhut Municipality-4/ Construction of Drain and Road from Upendra Yadav Home to Nathhu Pokhari, Tirhut Municipality-4	63,44,132.23	1,80,000/-	120 days from deadline of bid submission	3,000/-	

2. **Date of Purchasing, Submission & Opening of Bids**

Deadline of Bid Purchasing	Deadline of Bid Submission	Date of Bid Opening	Employer's Bank Account for Purchasing Bid Document	Employer's Bank Account Details for Bid Security Cash Deposit
On or Before 25th Mar, 2025 (2081-12-11) Till 12:00 hours	On or Before 25th Mar, 2025 (2081-12-11) Till 12:00 hours	On 25th Mar, 2025 (2081-12-11) at 13:00 hours	Rastriya Banijya Bank, Saptari Office Code No: - 3370115012 Account no: - 1000100200010000	**Rastriya Banijya Bank, Saptari** Office Code No: - 3370115012 Account no: - 2130100000123001

3. A complete set of Bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. For detail information eligible bidders may visit the IDO, Rajbiraj, Saptari (Contact no. 9852827525).
4. All the rights to accept or reject the bids are reserved to IDO, Rajbiraj, Saptari without specifying any reasons if any.

Office Chief

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com